मानवका लागि मानवअधिकार
मानवअधिकारका लागि उपयुक्त संस्कृति

ग्राफी

संचेतना द्वैमासिक

पूर्णाङ्क २१, माघ-फाल्गुन २०५६



नेपालमा मृत्युदण्ड कायम छ या छैन ?

कमैया प्रथा : मानवीय मूल्यमाथिको गम्भीर चुनौती

मानवअधिकार विश्व घोषणा पत्र पचास वर्षको आरोह अवरोह

मानवका लागि मानवअधिकार,
मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष ५, अंक ६, माघ ०५४ / जनवरी १९९८

सर्वाधिक महत्वको दस्तावेज / प्रस्तुति २
संसारको खोजी / गोविन्द वर्तमान ३
पचास वर्षका आरोह र अवरोहरु / मुकुन्द कट्टेल ४
मानवअधिकार घोषणापत्रका पाँच दशक / सुशील प्याकुरेल १२
घोषणापत्रका पचास वर्ष / माधव पन्थी १४
भोज / खगेन्द्र संग्रौला १६
मानवीय मूल्य माथि गम्भीर चुनौति १९
फेरि पनि आयो "माघी" / सूर्यप्रकाश भट्टराई २२
जहाँ महिलालाई मताधिकार छैन / लेखनाथ भण्डारी २५
ग्रामीण इलाकामा वाल अधिकार / प्रकाश ज्वाला २७
वाल श्रम विरुद्ध .. / कृष्ण उपाध्याय २८
पहिलो दशक / कुन्दन अर्याल ३०
नेपालमा मृत्युदण्ड ...// सूर्य थापा ३१
इन्सेकको दश वर्ष ...//देविका तिमिल्सिना ३७
बोकाहरुले बिकी हुन पाउनै पर्छ / नरनाथ लुइँटेल ४०

संस्थापक : सुशील-प्रकाश

सल्लाहकार :
सुशील प्याकुरेल / डा. राजेश गौतम / कुन्दन अर्याल

सम्पादन : नरनाथ लुइँटेल / देविका तिमिल्सिना

आवरण : महेन्द्र श्रेष्ठ / किरण माली

ले-आउट : गोविन्द त्रिपाठी

व्यवस्थापन : समीर नेपाल

यस अंकका सहयोगीहरु :
मुकुन्द कट्टेल, प्रकाश ज्वाली, गीता माली, नवराज भट्ट

आवरण फोटो : संयुक्त राष्ट्र संघीय भवन
साभार : द वर्ल्ड इन्साइक्लोपेडीया

मुद्रक : इन्द्रेणी अफसेट, वागबजार

पत्राचार :
पत्र मञ्जुषा २७२६, काठमाडौं
टेलिफोन - २७०७७०/२७८७७०
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

सन्दर्भ : मानवअधिकारको विश्व्यापी घोषणापत्रको पचास वर्ष - विशेष



- असंख्य मानव चिहानमाथि रहेको छ संयुक्त राष्ट्र संघको विरासत : **मुकुन्द कट्टेल**
- संयुक्त राष्ट्र संघको प्रमुख काम भनेको मानवअधिकार कार्यक्रमको विस्तार गर्नु र यसलाई संगठनका तमाम कार्यक्रमहरूसंग एकीकृत गर्नु हो : **क्यारोल लङ**
- आर्थिक रूपले विपन्न, सामाजिक रूपले उत्पीडितहरूको कुरा गर्ने हो भने ठूलठूला समस्याहरू समाधान हुन बाँकी नै छ। मानवअधिकार कर्मीहरूको ध्यान यसतर्फ आकृष्ट भएको छ र राजनीतिक दलहरूको ध्यानाकृष्ट गर्ने तर्फ लागि रहेका छौं : **पद्मरत्न तुलाधर**
- जस्तो कि हामीहरूले यातना दिएका छैनौं भनेर विभिन्न समूहहरू, प्रेसका व्यक्तिहरूलाई खुल्लेआम निरीक्षण गर्न दिइयो भने त्यस्तो निरीक्षणको लागि कुनै आपत्ती नहुनु पर्ने थियो। तर यो परम्परागत शैलीको धङधङे को कारणले होला, त्यसो हुन सकेको छैन : **तिर्थमान शाक्य**
- कतिपय जिल्लाहरूमा कमैया प्रथा कायम छ। त्यसैगरी देशका जेलहरूको अवस्था पनि दयनीय छ। वाल श्रम व्यापक छ। शिक्षाको अधिकार भनिएता पनि कतिपय ग्रामीण वालवालिकाहरू शिक्षाबाट बंचित छन् : **बलराम के.सी.**

वर्तमान नेपालको मानवअधिकार आन्दोलनका मुद्दाहरु

- कमैया प्रथा, राजनैतिक अपराधीकरण, जातीय छुवाछूत, आर्थिक विपन्नता र श्रम माथिको शोषण हो : **सुशील प्याकुरेल**

कमैया प्रथा

- मानवीय मूल्य माथि गम्भीर चुनौती / फेरि पनि आयो "माघी" : **सूर्यप्रकाश भट्टराई**

नेपालकै एउटा गाउँ : जहाँ महिलाहरू मताधिकारबाट बंचित छन्

प्रजातन्त्रको पुनर्स्थापना पछि नेपालको इतिहासमा नै पहिलो पटक देशभरिमा करीब ४० हजार महिलाहरू स्थानीय निर्वाचनमा निर्वाचित पनि भए तर विडम्बना त्यसरी नै निर्वाचित हुने महोत्तरी जिल्लाका गैंडा भेटपुर र पर्सा छेवाङका १८ जना महिला जनप्रतिनिधिहरूले समेत आफ्नो मत पनि प्रयोग गर्न भने सकेनन्: **लेखनाथ भण्डारी**

कस्तो अवस्था छ नेपाली वालवालिकाको ?

- उनीहरूको अधिकार संरक्षण भएको छ त ? : **प्रकाश ज्वाला**

इन्सेकको पहिलो दशक

- एक उच्छवास, एक अनुभूति : **कुन्दन अर्याल**

जीवित छ मृत्युदण्ड अझै

- सैनिक ऐन, राजगद्दी उत्तराधिकारी ऐन र राज्यविरुद्धको अपराध र सजायँ ऐनमा : **सूर्य थापा**

साथमा

- **खग्रेन्द्र संग्रौला**को कथा, **गोविन्द वर्तमान**को कविता र **नरनाथ लुइँटेल**को व्यंग्य

सर्वाधिक महत्वको दस्तावेज

मानव परिवारका सबै सदस्यहरुको आत्म सम्मान तथा उनीहरुले पाउनु पर्ने, पन्छाउनै नमिल्ने बराबरीको अधिकारलाई मान्यता दिनु नै स्वतन्त्रता, न्याय र शान्तिको जग बलियो पार्नु हो । प्रस्तावनाको यही पहिलो वाक्यका साथ १० डिसेम्बर १९४८ का दिन मानवअधिकारको विश्वव्यापी घोषणा जारी भएको थियो । विस्वस्तरमा सर्वाधिक महत्वको यो दस्तावेज संयुक्त राष्ट्रसंघको साधारण सभाद्वारा पारित भएको पचास वर्ष पुगेको छ । यी पचास वर्षमा विश्व राजनीतिक रंगमंचमा धेरै फेरबदलहरु भएका छन् । सामाजिक, राजनीतिक र आर्थिक संरचनामा भिन्न स्थितिहरु प्रकट भएका छन् । समयले जति पाइला चाल्दैछ, विश्व परिवेश उत्तिकै गतिमा नयाँ समस्याहरु र सम्भावनाहरु बोकेर अगाडि बढिरहेको छ ।

यो पाँच दशक समयको कुनै छोटो अन्तराल होइन । यही अवधिमा विश्वले विज्ञान र प्रविधिको क्षेत्रमा ठूलो उपलब्धी हासिल गरेको छ । यो अभूतपूर्व उपलब्धी मानवीय मूल्यको संरक्षणका निम्ति उपयोग भइरहेको छ कि मानव संहारका निम्ति ? यो प्रश्न सर्वथा महत्वको प्रश्न हो, जसको सुस्पष्ट जवाफ छैन । आज पनि विश्वको ठूलो जनसंख्या रोग, भोक र अशिक्षाका कारण अमानवीय जीवन बाँच्न विवश छ । शरणार्थी शिविरहरुमा हजारौं हजार मानिसहरु शिर्फ खान नपाएर मृत्युवरण गर्न बाध्य छन् । प्रशवकालीन उपचारको अभावमा लाखौंको संख्यामा आमाहरुले ज्यान गुमाउनु परिरहेको छ र कुपोषणका कारण लाखौं बालबालिका जन्मेको केही समयपछि लाशमा परिणत भैरहेका छन् । यो दुर्दान्त तस्वीर एक्काइसौं शताब्दी सम्मुख उभिएको आजका विश्वको हो । यही तस्वीर मुनि उभिएर हामी मानवअधिकार विश्व घोषणाको पचासौं वर्ष मनाइरहेका छौं ।

"हामी संयुक्त राष्ट्र संघका जनता मानव जातिका मौलिक अधिकारहरु र मानवका आत्मसम्मानको कदर गर्दै नरनारीहरुका समान अधिकारहरु प्रति विश्वास छ भन्ने कुरा पुनः दोहोऱ्याउँछौं । हामीले बढी स्वतन्त्रताका आधारमा सामाजिक प्रगति गर्ने र जीवनको स्तर बढाउने निश्चय गरेका छौं ।" प्रस्तावनामा उल्लेखित यस्तो उद्धात्त भावनाको कदर गर्दै प्रतिबद्धता जाहेर गरिएको भए पनि कैयौं पक्ष राष्ट्रहरुले आफ्नो मुलुकका नागरिकहरुको जीवनस्तर बढाउने (खास गरी न्यून आर्थिक स्तरका जनताका जीवन स्तर बढाउने) तर्फ सरकारी कामकार्वाही लक्षित गरिरहेका छैनन् । धार्मिक वा राजनीतिक आस्थाकै कारण भूगोलका धेरै भागहरुमा हिंसात्मक दमन र हिंसात्मक प्रतिरोधहरुका घटनाहरु छ्यास्छ्यास्ती हुने गरेका छन् । कानूनी शासन छ भनिएका मुलुकहरुमा पनि प्रहरी र शैन्य वलद्वारा वर्षेनी सैयौं र हजारौंको संख्यामा नागरिकहरुको गैर कानूनी हत्या भइरहेको छ । निश्चित राजनीतिक विचार ग्रहण गरेकै कारण सैयौं हजारौं नागरिकहरु अमानुषिक ढंगले फोहर र दुषित जेलहरुमा बन्दी बनिरहेका छन् । अपराध अनुसन्धान वा छानवीनका नाममा प्रहरीद्वारा दिइएका निर्मम यातनाका कारण हिरासत भित्रै मरिरहेका छन् । यी यस्ता घटनाहरु हुन् जसले मानव अस्मिता र मूल्य माथि धावा बोलिरहेका छन् ।

साह्रै प्रष्ट कुरा के हो भने मानवअधिकारको विश्व घोषणापत्र मानवीय मूल्यका पक्षमा निर्धारित गरिएको नैतिक सीमा हो । यस किसिमका सीमा र बन्धनहरुले मात्र मानव गरिमाको रक्षा हुन सक्दैन । मूल कुरा त व्यवहारिक प्रतिबद्धता हो । यस दिशामा यताका पचासवर्षमा केही उपलब्धीहरु पनि भएका छन् । केही अनुपलब्धीहरु पनि हात परेका छन् । अनुपलब्धीहरुबाट पाठ सिक्दै शिक्षा लिदै र उपलब्धीहरुको जगेर्ना गर्न सकेमा मात्र विश्व घोषणाको भावनालाई सही अर्थमा साकार पार्न सकिन्छ ।

मानवअधिकार संस्कृति निर्माणको पक्षमा गन्तव्य पहिल्याइरहेको प्राचीको यो अंक घोषणापत्रको मूल मर्म केलाउँदै साँचो अर्थमा यसका पक्षराष्ट्रहरुले कतिसम्म परिपालना गर्दै छन् भन्ने प्रश्नको सेरोफेरोमा केन्द्रित छ । विश्व घोषणापत्र जारी भएको पचास वर्ष पुगेको छ र यसको व्यवहारिक प्रतिबद्धता के कति र के कसरी कार्यान्वयन भयो या भएन भनेर समीक्षा गर्ने समय पनि हो । मानव गरिमाको रक्षाथ घोषणापत्रको मूल मर्मलाई अझै उजागर गरौं । ●

समवेत

अहिले नेपालका प्रायःजसो राजनीतिक दलहरूमा व्यक्तिगत स्वार्थको टक्करकै कारण त्यसको असरले देश र जनताको जीवनमा समेत प्रतिकूल प्रभाव पर्दै आएको महसूस गर्न थालिएको छ। पार्टीको हित र एकता विपरित कार्यमा लाग्ने जुनसुकै व्यक्तिलाई अनुशासनहिनताको कार्यवाही अघि नबढाइने हो भने कुनै पनि पार्टीभित्र अझ अनुशासन उल्लंघन गर्ने प्रवृत्ति बढ्दै जान्छ र व्यक्तिगत वा सामूहिक स्वार्थका कारण पार्टीको विधान, चिन्ह र झण्डा एवं यसले आत्मसात गरेका नीति र सिद्धान्त ओझेलमा पर्न गई प्रजातन्त्रको उद्देश्य र मर्ममा नै प्रतिकूल असर पर्ने तथ्य विर्सन सकिंदैन।

– सम्पादकीय गोरखापत्र (०५४ पुस २९)

विवेच्य विषय अदालतको अधीनमा गइसकेको हुँदा सम्मानित सर्वोच्च अदालतको राय आउनु पूर्व राजनीतिक दलहरूले यस विषयलाई लिएर एक वा अर्को पक्षमा अदालतलाई प्रभाव पार्न खोज्नु उचित छैन।

– सम्पादकीय कान्तिपुर (०५४ माघ ३)

अहिले संसदमा विकल्प रहेको दावा प्रमुख प्रतिपक्षी दलले गरिरहेको छ र आफूसित वहुमत रहेको दावा पनि गर्दैछ। यसलाई परीक्षण नगरिकन संसद विघटन गरी मध्यावधिमा जान पाइँदैन।

– माधवकुमार नेपाल, महासचिव नेकपा (एमाले)
सम्वोधन साप्ताहिक (०५४ माघ ३)

२०५२ साल भदौ १२ गतेको सर्वोच्च अदालतको फैसला नभएको भए श्री ५ बाट सर्वोच्चसंग परामर्श लिने कदम संविधान सम्मत हुने थिएन। तर जब २०५२ भदौ १२ को फैसला भयो, त्यसले प्रधानमन्त्रीको संविधानको ५३(४) को अधिकारलाई परिस्थितिजन्य आधारमा मात्र प्रयोग गर्न पाउने गरी नियन्त्रण गरेको छ।

– वरिष्ठ अधिवक्ता कृष्णप्रसाद पन्त
समकालिन साप्ताहिक (०५४ माघ ३)

संसदीय व्यवस्थामा प्रधानमन्त्रीलाई संसद विघटन गर्ने अधिकार हुन्छ र नेपाल अधिराज्यको संविधानको धारा ५३ को उपधारा ४ ले पनि त्यसमा कुनै अवरोध खडा गरेको छैन। तर ०५२ को फैसलाले त्यसलाई अंकुस लगाउने काम गऱ्यो र सीमा पनि तोकिदियो। त्यसैले अहिले विशेष अधिवेशन नै बोलाइनु पर्दछ।

– वरिष्ठ अधिवक्ता वासुदेव ढुंगाना
छलफल साप्ताहिक (०५४ माघ ५)

यो संविधान विघटनमुखी होइन, विकल्पमुखी हो। भदौ १२ को फैसलाले पनि विकल्पको पक्षमा जोड दिएको छ।

पूर्व सभामुख, दमननाथ ढुंगाना
दृष्टि साप्ताहिक (०५४ माघ ७)

संसारको खोजी

गोविन्द वर्तमान

ऋतुहरुको रंगमा
म खोज्दैछु एउटा संसार
आकाशमा चराहरु मात्रै उडुन्
म खोज्दैछु एउटा संसार
पृथ्वीमा धुवाँहरुको बाक्लो कुहिरो हराओस्
राज्यमा बन्दूकहरुबाट बन्दूकहरु नै मारियुन्
म खोज्दैछु एउटा संसार ।

हरिला घाम तापिरहेका नामहरु
घाम कै जिब्राले तथानाम गाली नगरियुन्
मानिस र मिर्ग
हरिण र हुलाकी
सत्ता वा शिकारीले नलखेटियुन्
राम्रा समाचा हरु भएका खामहरु बोक्ने
कुनै पनि सन्देशवाहक
गोली लागेर जंगलमा नढलोस्
मनबाट जब निःशृत हुन्छ शुभकामना
मुहान थुन्न कुनै महानले नसकोस्
एउटा घृणा लाग्दो निन्द्राबाट व्यूँझेर
म खोज्दैछु एउटा संसार ।

तर, खोजी शब्दकर्मले संभव होला ?

जबसम्म जमीनमा ढुंगा रोपेर सुन फलाउन खोजिन्छ
जबसम्म पर्यावरणमा मेरै रगतको सर्वत बेचिन्छ
शब्द भन्दा माथि जुन अस्त्र हुन्छ
उठाएर त्यही अस्त्र मैले पर्यावरण नभत्काएसम्म
कसरी भेटिएला सुन्दर संसार ?
आफैंलाई झकझक्याएर सोध्दैछु यतिन्जेल
र खोज्दैछु एउटा संसार ।

पचास वर्षका आरोह र अवरोह



—मुकुन्द कट्टेल

पहिलो र दोस्रो विश्वयुद्धले मारेका असंख्य मानव-चिहान माथि रहेको छ- संयुक्त राष्ट्र संघको विरासत। अथाह मानव-खरानीको लेपले रंगिएको छ यसको मुखाकृति।

त्रिपन्न वर्ष अघि अमेरिकाको सन फ्रान्सिस्को शहरमा संयुक्त राष्ट्र संघको वडापत्र तयार गरियो। जनताको नाममा तयार गरिएको यो वडापत्र नै मानव अधिकारको अवधारणालाई विश्वव्यापी बनाउने पहिलो दस्तावेज हो। वडापत्रको प्रस्तावना लगायत अन्य विभिन्न धाराहरू मानव अधिकार सम्बन्धी सवालहरूमा विशेष महत्व राख्दछन्। "संयुक्त राष्ट्र संघका हामी जनता भावी सन्ततिहरूलाई युद्धको विभिशिकाबाट बचाउन, त्यो युद्ध जसले हाम्रै जीवनकालमा दुई पटकसम्म अवर्णनीय मानव-व्यथालाई निम्त्याएको छ, र आधारभूत मानव अधिकार, मानव गरिमा र मानव मूल्यको पुनः पुष्टि तथा महिला-पुरूष र ठूला-साना राष्ट्रहरू बीच समान अधिकारको पुन पुष्टिका लागि कटिबद्ध छौं।" संयुक्त राष्ट्र संघको वडापत्रको पहिलो अनुच्छेद हो यो। वडापत्रको प्रस्तावनामा उल्लेख गरिएका हरेक शब्दहरू शान्ति, सुरक्षा, सद्भावना अन्तराष्ट्रिय भातृत्व, सामाजिक उन्थान, आर्थिक विकास आदिका लागि प्रतिवद्ध छन्। यो प्रतिवद्धता नै मानव अधिकारको संस्थागत विकासका लागि एउटा कोशेढुंगाको रूपमा विश्व इतिहासमा स्थापित छ।

संयुक्त राष्ट्रसंघको वडापत्र अन्तर्राष्ट्रिय शान्ति, प्रगति र सुरक्षा सम्बन्धी विभिन्न विषयहरूको निर्देशक दस्तावेज हो। यो आफैमा मानवअधिकार सम्बन्धी पूर्ण दस्तावेज होइन। स्थापनाकालको तीनवर्ष पछि (१९४८) संयुक्त राष्ट्रसंघको साधारण सभाले विश्व मानव अधिकार घोषणा-पत्र जारी गऱ्यो। यो घोषणा-पत्र मानव जातिको इतिहासमा एउटा अद्वितीय सम्पत्ति हो जसमा विभिन्न ३० धाराको माध्यमबाट मानव अधिकारहरू सूत्रबद्धरूपमा उल्लेख गरिएको छ। मानव अधिकारको सम्मान, स्वतन्त्रता, न्याय र शान्तिको आधार हो: मानव अधिकारको उलंघनबाट मानव पीडा र वर्वरताको जन्म हुन्छ- मानव अधिकार घोषणा पत्रको सार हो यो।

पचास वर्ष सिंगो मानव इतिहासको कालखण्डमा एउटा छोटो अवधि हुन सक्छ तर, विज्ञान, प्रविधि र सञ्चारले खुम्च्याएको विकास इतिहासमा ५० वर्ष निकै लामो समय पनि हो।

चुनौतिहरू प्रतिध्वनित छन्

- क्यारोल लङ *आवाशीय प्रतिनिधि यु. एन. डी. पी.*

विश्व मानवअधिकार घोषणापत्रको पचासौं वर्ष प्रवेशसंगै हामी मानव जातिको अधिकारको विषयमा गरिएको सबैभन्दा पहिलो अन्तर्राष्ट्रिय सन्धि, सम्झौताको पचासौं वार्षिक उत्सव मनाइरहेका छौं। मनाइरहेका छौं यो सम्झौताले स्थापना गरेको मानव गरिमाको एउटै साझा मापदण्डको स्मृति। गर्व र उल्लासको कुरा यो घोषणा विश्वका सबै जाति र सबै धर्मका मान्छेको अधिकारहरूको ऐन संग्रहको रूपमा स्थापित एक शसक्त अभिभावक हो जसले मानव जातिलाई अन्यायबाट संरक्षण गर्दछ। यो घोषणा पत्र विगत पचास वर्षमा देखा परेका स्वतन्त्र राष्ट्रहरूको संविधानका उत्प्रेरक बनेको छ साथै विश्वभरिका कानूनी अदालत र सरकारहरू तिनका नागरिकहरूको आधारभूत स्वतन्त्रताहरूको सुरक्षाका लागि यसलाई निर्देशक श्रेष्ठको रूपमा लिने गर्दछन्। मानवअधिकार कुनै एक राष्ट्र र रीतिरिवाज मानवअधिकारका लागि विश्व एउटै घर हो, सबै देशहरू एउटै मातृभूमि। यसर्थ, सिद्धान्ततः मानवअधिकारहरू विश्वव्यापी र अविभाज्य हुन्छन्।

विगत ५० वर्षमा विश्वमा मानवअधिकार घोषणापत्रको आदर्श व्यवहारमा अनुवाद गर्ने ठूलो उपलब्धी हासिल गरेको छ। यसो भन्दैमा हामी सन्तुष्टिको तहमा पुगेका छैनौं, हामीले मानव सम्मानको सीमा रेखालाई अझ व्यापक बनाउन बाँकी नै छ। महिलाहरू, जो मानवजातिको आधा हिस्सा हुन्, आजसम्म पनि पुरूष सरह समान नागरिक हुनबाट वंचित छन्। धेरै देशहरूमा महिलाहरूप्रति विभेद न्याय-प्रणाली विद्यमान छ। वाक, प्रकाशन तथा सभा सम्मेलनको स्वतन्त्रताबाट धेरै देशका सम्झौता गर्नु पर्ने स्थिति विद्यमान छ। यो बुझ्नु जरूरी छ कि कागजमा सीमित अधिकारहरू या बारम्बार उल्लंघन गरिने अधिकारहरू कुनै अधिकार होइनन्। यसर्थ यस्तो उल्लंघन नदोहोरियोस् र कागजी अधिकारहरू प्रत्येक व्यक्तिले उपयोग गर्न पाउने गरी लागू गरियोस् भन्ने कुरा आगामी ५० वर्ष तथा सोभन्दा अगाडिका लागि ठूलो चुनौतिको विषय भएको छ। "सबैका लागि सबै मानवअधिकारहरू" भन्ने नारासंगै यस्ता चुनौतिहरू प्रतिध्वनित छन् र यो सार्थक बनाउनु ठूलो जिम्मेवारी रहेको छ।

संयुक्त राष्ट्र संघले स्वीकारेको छ कि मानवअधिकारको मुद्दा यो संगठनका प्रमुख चारैवटा कार्यक्षेत्र- शान्ति र सुरक्षा आर्थिक र सामाजिक सवालहरू र विकास र मानवअधिकार सम्बन्धी कार्यक्रमहरूसंगै सम्बन्धित छ। संयुक्त राष्ट्र संघका महासचिवले भर्खरै यस्तै उद्घोष गर्नु भएको छ- "संयुक्त राष्ट्र संघको प्रमुख काम भनेको मानवअधिकार कार्यक्रमको विस्तार गर्नु र यसलाई संगठनका तमाम कार्यक्रमहरूसंग एकीकृत गर्नु हो।" यही रिसिटका आधारमा मानवअधिकार उच्च आयुक्तको कार्यालय तथा मानवअधिकार केन्द्र एउटै "उच्च आयुक्तको कार्यालय" का रूपमा विकास गरिएको छ। ता कि मानवअधिकार क्षेत्रमा संयुक्त राष्ट्र संघको सेवा एउटा ठोस संस्थागत आधारबाट अघि बढोस्।

नेपालको सन्दर्भमा विगत सात वर्षको सबैभन्दा स्वागतयोग्य उपलब्धी भनेको त्यो संविधानको निर्माण हो। जसले अपूर्व नागरिक स्वतन्त्रता र राजनीतिक अधिकार प्रदान गरेको छ। यो महत्वपूर्ण वैयक्तिक स्वतन्त्रतासंगै मेल खाने आर्थिक र सामाजिक विकासको अवसर पनि वृद्धि गर्न नेपालीहरू स्वयं चाहिरहेका छन्। त्यसो त कानूनी राजलाई सम्मान गर्ने प्रजातान्त्रिक मुलुक नेपाल सामाजिक, आर्थिक र अन्य विषयसंग सम्बद्ध प्रगति र विस्तारका लागि एउटा उचित प्लेटफर्मको रूपमा विकास भइसकेको छ। मानवअधिकार, महिला विरूद्ध विभेदका सवालहरू, जनजाति तथा तल्लो जातिका सामाजिक र सांस्कृतिक अधिकारहरू कमैया र यस्तै अन्य मुद्दाहरूमा ध्यानाकर्षण गर्ने थुप्रै नागरिक समूहहरूको संख्यामा वृद्धि भएको छ। सुधार गर्नु पर्ने ठाउँ छँदैछ तापनि दक्षिण एशीया तथा अन्य क्षेत्रमा बितेका केही वर्षहरूमा नै मानवअधिकारको क्षेत्रमा महत्वपूर्ण प्रगति गर्ने राष्ट्रका रूपमा नेपालले आफ्नो स्पष्ट पहिचान बनाइसकेको छ। अन्तर्राष्ट्रिय सम्झौताप्रतिको प्रतिवद्धताका लागि नेपालले प्राप्त गरेको सम्मान र पहिचान देख्दा म हर्ष विभोर छु र पूर्ण आशावादी छु कि भविष्यमा यो खुशी अविच्छिन्न रहने छ।

उपलब्धी र कमी दुबै छन्

- पद्मरत्न तुलाधर

सांसद एवं सदस्य, मानवअधिकार तथा परराष्ट्र समिति

० मानव अधिकारको विश्वव्यापी घोषणा भएको पचास वर्ष पुग्यो। नेपालको सन्दर्भमा यसलाई तपाई कसरी मूल्यांकन गर्नु हुन्छ?

- नेपालको सन्दर्भमा ५० वर्षको अवधि भित्र मानवअधिकारको कुरा गर्ने हो भने- केही आधारभूत कुराहरू हामीले निश्चित रूपमा प्राप्त गरेका छौं। खास गरी नागरिक र राजनीतिक अधिकारको क्षेत्रमा, जस्तो वाक स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, संगठित हुने स्वतन्त्रता, शान्तिपूर्ण ढँगले भेला हुने स्वतन्त्रता आदि। २००७ सालको राजनीतिक परिवर्तन,बाट जहानियाँ राणा शासनको ठाउँमा एउटा प्रजातान्त्रिक व्यवस्थाको स्थापनाको घोषणा भयो। र त्यहाँ देखि नेपाली जनताले आधारभूत मानव अधिकार हासिल गर्दै त्यसलाई उपभोग गर्दै आइरहेको बेला बीचबीचमा समस्याहरू अरू, जस्तो पंचायतको ३० वर्षे अवधिमा हाम्रो मुलुकमा मानव अधिकारको व्यापक हनन भयो। शान्तिपूर्ण जुलुस वा विरोध प्रदर्शन गर्न नपाइने, वाक स्वतन्त्रता प्रकाशन स्वतन्त्रताको उपभोग नै गर्न नपाउने अवस्था पनि नेपाली जनताले भोग्न पऱ्यो। तर ०४६ सालको परिवर्तन पछि फेरि पनि नागरिक र राजनीतिक अधिकारको क्षेत्रमा हामीले आधारभूत अधिकारहरू पुनरप्राप्ति गऱ्यौं। अहिले नेपाली जनताले आम रूपमा नागरिक तथा राजनीतिक अधिकार खास गरी राजनीतिक क्षेत्रको अधिकार फेरि पनि संगठित हुने, आफ्नो अभिव्यक्ति दिन पाउने, प्रेस स्वतन्त्रता आदि हासिल गरेको छ। तर अन्य क्षेत्रमा चाँहि खासै सुधार हुन सकेन। अन्य क्षेत्र भन्दा खेरी आर्थिक क्षेत्रमा समानताको कुरा गर्ने हो भने यो पचास वर्षको अवधिमा मानव अधिकारको दृष्टिकोणले के उपलब्धी हासिल भयो त? खासै उपलब्धी भएको पाइएन। तुलनात्मक रूपमै भन्दा २००७ साल र अहिलेको तुलना गर्दा नेपाली जनताको जीवनस्तर झन खस्किंदै गएको पाइएको छ। र आर्थिक क्षेत्रमा असमानताको दुरी पनि बढ्दै गएको छ। आर्थिक समानताको निम्ति के कार्यक्रम छ भन्दा तत्काले उपलब्धी हुने खालको कार्यक्रम पनि छैन। गरीबीको रेखा मुनि रहेका नेपाली जनताको प्रतिशतको हिसाबले पनि ५० देखि ६० प्रतिशत रहेको छ। ती बहुसंख्यक नेपाली गरीबीको रेखामुनि रहेका छन् भने उनीहरूले आर्थिक क्षेत्रमा समानताको अधिकार उपभोग गर्न पाएका छैनन्। अथवा आर्थिक क्षेत्रमा घोषणापत्रमा भने जस्तै समानताको आधारमा व्यवसाय अथवा रोजगारी उपलब्ध हुन सकेन। त्यो हिसाबले भन्दा खेरि हामीले निराशाजनक स्थिति उल्लेख गर्नु पर्ने हुन्छ।

संयुक्त राष्ट्रसंघले मानव अधिकार घोषणापत्र जारी गरेको पचास वर्ष वितिसक्दा पनि नेपालका एक थरी जनता जुन हजारौंको संख्यामा छन्, ती थारू जातिका जनता आजसम्म दासताको जिन्दगी बाँच्न विवश छन्। यो दृष्टिकोणले भन्दा अत्यन्तै निराशाजनक स्थिति छ। विडम्बनापूर्ण छ। यो त तत्काले घोषणा हुनु पर्ने कि हाम्रोमा एउटा सामाजिक विकृति विसंगतिका कारण कमैया प्रथा कायम थियो। त्यो आज देखि उन्मूलन भयो भनेर राज्यबाट घोषणा हुनुपर्ने। राणा कालमै दास प्रथाको उन्मूलन भएको घोषणा गरिएको थियो। त्यसैले हाम्रो देशमा दास प्रथा छैन भनिन्छ। तर कमैया प्रथा नै एक किसिमको दास प्रथा हो। हाम्रो संविधान, कानून, ऐनले कहिले पनि त्यसलाई अनुमति दिंदैन। त्यसकारण यो प्रथालाई उन्मूलन गर्न राज्यले तत्कालै यो दास प्रथा उन्मूलन भएको छ, कसैलाई पनि "कम्पनी शासन" लागूहुने छैन अथवा यस्तै दास राख्न पाइँदैन भनिदिनु पर्ने। क्षतिपूर्ति ऐन आउँदा सम्म समेत यो समस्या यथावत छ। अको समस्या दलितहरूको छ। झण्डै २५ लाख जनता अछूत भनेर हेपिएका र दबिएका छन्। यो पनि मानव अधिकारको हिसावले अत्यन्तै दुर्भाग्यपूर्ण कुरा हो। हाम्रो अनुभव के रह्यो भने एकातिर नेपालको मानव अधिकार आन्दोलन शसक्त रूपमा उठेको छ। पंचायती शासन कालमा निरंकुशताको विरोध गर्दै राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूले पनि मानव अधिकारको निम्ति संघर्ष गरे। पंचायतकालभरि राजनीतिक, प्रजातान्त्रिक अधिकारको लागि निरंकुशताको अन्त्य गर्न नेपालमा ठूलो आन्दोलन भयो। नेपालको मानवअधिकार आन्दोलन दक्षिण एशियाकै सबभन्दा शसक्त, बलियो र विकसित देखिएको छ। त्यसरी हेर्ने हो भने सन्तोषजनक नै देखिएको छ। तर अरू क्षेत्रहरू जस्तोः आर्थिक रूपले विपन्न, सामाजिक रूपले

नेपालीहरूको औसत आयुलाई आधार मानेर हेर्दा ५० वर्ष एउटा जीवन अवधि हो, झण्डै तीन-पुस्ताको अवधि। यो तीन पुस्ता भित्र मानव अधिकारको क्षेत्रमा भए-घटेका अपेक्षित-अनपेक्षित घट्नाहरूको पुनर्मूल्यांकन गरिनु यस कारण सान्दर्भिक छ कि बीसौं सताब्दीका प्रगतिहरू नासो-कोशेलीका रूपमा एक्काइसौं शताब्दीका लागि उपहार हुनछन् असफलताहरू ५० वर्ष अघि जनताका नाममा गरिएका प्रतिज्ञा पूरा गर्नका लागि थप उर्जा।

मानव जीवनको संरक्षण मानव गरिमाको सम्मानका लागि संयुक्त राष्ट्र संघले विगत ५० वर्ष भित्र विश्व मानवअधिकार घोषणा पत्र वाहेक लगभग ८० वटा जति सन्धि, अभिसन्धि र अनुबन्धहरू निर्माण गरिसकेको छ। राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक सबै पक्षबाट समृद्ध मानवीय समाजको परिकल्पना यी सबैको साझा लक्ष हो। कालो र गोरा, चुच्चे र थ्याप्चे, हिन्दू र मुसलमान, राजा र रंक, महिला र पुरूष आदि सीमारेखाले विभाजित मानवीय समाजलाई एउटै "मानव समाज" को रूपमा पुनर्स्थापना गर्नु यी अन्तर्राष्ट्रिय मानव अधिकार कानूनहरूको कागजी प्रतिवद्धता हो।

पचास वर्षको अन्तरालमा विश्व राजनीतिमा महत्वपूर्ण परिवर्तन आएको छ। धेरै तानाशाही शासन व्यवस्थाहरूको अन्त र प्रजातान्त्रिक शासन-व्यवस्थाहरूको उदय भएको छ। थुप्रै राष्ट्रहरू उपनिवेशबाट मुक्त भई स्वतन्त्र राष्ट्रको सम्मान लिन सफल भएका छन्। शीत युद्धको अन्त नभई सकेको भए पनि यसको आयतन र गति साँघुरिंदै आएको छ। दक्षिण अफ्रिकी मुलुकहरूले गोराहरूद्वारा लादिएको साम्रज्यवाद र रंगभेदी शासन-सत्ताको चर भत्काएपछि विश्वबाट रंगभेदको मृत्यु भईसकेको छ भन्न सकिन्छ।

विगत पचास वर्षका विकास र विनास सम्बन्धी तथ्यांकका पुस्तकहरूको अध्ययनबाट विश्व शान्ति, मानवता र प्रगतिका सम्बन्धमा संयुक्त राष्ट्र संघको तस्वीर पूर्ण रूपले स्वच्छ भने देखिन्न। शीत युद्धको अन्त भयो त भनियो तर धार्मिक दंगाहरू, जातिय युद्धहरू र आम हत्याका कारण नरसंहारको गति बन्द भएन। सोमालिया, रूवाण्डा, युगोस्लाभिया, चेचेन्या, अफगानिस्तान आदि राष्ट्रका जनताका लागि मृत्यु नै सबै भन्दा सस्तो चीज बनेको छ- आजसम्म पनि।

भारत र पाकिस्तान, इजरायल र अरब, इरान र इराक, तथा इराक र कुवेत बीचको युद्धको समाप्ति पछि अन्तर्राष्ट्रिय युद्धको सम्भावना देखिन्न तापनि यी राष्ट्रका जनताहरू विगतका युद्धको धडधडेबाट पूर्ण रूपमा मुक्त भइसकेका छैनन्। यी अन्तर्देशीय युद्धहरू धार्मिक या जातीय दंगाहरूमा अनूदित भएका छन्।

विगत ५० वर्षमा संयुक्त राष्ट्रसंघको पहलमा मानव अधिकार घोषणा-पत्रको प्रतिवद्धता लागू गर्ने क्रममा थुप्रै प्रयासहरू पनि नभएका होइनन्। यस्ता प्रयासहरूले कम्बोडियालाई गृह युद्धबाट एक हदसम्म मुक्त पारेको छ। प्यालिष्टानीहरूको लागि एउटा स्वतन्त्र राष्ट्र प्राप्त भयो। मोजाम्बिक, एल साल्भाडोर, एङ्गोला ग्वाटेमाला आदि देशहरूमा व्याप्त गृहयुद्ध अन्त र शान्ति स्थापनाका लागि ठूलो प्रयास गरिएको छ। त्यस्तै मध्यपूर्वमा शान्ति स्थापनाका लागि प्रति वर्ष लाखौं डलर खर्च भइरहेको छ तर युद्धको अन्त भने भएको छैन। स्टकहोम अन्तर्राष्ट्रिय शान्ति अध्ययन प्रतिष्ठानका अनुसार १९८७ मा विश्वमा ३६ वटा युद्ध भए। १९८८ मा ३३ वटा, १९८९ मा ३२ वटा, १९९० मा ३१ वटा, १९९१ मा ३० वटा र १९९२-९४ मा २७ वटा। अर्थात, विश्वमा युद्धको संख्या केही घटेको मात्र हो।

जतिखेर संयुक्त राष्ट्र संघको वडापत्रको खेस्रा तयार हुँदै थियो, युद्धको समाप्ति मात्र यसको अभिष्ट थिएन: विवाद या झैं झगडाको मूल जरो नै उखेल्नु यसको लक्ष थियो। सामाजिक प्रगति, स्वतन्त्र र उन्नत जीवनको निर्माण वडापत्रको आदर्श थियो। विगत पाँच दशकमा यी लक्ष प्राप्तिका लागि संयुक्त राष्ट्र संघद्वारा संचालित कार्यक्रमहरूको आयतन र गतिमा ठूलो प्रगति भएको छ। मानव जीवनको प्रत्येक पक्षसंग सम्वन्धित विषयमा- स्वास्थ्य-सुरक्षा देखि श्रम-कानून, वैज्ञानिक-आविष्कार र मानवीय सम्पदाको सुरक्षासम्म- संयुक्त राष्ट्र संघको ठूलो उर्जाको खपत भएको छ। तर सिक्काको अर्को पाटो पनि त्यत्तिकै हृदयविदारक छ।

विश्वव्यापी रूपमा मानव अधिकारका आधारभूत तत्वहरूको रूपमा जीवन, स्वतन्त्रता र व्यक्तिगत सुरक्षाको पहिचान गरिएको छ तापनि करीव १२ करोड मान्छेहरू यसै शताब्दीमा सरकारी हस्तक्षेपका कारण मारिएका छन्। ५० वर्षको इतिहास भित्र एउटा ठूलो कथा छ बेपत्ता पारिएका मानिसहरूको, त्यस्तै ठूलो चित्कार छ मृत्यु दण्ड पाएकाहरूको। आर्थिक विपत्तिका पीडितहरूको कथा पनि कम त्रासदीपूर्ण छैन। प्रतिवर्ष १ करोड ४० लाख शिशुहरू पाँचवर्षको उमेर नपुग्दै मरिरहेका छन् - कुपोषण, आवश्यक

उत्पीडितहरूको कुरा गर्ने हो भने ठूला ठूला समस्याहरू समाधान हुन बाँकी नै छन्। मानवअधिकार कर्मीहरूको ध्यान यसतर्फ आकृष्ट भएको छ र हामीहरू सरकार र राजनीतिक दलहरूको ध्यानाकृष्ट गर्ने तर्फ लागिरहेका छौं।

दलित उत्पीडितहरूलाई समानताको आधारमा विकास गर्ने अवसर प्रदान गरिनु पर्दछ। यस्ता सवालहरूलाई पनि मानव अधिकार आन्दोलनले आफ्नो अभिन्न अंगको रूपमा लिएको छ। विभिन्न संस्थाहरूले मानवअधिकार सम्बन्धी विभिन्न क्षेत्रहरूमा काम गरिरहेका छन् र विशिष्टता पनि हासिल गरेका छन्। राजनीतिक नागरिक तथा बालअधिकार, महिला अधिकार, यातना आदि सवालहरूको कुरा गर्ने हो भने नेपालको मानवअधिकार आन्दोलन अत्यन्तै विकसित भएको छ। तर केही सवालहरू जस्तैः आदिवासी, जनजातिको बारेमा मानवअधिकार कर्मीहरूको भर्खरै ध्यान आकृष्ट भएको छ।

मानवअधिकारको विश्वव्यापी घोषणा पत्रमा उल्लेखित अधिकारहरू जनताले उपभोग गर्न पाएनन् भने अथवा त्यसबाट उपेक्षित भए भने उनीहरूले विद्रोह गर्ने हो। जस्ताः लिङ्ग, जाती, भाषा आदिको आधारमा भेदभाव गरिने छैन, भेदभाव गरियो भने विद्रोह हुन सक्छ। त्यसकारण विद्रोह रोक्ने हो र शान्तिपूर्णढंगले समाजको विकास गर्ने हो भने यस्ता न्यूनतम अधिकारहरू सबै देशका सबै नागरिकहरूलाई उपलब्ध हुनुपर्छ। हाम्रो देशका बहुसंख्यक जनता उपेक्षित छन्। उनीहरूलाई हामीले आफ्नो हक, अधिकार पाउनु पर्दछ हामीले के कारणले अधिकारको उपभोग गर्ने भन्ने कुरा थाहा पनि पाएका छैनौं तर जब यो कुरा उनीहरूलाई थाहा भयो भने त्यसको लागि उनीहरूले विद्रोह गर्न सक्छन्। त्यसकारण यी समस्याहरूलाई प्रजातान्त्रिक व्यवस्थाको सरकाले समाधान गर्दै जानु पर्दछ।

लिङ्ग, जाति, भाषा जस्ता कुनै पनि आधारमा भेदभाव नगरिकन समानताको व्यवहार गर्ने समानता सम्बन्धी अधिकार नै संयुक्त राष्ट्र संघले पारित गरेको मानवअधिकार घोषणापत्रको सबैभन्दा महत्वपूर्ण कुरा हो। सबैलाई समान व्यवहार गरियो भने मात्र हाम्रो जस्तो विकासोन्मुख मुलुकको क्रमिक विकास हुन सक्तछ। अरू देशसंग तुलना गर्ने हो भने अहिलेको अवस्थामा पनि हाम्रो देशमा सहिष्णुता छ, शान्तिपूर्ण समाज छ। तर यो भन्दा अगाडि बढेर सबै नागरिकप्रति समान व्यवहार गरियो भने मात्र सबै मिलेर देशको विकास निर्माणको कार्य अगाडि बढ्न सक्तछ सबै सहभागी पनि हुन्छन्। त्यसबाट आजभन्दा पनि राम्रो स्थिति कायम हुनेछ।

० मानवअधिकारको सन्दर्भमा अहिलेको मूलभूत समस्या भनेको के हो? र उपलब्धीहरू के के छन्?

– पहिला राजनीतिक, नागरिक अधिकारलाई मात्र मानव अधिकारको रूपमा मानेको संयुक्तराष्ट्र संघले पछि साँस्कृतिक, आर्थिक, सामाजिक अधिकारहरूलाई पनि मानव अधिकार मानेर आएको छ। हाम्रो नेपालको सन्दर्भमा मैले अगाडि भने जस्तै मानव अधिकार आन्दोलनको ध्यान पनि भर्खर भर्खर जान थालेको छ। हामीले पनि भर्खर सरकार नेपालमा मानवअधिकार आन्दोलनको विकास संगसंगै अहिले विद्यमान समस्याहरूको समाधान गर्नको निम्ति यो आन्दोलनले योगदान पुऱ्याइरहेको छ। त्यो भन्दा पनि महत्वपूर्ण कुरा के हो भने सरकार राजनीतिक दल, अन्य सम्बन्धित निकायहरू सबैले जनताका समस्याहरू प्रति ध्यान दिनु पर्यो। जनताको आधारभूत मानव अधिकार भनेको राजनीतिक र नागरिक अधिकार मात्र होइन, सामाजिक, आर्थिक र साँस्कृतिक क्षेत्रमा पनि उनीहरूको अधिकारको ग्यारेण्टी हुनुपर्यो। यो सवालमा ध्यान दिन सकियो भने पनि यो समस्याको समाधान हुन सक्तछ।

अहिले राजनीतिक क्षेत्रमा पनि समस्या नभएको होइन। जस्ताः वर्तमान संविधानले कुनै नागरिकलाई यातना दिइने छैन, दिएको खण्डमा त्यसको क्षतिपूर्तिको व्यवस्था हुनेछ भनेर लेखियो। यति स्पष्टसंग लेखिएको अरू मुलुकहरूको संविधानमा पाइँदैन। यो एउटा उपलब्धी हो। तर त्यो संग सम्बन्धित कानूनहरू बन्नु पर्दथ्यो। ६ वर्षसम्म कानून नै बनेन। सातौं वर्षमा मात्र भर्खर कानून बन्न पुग्यो। लालमोहर लागेर क्षतिपूर्ति सम्बन्धी ऐन समेत निर्माण भयो। तर त्यो व्यवहारमा लागू हुन सकेको छैन। यातना यथावत नै छ। एकातिर संविधानले यातना दिइनु हुँदैन भनेर लेख्यो, कानूनमा पनि व्यवस्था गरियो। तर व्यवहारमा यातना दिइने कार्य यथावत नै छ। मैले विभिन्न जिल्लाहरूमा देखें कि माओवादीको नाममा जनतालाई गिरफ्तार गरेर पंचायती कालमा भन्दा पनि बढी बर्बर यातना दिइएको छ। देशको राजधानीको पनि मुटु मानिने स्थानहरूका प्रहरी कार्यालयहरूमा समेत गिरफ्तार गरिएका व्यक्तिहरूलाई निर्मम यातना दिइने गरेको हामीले देखेका छौं। प्रहरी अधिकृतहरूकै सामुन्नेमा हामीलाई यातना दिइयो भनेर उनीहरूले हामी भेट्न गएको बेलामा बताउँछन्। म संसदमा परराष्ट्र तथा मानव अधिकार समितिको सदस्य पनि छु। हामीले पटक पटक गृह सचिव, आर्डजीपि लगायतका व्यक्तिहरूलाई बोलाएर यातना किन दिइयो? भनेर बयान पनि लिन्छौं। तर उनीहरूले यातना दिइएकै छैन, यो संभवै छैन, संविधान र कानूनमा यातना दिइने छैन भनेर व्यवस्था भैसकेपछि कहाँ यातना दिनु? यस्तो भएकै छैन भन्छन्। यति मात्र होइन आइजिपीले एक पटक त के समेत भने कि "नेपाल फ्रान्सपछिको दोश्रो मुलुक हो जहा प्रहरीलाई मानव अधिकारको बारेमा प्रशिक्षण/ तालिम दिइन्छ। यस्तो मुलुकमा कहा खोप र स्वास्थ्य-स्याहारको अभावमा। त्यस्तै हरेक ३ दिनमा लगभग १,लाख ४० हजार ५ वर्ष मुनिका शिशुहरू भोक र रोगका कारण मरिरहेका छन्।

सामाजिक असुरक्षाको पक्ष त्यस्तै भयावह देखिन्छ। अन्तर्राष्ट्रिय कानूनमा दासता या त्यस्ता खराब र तुच्छ व्यवहारहरू प्रतिबन्धित छन्। तर यसको व्यावहारिक तस्वीर भने ठीक उल्टो देखिन्छ। अहिले पनि विश्वमा लगभग २० करोड मानिसहरू दासता, बाँधाश्रम र यस्तै अमानवीय व्यवहारको साङ्ग्लो भित्र जकडिएका छन्। यसको आधा हिस्सा हृदयविदारक अवस्थामा रहेका बाल-श्रमिकहरूको संख्याले मात्र आंगटेको छ। वेश्यावृत्तिमा जीवन गुजारा गर्नेहरू र मगन्तेको संख्या पनि त्यत्तिकै भयावह छ।

अन्तर्राष्ट्रिय कानूनद्वारा वर्जित अर्को खराबी हो यातना। कुनै पनि शब्दको माध्यमबाट व्यक्त गर्ने नसकिने यो राक्षसी-अभ्यासबाट एक सय भन्दा बढी देशका बन्दीहरू अझै पनि प्रताडित छन्। भियना विश्व मानव सम्मेलनको वरिपरि मात्र साढे चार हजार आस्थाका बन्दीहरू संयुक्त राष्ट संघका एक तिहाइ सदस्य राष्ट्रका जेलभित्र कैद थिए। त्यही अवधि भित्र घटीमा २० जना यातनाका कारण मारिए, ४० भन्दा बढी वेपत्ता पारिए र १०० भन्दा बढीलाई मृत्यु दण्डको फैसला सुनाइयो।

अन्तर्राष्ट्रिय कानूनमा वाक तथा प्रकाशन स्वतन्त्रता, सम्मेलन तथा संगठन निर्माणको अधिकारको ठोकुवा गरिएको छ तापनि संयुक्त राष्ट्रसंघका एक तिहाइ भन्दा बढी सदस्य राष्ट्रहरूका जेलमा राजनीतिक कार्यकलापमा भाग लिएका कारण या राजनीतिक स्वतन्त्रता सम्बन्धी बोले-लेखेका कारण राजनीतिक बन्दीहरू कैद गरिएका छन् । त्यस्तै विश्वभरिका राजनीतिक शरणार्थीहरूको संख्या १ करोड ४० लाख देखि १ करोड ७० लाखसम्म भएको अनुमान गरिएको छ। आन्तरिक रूपमा विस्थापित मानिसहरूको संख्या १ करोड २० लाख देखि २ करोड ४० लाख भएको अनुमान गरिएको छ।

यो दशकको शुरूको वर्षमा मात्र १० करोड भन्दा बढी मानिसहरू भोकमरीको चपेटामा परिसकेका छन्। विश्वका एक चौथाइ भन्दा बढी मानिसहरू पर्याप्त खानेकुराबाट बञ्चित छन् भने भोकै मर्नेहरूको संख्या लगभग १ अरब छ। शुद्ध खाने पानी र औषधोपचारको सुविधाबाट बञ्चित मानिसहरूको संख्या साढे १ अरब छ।

शिक्षा प्राप्तिको अधिकार नैसर्गिक अधिकारको रूपमा स्थापित भए पनि लगभग १३ करोड विश्वका बालबालिकाहरू प्राथमिक शिक्षा प्राप्तिबाट बञ्चित छन् भने अक्षरसम्म चिन्न नसक्ने वयस्कहरूको संख्या झण्डै १ अरब छ।

मानव अधिकारको दायरा भित्र विकासको अधिकार पनि समावेश गरिएको छ। विकास आयोजनाहरू अभियानका रूपमा विश्वभर संचालन गरिएका छन्। तर यो अभियानले सामाजिक र साँस्कृतिक क्षेत्रमा पारेको असरको बारेमा भने बेवास्ता गरिएको छ। ठूला विकास आयोजनाको कारणबाट करोडौं मानिसहरू घरबार विहीन भएका छन, आदिवासी संस्कृति र रहनसहनको तहसनहस भएको छ। भियना विश्व मानव अधिकार सम्मेलनका अवसरमा युगाण्डाका एक पीडित एञ्जा ट्वीनो मुन्युनीले युरोपियन समुदायको सहयोगमा संचालित बन-आयोजनाको कारण विस्थापित ३० हजार युगाण्डालीहरूको प्रतिनिधित्व गर्दै विकास आयोजनाका कारण कसरी सिंगो समुदाय घर-वार विहिन हुन सक्छ भन्ने कुरा अर्थपूर्ण रूपमा विश्व सामू राख्नेका थिए। आयोजनाका कारण एञ्जा र उनका छिमेकीहरू घरवार विहीन मात्र भएनन्, तिनका सबै पशुपंक्षीहरू गुमे, सर-सामग्रीहरू ध्वस्त भए।

मानव अधिकार घोषणापत्र तथा अन्य अन्तर्राष्ट्रिय कानूनहरूमा आत्म निर्णयको अधिकारका बारेमा व्याख्या गरिएको छ तापनि बीसौं शताब्दीको अन्त हुन लागिसक्दा पनि यो विषय अझै विवाद मुक्त हुन सकेको छैन। राष्ट्र भाषा, जाति र जनजातिको विषयलाई लिएर मारामार भइरहेको छ। सबै भन्दा नजिकको उदाहरणको रूपमा भारतको आसाम र कास्मीर विवादलाई लिन सकिन्छ।

वातावरण सम्बन्धी अधिकार ७० को दशक देखि नै मानव अधिकारको एक कडिको रूपमा स्विकारिएको छ। स्टकहोम सम्मेलन (१९७२) र रियो सम्मेलन (१९९२) पछि त यो अधिकार झण्डै- झण्डै सर्व-स्वीकार्य बन्न पुगेको छ। तर प्रविधि-उद्योगको पीडा भोगिरहेका भोपाल दुर्घट्ना पीडितहरू, चेर्नोविल-विस्फोटनको आणविक दुश्परिणामका पारस्वीहरू विश्व वातावरण व्यवस्थापनका लागि भइरहेका यस्ता कागजी प्रयासहरू सम्बन्धी अनभिज्ञ छन्। वातावरण सम्बन्धी अधिकारको पक्षमा आवाज उठाए वापत १ वर्ष अघि मात्र नाइजेरियाका प्रसिद्ध लेखक तथा वातावरण अधिकार कार्यकर्ता केनसारो विवा आफ्ना आठ सहकर्मी सहित फाँसीमा चढाइए। दिनदिनै वातावरण सम्बन्धी अधिकारको प्रश्न विश्वभरि महंगो हुँदै आइरहेको छ।

महिला-अधिकार सन्दर्भमा विगत वर्षहरूमा महत्वपूर्ण प्रगति भएको भनिएको छ तापनि महिला अधिकारको हनन बढ्दो क्रममा छ। एउटा शारीरिक-जैविक तर्क अघि सारेर महिला अधिकार हननलाई "सामान्य" या निर्यामित आकस्मिकताको रूपमा लिने गरिएको छ। बलात्कार, कुटपिट, घरायसी हिंसा, यौन-व्यापार, दाइजो-जलन, यौन शोषण, जवर्जस्ती गर्भधारण आदि जस्ता सामाजिक-साँस्कृतिक प्रताडनाले पीडित छ- महिलाको एउटा ठूलो हिस्सा। आम हत्या, सामूहिक बलात्कार र यातनाका शिकार बनेका छन्, महिलाहरू। हरेक वर्ष ५ लाख महिलाहरू गर्भावस्थासंग सम्बन्धित विविध कारणबाट मर्दछन्। असुरक्षित गर्भपतनका कारण करीव ६० हजार महिलाहरू प्रति वर्ष मरिरहेका छन्। विकशित देशहरूको दाँजोमा करीव १२ गुणा वढी विकासोन्मुख देशका महिलाहरू गर्भावस्था र प्रसूति समयमा मर्दछन्। सामाजिक र आर्थिक परिसूचकका आधारमा हेर्दा महिलाहरूको स्थिति समृद्ध भनिने देशमा पनि समतामूलक अवस्था देखिन्न। शिक्षाको अधिकार उपयोग गर्ने क्रममा महिला र पुरुष वीच ठूलो असमानता छ। कलेज तहको शिक्षा तथा वैज्ञानिक र प्राविधिक विषयहरूमा त यो विभेद अझ छलङ्ग छ। यो शैक्षिक विभेदको प्रत्यक्ष असर रोजगारीको अवसरमा पर्दछ। एकातिर पुरुष सरह श्रम बेच्ने महिलाहरू समान ज्यालाको अधिकारबाट वन्चित छन् अर्कोतिर बेरोजगारहरू मध्ये महिलाहरूको संख्या धेरै र जीवन वढी कष्टप्रद बनिरहेको छ। प्राय सबै समाजमा नीति निर्माणको तहमा पुरुषहरूको बोलावाला रहेको छ। स्वेडेन, नर्वे, फिनल्याण्ड आदि देशहरू- जहाँ संसदमा महिलाहरूको उपस्थिति संख्यात्मक रूपमा धेरै छ- पनि यो पीडामुक्त छैन।

वालअधिकारको तस्वीर अझ वढी कहालीलाग्दो छ। विगतको दशकमा मात्र १५ लाख भन्दा बढी बच्चाहरू मारिए। ४० लाख भन्दा वढी शारीरिक रूपमा अशक्त बने। लगभग ५० लाख बच्चाहरू युद्धको अन्त पछि घर फर्किने सपनामा बाँचिरहेका छन् - शरणार्थी शिविरमा। १ करोड २० लाख जति वालवालिकाले आफ्ना घर गुमाएका छन्। त्यसमा पनि वालिकाहरू अझ वढी उपेक्षित छन्। स्कूल जानबाट वंचित ७ देखि १३ वर्षका करीव १० करोड बच्चाहरू मध्ये, दुई तिहाइ संख्या वालिकाहरूको छ। प्रतिदिन मौन-विपत्तिका कारण मात्र ३५ हजार बच्चाहरूको ज्यान गइरहेको हुन्छ। आम संचारका साधनहरू "भयानक विपत्ति" का वारेमा मात्र चिच्याउँछन्। गरीवी, अशिक्षा र सस्तो जीवनसंरक्षक प्रविधिको अभावमा आइरहने दैनिक मौन विपत्तिहरूको वारेमा बोल्ने फुर्सद तिनीहरूलाई हुँदैन। संचारका पारखीहरूले बुझ्नुपर्ने हो यति ठूलो मानव मूल्य त कुनै युद्ध, वाढी, खडेरी या भोकमरीले पनि दावी गर्न सक्तैन। तर, यो महशूस भएको छैन्।

जनसंख्या, वृद्धि पनि मानव अधिकार उलंघनको कारण र मानव अधिकार उपयोगको वाधकको रूपमा देखापरेको छ। नब्बेको दशकमा त यसलाई निकै ठूलो समस्याको रूपमा लिइएको छ। आजको विश्वको जनसंख्या लगभग साढे पाँच अरव छ। १९९८ को अन्तसम्ममा यो संख्या वढेर लगभग ६ अरव पुग्ने अनुमान गरिएको छ। यो वृद्धिको ९५ प्रतिशत एशिया, अफ्रिका र ल्याटीन अमेरिकाका विकाशोन्मुख देशहरूमा हुनेछ। दोश्रो दशकमा जनसंख्या वृद्धिको ८३ प्रतिशत शहरहरूमा मात्रै केन्द्रित हुने अनुमान गरिएको छ।

जनसंख्या वृद्धिसंगै विदेश पलायन हुनेहरूको संख्या पनि बढ्दो छ। लगभग ७ करोड मानिसहरू कामको खोजीमा विदेश पलायन भइसकेका छन्। हरेक वर्ष अर्को देशमा शरण खोज्नेहरूको संख्या लगभग १९ लाख छ भने यति नै संख्या स्थायी रूपमा अर्को देशमा बसाइ सरिरहेको छ। विश्व भरि गरीवीको रेखामुनि रहेका मानिसहरू लगभग साढे १ अरव छन्। यो संख्या मध्ये लगभग ४५ प्रतिशत जनसंख्या विकाशोन्मुख देशहरूमा मात्र भएको अनुमान गरिएको छ।

एकातिर आर्थिक रूपले समृद्ध देशहरू शान्ति र आरामको जीवन बाँचिरहेका छन्: अर्कोतिर विकासोन्मुख देशका जनताहरू भोकमरी, अशिक्षा, अभाव र हिंसामा जेलिए। "सम्पन्न" र "विपन्न" वर्गमा बाँडिएको छ- आजको विश्व। एक्काईसौं शताब्दी जति नजिकिदैंछ त्यति नै बढ्दो छ यो दरार। र, "सम्पन्न" भनिनेहरू "विपन्न" जनताहरूलाई सहयोग हैन "दान"या ऋण बाँडिरहेका छन्। विश्व एक प्रकारको "मालिक" र "नोकर" को सम्बन्धमा विभक्त भएको छ। यो सम्बन्ध आफैंमा मानव अधिकारका दृष्टिले प्रत्युत्पादक हो।

दक्षिण एशिया

दक्षिण एशिया क्षेत्र अनौठो भौगोलिक, राजनीतिक, सामाजिक र आर्थिक विभिधताको क्षेत्र हो। आर्थिक विकासको मन्दी, जनसंख्याको तीव्र

यातना दिनु!" हामीहरूले आफूले आँखाले नै देखेको कतिपय घट्नाहरूको वारेमा वर्णन गरेपछि उनीहरू चुप लाग्छन्। त्यसकारण समस्या भनेको व्यवहारमा लागूभयो कि भएन भन्ने सवालमा हो।

० २०४६ सालपछि यो मुलुकमा वहुदलीय प्रजातान्त्रिक व्यवस्थाको स्थापना भयो। त्यसपछि बनेका सरकारहरूले पनि मानव अधिकारको सम्बन्धमा बनेका अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धिहरूमा पनि प्रतिवद्धता जाहेर गर्दै दस्तखत गर्ने काम भएका छन्। त्यसका वावजुद पनि अहिलेको सन्दर्भमा त्यसलाई व्यवहारमा लागू गर्न नसकिएका कुराहरू छन् नि?

- यस्तो धेरै छ। संविधानले शान्तिपूर्ण तरिकावाट गरिएका कुनै पनि भेला, जुलुश आदिमाथि हस्तक्षेप गर्न नपाइने व्यवस्था गरेको छ। तर अहिले यसको पालना भएको छैन। व्यवहारमा यसो भएको छैन। नेकपा (माओवादी) भनेर त्योसंग जोडिएको कुनै पनि संस्था जस्तैः अनेरास्ववियू (क्रान्तिकारी), जनमोर्चा आदि ले पनि जुलुशको आयोजना गर्छन्, तर जुलश हुन नपाउँदै उनीहरूलाई पक्रेर लगिएको घट्ना त भैले नै कैयौं पटक देखेको छु। शान्तिपूर्ण भेला, जुलुशको लागि जम्मा हुँदाखेरि त्यसरी पक्राउ गरेको पाइएको छ। यस्तो कार्य जुनसुकै सरकारको पालामा पनि भएको छ। जुलुश गर्नुभन्दा अगाडि नै धरपकड गर्ने कार्यहरू हुने गरेका छन्। यस्ता कार्यहरू संविधानले प्रत्याभूत नगरेका कुराहरू नै हुन्।

कुनै अपराधी आदि भाग्न लाग्यो अथवा उसलाई नियन्त्रणमा लिनु पर्यो भने उसलाई घुँडाभन्दा मुनि मात्र गोली हान्न पाउने अधिकार प्रहरीलाई संविधानले प्रदान गरेको छ। तर अहिलेसम्म प्रहरीले कसैलाई पनि घुँडाभन्दा मुनि हानेर नियन्त्रणमा लिएको पाइँदैन। तर प्रहरीले टाउको, पिठ्युँ, छाती जस्ता अंगहरूमा गोली प्रहार गरेर मानिसलाई मारेका पाइएको छ। यो मानव अधिकार विरोधी कार्य हो। यस्ता मानवअधिकार विरोधी कुराहरू छन्, जो व्यवहारिक समस्याको रूपमा खडा भएका छन्।

हरेक सरकारले मानवअधिकार प्रति प्रतिवद्धता जाहेर गरेका छन्। त्यस्तो राष्ट्रिय प्रतिवद्धता अनुसार व्यवहार देखाउनु त पर्यो। तर सरकारमा पुग्ने वित्तिकै राजनीतिक दलका नेताहरूले यो प्रतिवद्धतालाई भुल्ने गरेको पनि पाइएको छ। आतंककारी विधेयक जस्तो मानवअधिकार विरोधी विधेयकहरू ल्याउन प्रयासहरू समेत गरिए, जुन विधेयकको आधारमा नागरिकलाई पक्राउ गर्न, यातना र हतियार प्रहार गर्न समेत प्रशस्त छुट हुने अवस्था आउँछ। जुन काले कानूनको आधारमा हाम्रा प्रजातान्त्रिक नेताहरूले पंचायती कालमा विभिन्न यातना खेप्नु पर्यो, त्यही कानूनलाई ल्याउन ठूलो प्रयत्न गरियो। यस्ता विडम्बनापूर्ण समस्याहरू पनि छन्।

समग्रमा भन्ने हो भने पंचायत कालभरि उपभोग गर्न नपाएको अधिकार अहिले नेपाली जनताले प्राप्त गर्न पाएका छन्। यो सकारात्मक पक्ष हो। मानवअधिकार घोषणापत्र, विभिन्न प्रतिवद्धताहरू सिद्धान्ततः आफ्नो ठाउँमा सकारात्मक छन्। तर तद्अनुरूप व्यवहारमा उतारिएको छैन। यो चाहिं नकारात्मक पथ हो। जस्तो कि कुनै सरकार मानव अधिकारप्रति प्रतिवद्ध छ भने त्यो सरकारले अवदेखि यातना दिइने छैन, यातना नदिइयोस् भनेर सार्वजनिक रूपमा प्रहरीलाई निर्देशन दिन सक्तछ। सामान्य रूपमा हुनु पर्ने यस्ता कामहरू पनि हुन सकेका छैनन्। यस्ता खालका सामान्य प्रतिवद्धता र निर्देशनहरू समेत भएका छैनन्। यी समस्याहरू हामीहरूले अनुभव गरेका कुराहरू हुन्।

० बनाउन लागेको भनिएको मानव अधिकार आयोगको सन्दर्भमा तपाई के भन्ने हुन्छ?

- यो आयोग पनि मानवअधिकार आन्दोलनको माग अनुसार सरकारले स्वीकार गरेको हो। त्यसबारे एउटा विधेयक समेत संसदले पारित गऱ्यो। यसको कुरा गर्ने हो भने त यो एउटा सफलता पनि हो।

यसको लागि हामीले खुशी पनि हुनुपर्ने हो। तर दुःखको कुरा कानून बनेको यतिका समय वितिसक्दा पनि मानवअधिकार आयोग बनाउने तर्फ कुनै पनि सरकार तत्पर देखिँदैनन्। त्यसकारण त्यो आयोग तुरून्त बनाइनु पर्दछ भन्ने नेपालको मानवअधिकार आन्दोलनको अहिले पनि माग छ। आयोग नबनाइनुको कारण राजनीतिक पनि होला। विधेयकमै यस्ता सदस्य, यस्ता व्यक्तित्व रहने भनेर स्पष्ट व्यवस्था गरिएको छ। त्यसको आधारमा सर्वदलीय सहमति समेत हुन सक्दछ। यो आयोग गठन गर्ने कुरा भनेको राजनीतिक कुरा पनि भएन। यो राजनीतिबाट माथिको विशुद्ध मानवअधिकारको सवाल हो। तसर्थ मानवअधिकार आयोग गठन हुने हो भने मानवअधिकार उल्लंघनका घट्नाहरूको अध्ययन अनुसन्धान गर्ने तथा दोषीमाथि सजाय तोक्ने जस्तो परम्पराको थालनी भने भएको छैन अहिले मानवअधिकार उल्लंघन गर्ने व्यक्तिमाथि कुनै पनि कारवाही वा सजायको व्यवस्था छैन।

तसर्थ सरकारले मानवअधिकार आयोग तुरून्त गठन गर्नु पर्दछ। अनि मात्र मानवअधिकार उल्लंघनका क्षेत्रमा भएका समस्याहरूको आवश्यक अनुगमन हुन सक्तछ र शान्ति सुव्यवस्थाको लागि नयाँ सफलता प्राप्त हुनेछ।

◆◆◆

भर्खरै मात्र कामको थालनी भएको छ

– तीर्थमान शाक्य
सचिव, कानून मन्त्रालय

० नेपालले मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सम्विदाहरूलाई अनुमोदन गरिसकेपछि राष्ट्रिय कानूनमा त्यसको प्रतिविम्ब झल्कंको पाउनु हुन्छ?

– कतिपय सम्विदा (convention) अन्तर्गतको पनि कानून बनेको छ। जस्तोः बालअधिकार विषयक अभिसन्धि अनुमोदन गरिसकेपछि त्यही अनुकूलको छुट्टै ऐन, नियम बन्यो। त्यस्तै आइएलओ सम्बन्धी सम्विदालाई अनुमोदन गरेपछि हाम्रो देशमा पनि त्यही अनुकूलको श्रम ऐन बन्यो। त्यस्तै मजदुरहरूको हक हितको लागि संरक्षणको लागि ट्रेड यूनियन ऐन पनि बन्यो। त्यस्तै गरेर बालबालिकाहरूको हक हितको लागि आमाको दूध प्रतिस्थापन गर्ने वस्तुहरूको विक्री, वितरण नियन्त्रण गर्ने नियम पनि बनाइयो। यस लगायत यातना सम्बन्धी अभिसन्धिलाई अनुमोदन गरेपछि अनुसन्धानको क्रममा कसैलाई पनि यातना दिइने छैन भनी संविधानमा समेत व्यवस्था गरियो र यातना दिन नहुने प्रावधान रहेको कानून पनि निर्माण भयो। यातनाको क्षतिपूर्ति ऐन निर्माण गरियो। त्यसैगरी महिला अधिकार सम्बन्धी अभिसन्धि अनुमोदन गरेपछि महिलाहरूको हक हितको प्रवर्धनका-निम्ति सम्पत्ती सम्बन्धी अधिकार लगायतको विधेयक संसदमा प्रस्तुत गरियो भने कानून निर्माणको क्रममा अहिले निर्माण हुने कानूनमा अभिसन्धिमा के/के कुरा उल्लेख गरिएको छ भन्ने हिसाबमा, अभिसन्धि विपरितका कुराहरू कानूनमा नपरून् भन्ने सवालमा सजगता अपनाइएको छ। अदालतले पनि कतिपय असमान कुराहरूलाई हटाउने गरेको छ। अन्तर्राष्ट्रिय कानून अनुरूपका कामहरू भएनन् भने त्यसको विरूद्धमा अदालतमा रिट निवेदन जाहेर गर्न पाउने प्रावधान संविधानले पनि व्यवस्था गरेको छ। कानूनहरू निर्माण गर्दा अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धिहरूको विपरित भयो कि अथवा त्यस अनुकूल भएन कि भनेर सजगता अपनाउने र त्यसमाथि छलफल गर्ने परिपाटी अन्यत्र बाहिर मात्र नभएर संसदमा समेत विकास भएको छ।

० नेपालमा यातना सम्बन्धी अभिसन्धिको पालना भएको छैन भन्ने आलोचना गैरसरकारी क्षेत्रबाट गर्ने गरेको पाइएको छ। यस सम्बन्धमा तपाईं के भन्नुहुन्छ?

– त्यसो त दाँजेरे हेर्ने हो भने पनि खासगरी बहुदलीय व्यवस्थाको पुनर्स्थापनना भैसकेपछि र राजनीतिक पार्टीहरू खुल्ला भैसकेपछि एक त पक्राउ पर्ने संख्या नै कम छ। अहिले आस्थाको नाममा पक्राउ पर्ने संख्या नै कम छ, जति यो भन्दा अगाडि हुन्थ्यो। यो नै एउटा प्रगति हो। अब यातना दिइयो भनेर जसरी प्रस्तुत गरिएको छ। त्यो कुराको विरूद्धमा सरकार जान नसकेको कारण वा उदाहरण पनि छ। जस्तो कि हामीहरूले यातना दिएका छैनौं भनेर विभिन्न समूहहरू, प्रेसका व्यक्तिहरूलाई खुल्लेआम निरीक्षण गर्न दिइयो भने त्यस्तो निरीक्षणको लागि कुनै आपत्ती नहुने पर्ने थियो। तर यो परम्परागत शैलीको धडधडे को कारणले होला, त्यसो हुन सकेको छैन। जहाँसम्म मेरो व्यक्तिगत विचारको सवाल छ, मलाई के लाग्छ भने यातनाको सवालमा अन्य देशहरूको तुलनामा हामी अगाडी नै छौं अर्थात यातना दिइने परिस्थिति हाम्रा छिमेकी मुलुकहरूको तुलनामा हाम्रो देशमा ज्यादै कम छ। तर यो कुराको प्रस्तुत गर्ने सवालमा हामीहरूले आवश्यक काम गर्न सकेका छैनौं। जस्तोः मैले माथि भने झैं विभिन्न व्यक्तिहरूलाई निरीक्षण गर्न दिइनु पर्ने। यस कुरामा भर्खरै मात्र पनि कामको थालनी भने भएको छ।

संसदको राज्य व्यवस्था समितिका पदाधिकारीहरूद्वारा जेल, हिरासत आदि ठाउँहरूको निरीक्षण गर्ने, त्यहाँ विद्यमान समस्याहरूलाई प्रकाशमा ल्याउने र यो-यो कुराको सुधार गर्न जरूरी छ भन्ने निश्कर्ष निकाल्ने काम पनि भएको छ। त्यसले दिएको प्रतिवेदन अनुसार सरकारले पनि प्रारम्भिक कामहरू गर्ने निर्णय गरेको छ। चालु आर्थिक वर्षमा नै सामान्य सुधारको लागि भनेर अर्थ मन्त्रालयबाट रू. १ करोड, डेढ करोड रकम निकाशा गरिएको छ। तसर्थ काम गर्ने सवालमा सचेतना चाहिं आएको छ र गरेका कामहरूलाई सार्वजनिक गर्ने, काम भए, नभएको छुट्याउनको लागि खुल्लेआम निरीक्षण गर्न दिने जस्ता कामहरू गरेको भए जति लाञ्छनाहरू लगाइएको छ, ती लाञ्छनाहरू स्वतः कम भएर जान थिए। भनेका कुराहरूलाई पनि हामीहरूले प्रतिरक्षा गर्न सक्ने थियौं।

० नेपालमा विद्यमान कमैया प्रथाको बारेमा बेला बखतमा संयुक्त राष्ट्र संघमा समेत चर्चा हुने गरेको छ। हाम्रो देशको पश्चिमी भागका तराईका जिल्लाहरूमा जुन प्रकारको कमैया प्रथा कायम छ, यसलाई नहटाउँदासम्म हामीले स्वप्नुपरेको जुन आलोचना छ, वा भनौं अन्तर्राष्ट्रिय रूपमा समेत हामीलाई

वृद्धि र राजनीतिक अस्थायित्व यो क्षेत्रको विशेषता हो। विश्व आयको झण्डै २ प्रतिशत मात्र उत्पादन गर्ने यो क्षेत्र विश्वको २२ प्रतिशत जनसंख्योलाई पालनपोषण गर्न बाध्य छ। यो क्षेत्रका प्राय सबै देशहरू (भूटान बाहेक) प्रजातान्त्रिक प्रणालीद्वारा संचालित छन्। तापनि अनुदार राजनीतिक संरचना र आर्थिक विकास न्यूनताका कारण यो क्षेत्रको जम्मा जनसंख्याको झण्डै आधा जति गरीबीको रेखामुनि रहेको अनुमान गरिएको छ। जातिय तथा धार्मिक दगाबाट पीडित छन्- प्राय सबै देशहरू। पृथकतावादी आन्दोलनका कारण श्रीलंका सरकार र तामिलहरू बीच विगत १५ वर्ष देखिको संघर्षले लाखौं श्रीलंकन नागरिकहरू मारिए, लाखौं घरवार विहीन भए। यो मारिने क्रम यो वर्ष अझ बढ्दो क्रममा रह्यो। यस क्षेत्रको एक मात्र निरंकुश सत्ता (भूटान) लाई विश्वभरि चलेको प्रजातन्त्रको हावाले आजसम्म हल्लाउन सकेन। एउटा सानो हिस्साको प्रतिनिधित्व गर्ने शासक वर्गले विगत ७ वर्ष देखि प्रजातन्त्र र मानव अधिकारका लागि आवाज उठाइरहेका बहुसंख्यक जनतालाई लगातार देश निकाला गरिरहेको छ। र, अन्य प्रजातान्त्रिक भनिने मुलुकहरू यो दृश्य चुपचाप हेरिरहेका छन्।

यो क्षेत्रका महिलाहरूको अवस्था अत्यन्नै दयनीय छ। हिंसा, बलात्कार, देहब्यापार, महिला बेचबिखन आदि यो क्षेत्रको साझा समस्या हो। राजनीतिक नीति निर्माणको तहमा महिला सहभागिता अति न्यून छ र विकास प्रकृयामा उनीहरू तिरस्कृत छन्। भौगोलिक तथा प्रजातान्त्रिक अभ्यासका दृष्टिले ठूलो मुलूकका रूपमा चिनिने भारतमा दाइजोको कारण मात्र बर्सेनी सयौं महिलाहरू जलाएर या अन्य कारणबाट मारिन्छन्। बंगलादेश र पाकिस्तान पनि यो रोगबाट मुक्त छैनन्।

नेपाल

राणाशासन, यसको अन्त पछिको अन्यौलपूर्ण १० वर्ष र पञ्चायतको ३० वर्ष कुशासन गरी जम्मा १४० वर्ष नेपाली जनता एउटा कठोर, अस्तव्यस्त र निरंकुश शासन व्यवस्थाका शिकार भए। विगत ५० वर्षमा विश्व मानचित्रमा भएको कुनै विकासले नव्वेको दशकसम्म नेपाली जनतालाई छुन सकेन। निरंकुश शासन व्यवस्थामा मानव अधिकारहरूको बन्देज गरियो। तापनि विश्वमा नेपाल पनि एउटा राष्ट हो भन्ने जानकारी दिन पञ्चायती व्यवस्थाले मानव अधिकारका केही अन्तर्राष्ट्रिय कानूनहरूको स्वीकार गऱ्यो। यी त्यस्ता कानूनहरू मात्र थिए जुन तत्कालिन नेपाली समाज र जनताका लागि प्रत्यक्ष रूपमा आवश्यक थिएनन्। न यो स्वीकृति नेपाली जनताको लागि थियो। विश्व समाजमा पञ्चायतको लाज ढाक्ने एउटा चाल मात्र थियो- यो । १९९० को जन आन्दालनले पञ्चायती व्यवस्थाको तासको घर भत्काएपछि मानव अधिकार क्षेत्रमा ठूलो कागजी प्रगति भएको छ। झण्डै १५ वटा जति अर्न्राष्ट्रिय कानूनहरू पक्ष भएको छ नेपाल। तर, व्यवहारमा यो उदारता अझै आएको छैन। नेपाल प्रजातान्त्रिक शासन व्यवस्थाद्वारा सञ्चालित छ विगत ७ वर्षदेखि- तर नेपालीहरूले निर्वाध रूपमा यसको उपयोग गर्न पाएका छैनन्। जेलमा कैदीहरू मरिरहेका छन् । "दोहोरो भिडन्त" को नाम दिएर सर्वसाधारणलाई मारिरहेको छ - प्रहरी शक्ति । "अछूत" भनिनेहरू अपहेलित छन् । महिला किनबेच कायमै छ, कमैया प्रथा जीवितै छ र बालबालिकाहरू बेवारिसे, खाते वर शहरका गल्लीहरू घुमिरहेकै छन् ।

आज पनि ७४ प्रतिशत वयस्क जनसंख्या निरक्षर छ । २० लाख बालबालिकाहरू प्राथमिक शिक्षाबाट बंचित छन्। र प्राथमिक शिक्षाका लागि भर्ना भएका मध्ये आधा जति त कक्षा ५ नपुग्दै विद्यालय छाड्छन् । लगभग ८० प्रतिशत जनसंख्या आवश्यक स्वास्थ्य र सरसफाईबाट बिमुख छ भने सम्पूर्ण जनसंख्याको आधा हिस्सा खानेपानीको सुबिधाबाट बंचित छ। ५ वर्ष मुनिको बाल मृत्युदर त्यतिकै भयावह छ । यसरी मर्नेहरू मध्ये दुईतिहाई त कुपोषणका कारण मात्र मर्दछन् ।

भियना विश्व मानव अधिकार सम्मेलन (१९९३) मा नेपाल राष्ट्र र नेपाली जनताका प्रतिनिधि तत्कालीन प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले भनेका थिए, "मानव अधिकारको संरक्षण र सर्म्वद्धन शान्ति, उन्नति विकाशका लागि अपरिहार्य हुन्छ। ज्ञानको विस्तार, विज्ञान र प्रविधिको विकासमा मानव जातिले ठूलो सफलता हासिल गरेको छ। तर बुद्धि, नम्रता, मूल्य र मान्यताको प्रगतिमा भने मानवजाति पछाडि परेको छ।" तर, सम्मेलन सकेर नेपाल फर्कनासाथ यो उक्तिको सार रित्तो भइसकेको थियो। सभा, सम्मेलन र जुलूसमा भाग लिनेहरू उहाँकै नेतृत्वको सरकार-संयन्त्रद्वारा मारिए, धेरै वेपत्ता पारिए- आजसम्म कुनै पत्तो लागेको छैन। अप्रजातान्त्रिक शैलीको शासनसत्ताको विरोध गर्नेहरू (माओवादी, आदि) आज पनि मारिइरहेका छन्। विगत डेढ-दुई वर्षमा मात्र सरकारको हस्तक्षेपबाट ७५ जना

भन्दा वढी राजनीतिक व्यक्तिहरू मारिएका छन्। सामाजिक असुरक्षा र आर्थिक विपन्नताका कारण ८० प्रतिशत भन्दा वढी जनताको दैनिक जीवन अभाव र हिंसामा जकडिएको छ, मरेतुल्य छ। राजनीतिक खिचातानी र पुरातनवादी राजनीतिक संरचनाका कारण नेपाली जनता मानव अधिकारको उपयोगवाट पूर्ण रूपमा वंचित छन्। पञ्चायती शासन शैलीको वैशाखी टेकेर नेपालको "प्रजातन्त्र" मानव अधिकार संरक्षण र प्रवर्द्धनको ढोङ्ग पिटिरहेको छ।

सारांश

विगत पचास वर्षको संयुक्त राष्ट्र संघको प्रगति समीक्षा २.४ पानामा कोरेर सम्भव छैन। विश्वमा शान्ति र भाइचारा-सम्बन्ध विकास गरी मानवीय विश्व समाज निर्माण गर्ने क्रममा संयुक्त राष्ट्र संघको पहल निर्विवाद छैदैछ। विश्वभर मानवअधिकारको प्रत्याभूति र्ने विश्व मानव अधिकार घोषणाको जारी आफैंमा एक ऐतिहासिक घटना हो जसलाई मानवीय इतिहासको ठेलीमा सुनौला अक्षरले लेखिनेछ। मानव अधिकारको विश्वव्यापी घोषणा जारि गरिएपछि विश्व राजनीतिले सकारात्मक, फड्को मारेको छ- यो ठोकुवा गर्न सकिन्छ। विश्व एउटै समाज हो भन्ने भावनाको विकास भएको छ विगत ५० वर्षमा। यो भावनाले निरंकुश तानाशाहहरूलाई पनि आफूलाई विश्वसामु "उदारवादी निरंकुश" को रूपमा प्रस्तुत गर्नु पर्ने वाध्यता ल्याएको छ। तर यो प्रगति मात्र औसतप्रगति हो। मानव अधिकार औसतमा हिसाब गर्न सकिने गणितीय एकाइ होइन। प्रत्येक व्यक्ति आफैंमा "पूर्ण" हुन्छ। अधिकारवाट वञ्चित हुने वित्तिकै उसको सम्पूर्णतामा हनन हुन पुग्छ। हरेक व्यक्ति "मानव" हो र कुनै एकको अधिकार हनन मानव जातिकै हार हो भन्ने कुरालाई विगत ५० वर्षभरि अवमूल्यन गरियो। विगतको एउटा ठूलो असफलता यही हो।

मानव अधिकार घोषणा पत्र जारी गरिएको पचास वर्षसम्म आइपुग्दा पनि "पुलिसले कुटेर मारेका मान्छेहरू" या "जन्मदै भोकमरीले मर्नेहरू" कसलाई प्राथमिकता दिने भन्ने विषयको विवाद टुंगिएन। "अमलेट वनाउन अण्डा फुटाउनै पर्छ" अर्थात कुनै एक अधिकारको प्रत्याभूति गर्न अर्को अधिकारको कटौति हुन सक्छ भन्ने जस्ता नुच्छ तर्कहरू प्राय सबै सरकार प्रमुखहरूले ऐन मौकामा अघि सारेको पाइयो। त्यसैले विकासको वाध्यताले प्रजातन्त्र र मानव अधिकारको शर्तहरूको उल्लंघन गर्न सक्छ, अर्थात मानव अधिकारको सुरक्षा गर्ने नाममा विकास आयोजनाको कटौति गर्न मिल्दैन भन्ने जस्ता तर्कहरू पनि अघि सारिए। यस्तै मानव अधिकारको विश्वव्यापी अवधारणामा पनि प्रश्न उठाइयो। यो समय र संस्कृति सापेक्ष हुन्छ भन्ने जस्ता अवधारणाहरू पनि कम महत्वका रहेनन्। मानवअधिकार "अभिवाज्य" र "विश्वव्यापी" हो भन्ने कुरा ५० वर्षसम्म विवादको विषय हुनु आफैंमा एक अनपेक्षित घटना हो।

मानव अधिकार प्रजातान्त्रिक शासन पद्धतिको विशिष्टता हो। तानाशाही शासन व्यवस्था र मानव अधिकार एक अर्कामा बाझिने कुरा हुन्। मानव अधिकारहरूको मापदण्डमा राख्नेर हेर्दा विश्वका प्रजातन्त्रवादी भनिने धेरै मुलुकहरू निरंकुश शैलीवाट मुक्त भएका पाइएनन्। समाजवादी शासन व्यवस्थाको अन्त गरिनु नै विगत ५० वर्षको सबैभन्दा ठूलो उपलब्धिको रूपमा लिइयो। वास्तवमा यो एउटा ठूलो भूल हो। प्रजातान्त्रिक व्यवस्थामा प्रतिपक्षी विचारहरूको सम्मान गरिनु पर्दछ। आजको प्रजातान्त्रिक भनिने विश्व राजनीतिक व्यवस्था समाजवादी शासन पद्धतिको विपक्षमा जाइ लाग्नु नै आफ्नो प्रमुख कर्तव्य ठानिरहेको छ र विश्वबाटै समाजवादी राजनीतिक व्यवस्थाको अन्तका लागि सम्पूर्ण उर्जा खर्च गरिरहेको छ। यदि वर्तमानमा हावी अमेरीका निर्देशित शासन व्यवस्थालाई नै प्रजातान्त्रिक शासन व्यवस्थाको रूपमा लिने हो भने पनि समाजवादी शासन व्यवस्था यसको सशक्त प्रतिपक्षी व्यवस्था हो। तर यो तथ्य स्वीकार्न न अमेरिका तयार छ न यसका समर्थकहरू। यसकारण आजको विश्वका राजनीतिको ठूला हिस्सा प्रतिपक्षी राजनीतिक प्रणाली ध्वस्त गर्न उद्दत, अनुदार र निरंकुश छ। यो अनुदारता र निरंकुशता आफैंले मानव अधिकारको उलंघनको जाहेरी गर्दछ। पूर्व सोभियत संघको पतन पछिको विश्व राजनीति अझ वढी खतरापूर्ण र आततायी दिशातर्फ उन्मुख छ। अर्थात अमेरिकी एकाधिकारवादी राजनीति र अर्थ व्यवस्था विश्व मानव अधिकारको आन्दोलनमा एउटा ठूलो धक्काको रूपमा देखा परिरहेको छ।

शक्ति र अधिकार एकै सतहमा वस्न सक्तैनन्। अन्तर्राष्ट्रिय कानून अनुसार सरकारहरू मानव अधिकारको संरक्षणका लागि शक्ति संचालक मात्र हुन्। तर व्यवहारमा यिनीहरू शक्तिको स्रोत आफू भएको भ्रममा रहे। विभिन्न वहानामा मानव अधिकारको उल्लंघन गरिरहे। संरक्षकको रूपमा सरकारहरू ५० वर्षे इतिहासको प्रायः सबै मोडमा हारेका छन्। यसो त, विश्व सम्मेलनमा आफैंले उठाएको प्रतिवद्धता घर फर्कनासाथ कुल्चने राजनीतिज्ञहरूको

दासहरूको मुलुक भनेर चर्चा गर्ने स्थिति छ। यस सम्बन्धमा तत्काल केही गर्ने वा कानून बनेर त्यसलाई व्यवहारमा उतार्ने तर्फ के सोंच छ?

- जहाँसम्म कानूनको कुरा छ- कमैया राख्न पाइँदैन भन्ने कुरा त संविधानले नै ग्यारेण्टी गरेको छ। राख्नेलाई के हुने भन्ने कुरा यो भन्दा अगाडि नै मुलुकी ऐनमा जवर्जस्ती इच्छा विरूद्ध काममा लगाउन नहुने भनेर स्पष्ट गरेको छ। तर दुवै पक्षले इच्छा बमोजिम काम गरे अथवा काम गर्ने व्यक्तिले "मैले आफ्नो इच्छा अनुरूप काम गरेको छु" भन्यो भने त कानूनले केही गर्न सक्तैन। कानून असहयोगी हुन सक्ने स्थितिलाई सुधार गर्ने चीज सामाजिक सचेतन र शिक्षा तथा वैकल्पिक श्रोतको व्यवस्था हो। सामाजिक सचेतन, शिक्षा र वैकल्पिक श्रोतको व्यवस्था गर्न कानून नै त चाहिनु पर्दैन। श्रोत परिचालन चाहिने हो। त्यसकारण भैरावेको कानूनले कमैया प्रथालाई निर्मूल वा नियन्त्रण वा कम गर्ने प्रयोजनको निमित्त निश्चित कार्यक्रम चाहिं सरकारबाट आउनु आवश्यक पनि छ। यस सम्बन्धमा महिला तथा समाजकल्याण मन्त्रालयले केही कार्यक्रमहरू गर्ने भन्ने कुरा भैरावेको छ।

उनीहरूलाई मुक्त गर्ने कुरा के छ? विभिन्न एनजीओ, आइएनजीओहरूले ऋण मोचनको कुरा गरेका छन्। यसको लागि त्यतिधेरै महत्व दिनु पर्दैन जस्तो लाग्छ। दोश्रो कुरा ऋण मोचन गर्नु भन्दा पनि कमैया राख्न पाइँदैन भन्ने कुरा कानूनतः पहिले नै आइसकेको हुनाले ऋण मोचन सरकारी तवरले अथवा भनौं कार्यालयीय हिसाबले गर्न मिल्दैन किनभने गैरकानूनी कामको लागि फेरी पैसा दिएर त्यसलाई कानूनी बनाउन खोजको ठहर्छ। हामी के भन्छौं भने यो पैसा दिएर निकाल्ने होइन यो त सजाय दिएर निकाल्नु पर्दछ। पैसा दिएर मुक्त गऱ्यो भने त त्यो गैह्र कानूनी कार्यलाई कानूनी बनाइने भयो। एकातिर यो समस्या छ भने अर्कोतिर सरकारको ढुकुटीबाट पैसा आउन अपठ्यारो छ। तर यो समस्या चैं हो।

तसर्थ कमैयाहरूलाई मुक्त गर्नको निम्ति त्यहाँ सामजिक जनचेतना अत्यावश्यक छ। यसबाट कमैया बस्नेले र बसाल्नेले समेत यसो गर्नु गैह्रकानूनी हो भन्ने कुरा बुझ्न सक्तछन्। विभिन्न गैह्र सरकारी संस्थाहरू र सरकारी प्रविधिद्वारा त्यस क्षेत्रमा कमैया राख्नेका व्यक्तिहरूलाई समाजमा भेला गराएर नपाइँहरूले कमैया नराख्नुस्, यो गैह्र कानूनी हो, यसमा सजाय हुनसक्छ, यो प्रथा हटाउनु पर्यो। बरू राख्नु हुन्छ भने तलव दिएर राख्नुस् भन्ने हिसाबले दवाव दिनु पर्यो। अर्कोतर्फ जुन-जुन व्यक्ति कमैया छन् उनीहरूलाई पनि आवश्यक सुविधाहरू दिने र कमैया नबस्नको लागि प्रेरित गर्नु पर्यो। दोश्रो कुरा कमैयाहरू मुक्त भैसकेपछि त्यो मान्छेले या त सरकारी स्तरबाट या अन्य कुनै औद्योगिक इत्यादि क्षेत्रबाट रोजगारी त पाउनु पर्यो। नोकरी भएन भने पनि उसलाई अलिकति पैसा दिएर पसल स्थापना गरिदियो भने पनि उसले त्यो चलाउन सक्तैन किनकी उनीहरू आफ्नो वावु, बाजेदेखि नै कुनै निश्चित घरको काममा अभ्यास्त भैसकेका हुन्छन्। साहुले जे अह्रायो त्यो गर्ने वाहेक उनीहरूले आफ्ना दिमागले केही गर्न सक्तैनन्। तसर्थ उसलाई उदाहरणको लागि भनौं: पाँचहजार पैसा दियो भने पनि उसले त्यसवाट आम्दानी हुने काम गर्न सक्तैन। त्यो पैसा हुँदासम्म खान्छ। तर त्यो सकियो भने ऊ फेरि फर्केर कमैया बन्न पुग्दछ। तसर्थ कमैयाहरूको लागि पहिलो कुरा त वैकल्पिक श्रोत छैन, यदि भएमा पनि त्यसमा जाने आँट छैन, अन्य वैकल्पिक श्रोतका उपायहरू खोज्ने हिम्मत पनि छैन, प्रेरणा छैन। त्यसकारण कमैया मुक्तिको लागि यो कुराहरू मात्र होइन, अन्य कुराहरू पनि चाहियो। ऋण मोचन नभए पनि उनीहरूलाई अनुकूल हुन सक्ने त्यस्ता तालिमहरू वा जिविकोपार्जनका वैकल्पिक उपायहरू हुनु पर्यो। औपचारिक रूपमा उनीहरू अनुकूल नहुने हो र अनौपचारिक रूपमा मात्र कुनै काममा अनुकूल हुने हो भने कमैयाहरू एक किसिमको दासताबाट अर्को किसिमको दासतामा फस्न पुग्दछन्। यसो भन्दा मलाई नकारात्मक सोंचाई भएको भन्ठान्नु होला। त्यसले वेश्यावृत्ति लगायतका विभिन्न कुराहरू पुनः शुरूवात हुन्छ।

तसर्थ यस्ता दासताका कुराहरू जसलाई सिद्धान्तको रूपमा संविधान, कानूनबाट त निर्मूल गरिएको छ, तर व्यवहारमा उतार्न सकिएको छैन भने उनीहरूलाई मुक्त गर्नु भन्दा पनि मुक्त गरिसकेपछि उनीहरूको अर्को उपाय के छ? भन्ने तर्फ सोंच्नु जरूरी हुन्छ। वैकल्पिक श्रोतको व्यवस्था भएको स्थिति छ कि छैन भन्ने सोंच्नु पनि पर्यो। तसर्थ हामी यो दासताको कुरा गर्नेहरू वा लेख्नेहरूले जस्तो सुकै भनेता पनि विधानतः उत्पीडितलाई हटाउनु पर्छ र इच्छा विरूद्ध लगाउन पाउने त्यस्तो किसिमको व्यवस्था हुनुहुँदैन। तर त्यसको उन्मूलनको लागि उनीहरूलाई त्यहाँवाट निकालिसकेपछि अर्को व्यवस्था पनि हुनुपर्यो। त्यसबाट उनीहरूलाई पुनर्स्थापना हुनसक्ने स्थिति पनि आउनु पर्यो। त्यसको लागि सरकारले मैले अगाडि भने झैं ऋण विमोचन गर्ने त अवैधलाई वैध बनाउने कुरा भयो। सरकारी बजेटबाट जनचेतना जगाउने कामहरू गर्नु पर्छ भन्ने मेरा धारणा छ। यस्ता कामको लागि विदेशीहरूले मात्र होइन, सरकारले पनि गैर सरकारी संस्था जसले जनताको वीचमा यस्तो काम गर्छ भनेर चेतना अभिवृद्धिको लागि काम गर्न चाहन्छ भने त्यस्तो संस्थालाई सरकारले पनि प्रोत्साहन दिनु पर्छ, काममा लगाउनु पर्छ। सरकारले विभिन्न गैह्र सरकारी संस्थाहरू, सामाजिक कार्यकर्ताहरू

अभाव कतै पनि देखिएन।

व्यापारिक संस्थाहरूको एउटै मात्र लक्ष्य नाफा कमाउनु हुन्छ। नाफाका लागि कुनै सीमा या शर्तको बन्देज रहँदैन। यस्तो नाफा कमाउने लक्ष्य राख्वेर तेस्रो विश्व पसेका अन्तर्राष्ट्रिय वित्त संस्थाहरूबाट तेस्रो विश्वका गरीब जनताहरूलाई भलो होइन हानि पुगेको छ। ठूला आयोजना र बजार उत्पादनका पक्षपाती यी संस्थाहरूबाट प्रसस्तै मानव अधिकारको उलंघन भएको छ। उचित ज्याला, सुरक्षित काम गर्ने ठाउँ, निस्पक्ष नियुक्ति, संगठन निर्माणको स्वतन्त्रता, बालश्रमको प्रयोग आदिका दृष्टिले मात्र नभएर यस्ता संस्थाहरूबाट स्थानीय संस्कृतिको लोप र परम्परागत साना व्यवसायहरूको अन्त हुने खतरा देखिएको छ। तेस्रो विश्वका प्राय सबै देशहरू वातावरण विनासको चपेटामा परेका छन्। परिणामस्वरूप स्थानीय वासिन्दाहरू आफ्नो भूमि र व्यवसाय छाड्न बाध्य पारिएका छन्।

बीसौं शताब्दीको अन्तसम्म आइपुग्दा पनि सरकार प्रमुखहरू र जनता बीचको खाडल पुरिएन। जनतालाई अधिकार सम्पन्न बनाउन सरकारले आफ्नो शक्तिको कटौती गर्नु पर्दछ तर यसो गर्न सरकारहरू तयार भएनन्। वरू जनताहरू जागरूक र अधिकार सम्पन्न भएमा आफ्नो शासन सत्तामा शंका उब्जने डरले मुलुकहरू अझ बढी पिरोलिएका पाइएका छन्।

विश्व आफैंमा राम्रो स्थान हो । जीवनको प्रकृति परिवर्तनशील छ, यो हरेक वस्तुको विकल्पको सम्भावना खोज्दछ। विभिन्न समय परिस्थितिमा मानव निर्मित शासन व्यवस्थाहरू कालान्तर सम्म आवश्यक र सही नहुन सक्छन्। यसको विकल्प खोज्ने अधिकार मानव अधिकारको सार तत्व हो। यो कुरा संयुक्त राष्ट संघले र अन्तर्राष्ट्रिय मानवअधिकार कानूनले समेत स्वीकारेको छ। यसलाई सशक्त रूपमा व्यवहारमा स्वीकारिनु पर्दछ। विगत ५० वर्षको अनुभवमा यो लचकताको अभाव महशुस गरियो। संयुक्त राष्ट्र संघका सदस्य राष्ट्हरूले प्रतिपक्षी राजनीतिक सोचहरूलाई कतै आतंककारी कृयाकलाप त कतै आन्तरिक शान्ति सुरक्षाको नाममा दबाइरहे। यसै वर्ष (१९९७) मा मात्र एउटा आततायी घटना घट्यो। अमेरीकी पुच्छर भनेर चिनिने पेरूमा विसुद्ध राजनीतिक लडाई लडिरहेका टुपाक-अमारू छापामारहरूको एकै चिहान पारियो। अमेरिकी पिछलग्गू छापाहरूले यसलाई ज्यादै ठूलो वीरताको रूपमा प्रस्तुत गरे। मानवअधिकारका कानूनका ठेलीहरूले यो विभत्स घटनाको विपक्षमा ओठ खोल्ने साहस गरेको भने पाइएन।

विज्ञान र प्रविधिको आंकलन गर्नै नसकिने गतिमा भएको वृद्धिले पनि एउटा नयाँ समस्याको सिर्जना गऱ्यो। यो प्रविधि विस्तारको उपयोग केवल विश्वका एक तिहाइ मानिसले मात्र गर्न सके। अर्थात, दुई तिहाई मानवजातिको सिर्जनशीलता विश्व निर्माणमा खपत हुन सकेन। र जानकार भएको ढोंगमा एक "तिहाइ" "दुई तिहाई" माथि निर्देशन गरिरह्यो। यो ज्ञान र अज्ञानको दरार कसरी पुर्ने हो अर्को चिन्ताको विषय बनेको छ।

त्यस्तै, आणविक हतियार उत्पादन बन्द गर्ने प्रयास नारा, भाषण र महंगा अन्तर्राष्ट्रिय सम्मेलनहरूमा मात्र सीमित रह्यो। मान्छे मर्ने क्रम र मारिने क्रम जारी छ, बढ्दो छ। यो शताब्दीको अन्त्यतिर त हतियार बिक्री र वितरण अझ बढेर आएको छ। आज पनि संसारको सबैभन्दा उन्नत प्रविधि युद्ध-सामग्री निर्माण र युद्ध-रणनीतिमा लगाइएको छ। विश्वको सम्पूर्ण अध्ययन अनुसन्धान र विकासको एक तिहाई सैनिक गतिविधिका लागि मात्र खर्च भएको छ।

समाजवादी देशहरूको, खासगरी पूर्व सोभियत संघको, विघटन पछि आजको विश्व पूँजीवादी शासन व्यवस्था र त्यसको संचार प्रणालीद्वारा संचालित छ। सत्तरी वर्षसम्म क्रेमलीनमा समाजवादी मानव धरहराको रूपमा उभिएको लेनिनको शालिक भत्कनु पूँजीवादी संचार प्रणालीका लागि यो शताब्दीको सबैभन्दा ठूलो प्राप्ति भएको छ। यसकारण कि पूँजीवादी प्रणाली सिर्जित खराबीहरू विश्व संसारको पर्दाबाट छिपाउन र मनोमानी रूपमा आफ्नो हीतमा प्रचार गर्न कुनै छेकवार बाँकी रहेन। त्यसैले भोकमरी, सामाजिक र आर्थिक कारणले पीडितहरूको समाचार आजको विश्व संचार माध्यमका लागि चासोको विषय बनेको छैन। केवल पूँजीवादी शासन प्रणालीको चुनौती दिने राजनीतिक संगठन र गतिविधिहरूको खोडरो खन्नु यिनीहरूको दिनचर्या भएको छ। दैनन्दिन जीवनका घटना भन्दा पनि समाजवादी शासन व्यवस्था मानव जीवनको सामाजिक उत्थान र प्रगतिको खतरा हो भन्ने साबित गर्नमै आजको विश्व संचार प्रणाली मरिमेटिरहेको छ। पूँजीवादी शासन व्यवस्थाका कारण उत्पीडित मानिसहरू समाचारका विषय वस्तु बन्दैनन् कारण यसले पूँजीवादी दिवालियापनको धज्जी उडाउँछ।

प्रसिद्ध भाषाविद् तथा राजनीति विश्लेशक नोमचंस्कीले भने झैं- विश्वका आर्थिक, सामाजिक र राजनीतिक-पीडितहरू "मूल्यवान" र "मूल्यहीन" पीडितका रूपमा विभाजित छन्। आर्थिक बलको पछिपछि कुदेको विश्वसंचार माध्यम उसको दृष्टिमा मूल्यहीन पीडितहरूको कुनै वास्ता गर्दैन। यसरी सूचनाको हकको विगत वर्षहरूमा सबैभन्दा बढी उल्लंघन भएको छ। विश्व संचार मानवीय भावना र मूल्यबाट हैन आर्थिक प्रभावबाट निर्देशित छ। तसर्थ आर्थिक संस्थाहरूको निर्देशनमा कुनै पनि विषयवस्तुलाई संचारमा स्थान दिइन्छ। अझ एशिया तथा प्रशान्त क्षेत्रका राजनीतिक र आर्थिक पीडितहरू विश्व संचार माध्यममा कुनै विषयवस्तु बन्दैनन् किनकि यो सूचना पूँजीवादीहरूको फाइदासंग नगासिएको हुन सक्छ। पश्चिममा एउटा "ठूलो" मान्छेको कुकूर विरामी पर्दा मात्र पनि तहल्का मच्चाउने विश्व संचार पूर्वका शरणार्थीहरू, खान नपाएर मर्नेहरू, समाजिक हिंसाका पीडितहरू, विकास-आयोजनाका कारण विचल्ली परेकाहरू आदिका विषयमा किन मौन रहन्छ? यसको उत्तर नखोजिएसम्म पीडितहरूको मानवअधिकार सुरक्षा हुने सक्तैन।

आजको एक ध्रुवीय अर्थ राजनीतिको स्वघोषित नेता अमेरिकाको एकाधिकारवाद संयुक्त राष्ट्र संघको संयन्त्रमा पनि प्रतिबिम्बित भएको टिप्पणी असीको दशकको अन्तदेखि नै गरिदै आएको छ। हालसाले घटेका केही घटनाहरूले यो दावीलाई अझ सशक्त बनाएका छन्। आणविक हातहतियार परीक्षणको विषयलाई लिएर इराक र संयुक्त राष्ट्र संघ बीच हिजोआज बढ्दै गएको असहज वातावरण संयुक्त राष्ट्र संघको आन्तरिक कार्य प्रणालीमा अमेरिका अनावश्यक रूपमा हावी भएको दावी पुष्टि गर्ने सबैभन्दा ताजा उदाहरण भएको छ।

इराकले संयुक्त राष्ट्र संघको परीक्षण कार्यको स्वागत गरेको छ। उसको आपत्ति केवल परीक्षण टोलीमा रहेको अमेरिकी बाहुल्यता हो। त्यो टोलीमा रहेको "सी आइ ए का एजेण्टहरू" को उपस्थिति हो। यो इराकी दावी सत्य या असत्य जे सुकै भए पनि अमेरिकी मत्स्य न्यायको पीडित इराकी जनताहरू इराकी माटोमा अमेरिकीहरूको

आदिलाई भेला गराएर कमैया प्रथा जस्ता कुराहरू राम्रो होइन भन्ने कुरा लगायतका विषयवस्तुहरूको बारेमा सामाजिक चेतना जगाउनु पर्ने कुरा एकातर्फ छ भने अर्को तर्फ त्यसलाई पुनर्स्थापना र वैकल्पिक रोजगारको व्यवस्था गर्नु पर्छ। यसो गरिएन भने त एउटा सानो वा ठूलो खाल्डोबाट निकाले र अझ ठूलो खाल्डोमा राखिदिने स्थिति हुन्छ।

० *अहिले कमैया मुक्ति मंचहरू आदि सबैले हाम्रो संविधानमा बाँधा श्रम हुनुहुँदैन भन्ने स्पष्ट हुँदाहुँदै पनि कानून नभएको कारणले राख्ने व्यक्तिलाई सजाय दिन सकिएको छैन भन्ने गरेका छन्। तपाईंलाई के लाग्छ- साँच्चिकै कानून छैन त यस सम्बन्धमा?*

- कानूनै नभएको त होइन। हाम्रो वर्तमान संविधानमा ग्यारेण्टी हुनु भन्दा अगाडि पनि मुलुकी ऐनमा- "कसैको इच्छा विरूद्ध काममा लगाउनु हुँदैन" भन्ने कुरा त अहिले मात्र होइन, त्यो त सामान्य सिद्धान्तमा पनि अपनाएको र यो उन्मूलन भएको घोषणा त राणा शासनकै पालामा गरिएको थियो। त्यसमा भएको सजाय पुगेन भन्ने हो भने अर्कै कुरा हो। जहाँसम्म कार्यान्वयनको कुरा आउँछ, त्यसलाई अदालतमा लगेर लागू गराउनुभन्दा पनि मैले अगाडि भनेको कुरा बढी व्यवहारिक हुन्छ। नत्र त कुन चाहि मान्छेले एक एकजनालाई समाल्दै अदालतमा लगेर त्यसलाई सजाय गर्ने हो? त्यो झन् अव्यवहारिक भएर जान्छ। त्यसमा १५००/२००० सजाय होला तर के को लागि? या कुनै बेला हुन सक्छ- होइन, मलाई त उहाँले कमैया लगाएकै होइन, मैले त आफ्नै इच्छाले काम गरेको छु, मलाई पैसा पनि दिइराख्नेको छ, म सन्तुष्ट पनि छु भन्यो भने?

हामीमा एउटा के कुरा छ भने हामी जहिले पनि कानून छैन भन्नेतर्फ मात्र बढी गैराख्नेका छौं। जबकी कानूनको यो प्रजातान्त्रिक व्यवस्थामा पहिले पनि सबै प्रकृया पूरा गरेर त्यो छिनफान हुँदैन। अहिले हामी कहाँ त आएको छैन तर विदेशमा ठूला-ठूला मुद्दाहरू पनि "अहिले त यो मुद्दा होइन" भन्ने कुरा विकसित भयो। कानूनको प्रक्रिया चाहिं समान्य सजाय गरिदिने हो। त्यो सजायको पनि व्यवस्था छ। त्यो पुग्दैन भन्ने हो भने मेरो भन्नु केही छैन त्यसलाई बढाउनु पर्छ, तर बढाउने नै वैकल्पिक र राम्रो प्रक्रिया चाहिं होइन। एक दुई जना जो हामीले प्रयास गर्दा खेरि पनि केही नहुने छ र इच्छा विरूद्ध नै लगाएको छ भन्ने आवश्यक व्यवस्था गर्न सकेर १/२ जनालाई अदालतमा ल्याएर सजाय गर्नु पनि त्यो तर्साउने र यसो पनि गरिंडारहेछ भन्ने देखाउनु एउटा कुरा हो। तर छिनोफानो चाहिं निश्चित प्रक्रिया द्वारा एक आपसमा मिलेर समाज र समुदायद्वारा गर्न सकियो भने त्या बढी प्रभावकारी हुन्छ।

उपस्थिति सहज नमान्न स्वतन्त्र छन्। विगतको अमेरिकी पृष्ठभूमिलाई हेरेर दुत्कार गर्न सक्छन्। यो विरोधको स्वतन्त्रता सार्वभौम इराकी जनताको अधिकार हो। तर, यो विरोधको बावजुद अमेरिका किन लिंडे ढिपी गरिरहन्छ! अनि संयुक्त राष्ट्र संघ पीडित इराकीहरूको आवाज किन सुनिरहेको छैन। अमेरिकीहरू बाहेकको "परीक्षण टोली" कुनै काम गर्न सक्तैन? यस्ता विवादास्पद मुद्दाहरूमा किन संयुक्त राष्ट्रसंघ स्वतन्त्र र तटस्थ भएर उभिन सक्तैन, यो बुझ्न नसकिने भएको छ।

अर्को विवाद राजनीतिक शब्दावलीको हो। आफूलाई असहज लाग्ने विश्व राजनीतिक घटनाक्रमको व्याख्या गर्दा अमेरिकाले प्रयोग गर्ने शब्द र लवज संयुक्त राष्ट्र संघले प्रयोग गर्ने भाका र भाषामा बेलाबखत मेल खान पुगेको देखिन्छ। बारम्बार दोहारिए जस्तो लाग्ने यो घटना क्रम संयोग मात्र होला भन्न सकिन्न।

राजनीतिक, आर्थिक एकाधिकार कायम राख्नका लागि बाधक राजनीतिक, सामाजिक संरचनाको जरो उखेल्ने दुस्साहस विफल भएपछि अमेरिका विश्व रंगमञ्चमा बेलाबखत लर्बराउने, बुहुलाउने र लर्खराउने गर्दछ। तर अमेरिकालाई [illegible] लाग्दा संयुक्त राष्ट्र संघको केश दुरुनु पर्ने अनौठो सम्बन्ध दिन-प्रतिदिन किन बढ्दैछ यो निकै दुर्बोध्य विषय बनेको छ। अमेरिकी अन्तर्राष्ट्रिय सम्बन्ध सबैले अनुशरण गर्नु पर्छ र? अमेरिकी जुत्ताभित्र संयुक्त राष्ट्र संघको पैताला अटाउने पर्छ? यी प्रश्नहरूको उत्तर संयुक्त राष्ट्र संघका सबै समान सदस्यहरूले नखोजे मानवअधिकार मा[illegible] हेन मानव जातिके अस्त्वि खतरामा पर्न सक[illegible] भावना नकानु मूर्ख्याइ हुन सक्छ। जायर, बुरुण्डी या अन्य देशहरूमा खान नपाएर मरिरहेका [illegible]खौं मानिसहरूभन्दा हृष्ट प्ट चीनिया प्रतिपक्षी वेड जिङ्गशेङ्ग अमेरिकी अन्तर्राष्ट्रिय सम्बन्धका दृष्टिले महत्वपूर्ण हुन सक्छ। यसकारण कि चीनिया शासन व्यवस्था अमेरिकाको लागि एक मात्र मनोवैज्ञानिक शत्रु हो। र, वेड जिङ्गशेङ्ग एक उत्तोलक हुन सक्छन्- अमेरिकी रूची प्रवर्द्धनका लागि। के यही प्राथमिकता संयुक्त राष्ट्र संघको प्राथमिकता हुन सक्छ? संयुक्त राष्ट्र संघको महासचिवको छनौट प्रक्रियामा किन अमेरिका अनावश्यक दवाब सृर्जना गर्दछ? यो प्रश्नको जवाफ छरप्रष्ट हुन [illegible]क्छ, तर यसलाई एकीकृत बनाउनु जरूरी छ।

आवश्यक्ता र विलाशीलता बीचको द्वन्द अर्को उल्लेख्य पक्ष हो जसका कारण भोक-पीडित र विलास-पीडितहरूको रूपमा बाँडिएको छ आजको विश्व। एकातिर विश्व आमदानीको ठूलो हिस्सा शोख र शाखको लागि खर्च भइरहेको छ भने अर्कोतिर खान नपाएर मर्नेहरूको चिहानले लगभग धर्तीको एक चौथाइ उर्वर माटो ढाकिसकेको छ। प्राविधिक सहयोग अन्तर्गत संयुक्त राष्ट्र संघ र यसका विशिष्ट निकायहरूका लागि क्यानाडाले सहयोग गर्ने रकमको दश गुणा बढी रकम क्यानाडीयन महिलाहरू शोख र श्रृंगारका लागि मात्र खर्च गरिरहेका छन्। र क्यानडा एउटा उदाहरण मात्र हो। यसरी एकातिर धनी राष्ट्रहरू र तिनको विलासी प्राथमिकता अर्कोतिर न्यूनतम आवश्यकक्ताबाट बंचित अवस्था- आजको संयुक्त राष्ट्र संघ उठेको धरातल यही हो। यो आवश्यकता र प्राथमिकताको द्वन्दमा पिल्सिरहेको छ हाम्रो विश्व मानवअधिकार आन्दोलन पनि।

समष्टिमा भन्नु पर्दा मानव खरानीको रासबाट जन्मिएको संयुक्त राष्ट्रसंघ आर्थिक रूपले बलिया राष्ट्रहरूको निर्देशन र प्रभावमा जकडिनु हुन्न। विश्वका बहुमत जनता अभावग्रस्त छन्, संयुक्त राष्ट्रसंघ यिनैको पक्षमा उभिनु पर्दछ। स्थापनाको तीनै वर्ष पछि मानव अधिकारको विश्वव्यापी दस्तावेज तयार पार्ने संयुक्त राष्ट्र संघले निस्पक्ष रूपमा मानवजातिको बृहत्तर भलाइका लागि यसको प्रयोग गर्न पहल गर्नुपर्ने प्रशस्त ठाउँ देखिन्छ।

●

सरकारले पनि अनुगमन गर्न सकेको छैन

- वलराम के.सी., *वरिष्ठ सरकारी अधिवक्ता*

० हाम्रो देशको मानवअधिकार स्थितिको सन्दर्भमा यातनाको सवाल अलि बढ्ता उठ्ने गरेको छ। यस बारे तपाई के भन्नुहुन्छ?

- नेपालको सन्दर्भमा जहाँसम्म सवाल छ यातना विरुद्धको हक संविधानले संरक्षित गरेको छ र भर्खरै कानून पनि बनिसकेको छ। मानवअधिकारको उल्लंघन सरकारी संयन्त्रबाटै हुने गरेको छ। जस्तो भनौं कस्टडीभित्र प्रहरी यातना, मानवअधिकार उल्लंघन व्यक्तिले व्यक्ति माथि गरेको मानिन्न। कसैले कसैलाई मार्यो, मर्ने व्यक्तिको बाँच्न पाउने अधिकारबाट वंचित भयो, व्यक्तिले मारिसके पछि त त्यो एउटा अपराधिक घटना भयो। त्यसमाथि सम्वन्धित कानून अनुसार कार्वाही हुन्छ। जबकि राज्यको गोलीद्वारा कोही मारियो भने त्यो उल्लंघन भयो किनकि राज्यको दायित्व त मार्ने होइन संरक्षण गर्ने हो।

नेपालको सन्दर्भमा यातनाको जुन कुरा छ- मानिसलाई जुनसुकै आरोप या अपराधमा समाति सके पछि थुनामा राख्वेर अनुसन्धान गर्ने कानूनी आधारहरू छन्। जब उसलाई अदालतमा पेश गरिन्छ उसले अदालत समक्ष थुनामा कुटपिट गरेर मलाई सावित गऱ्यो भन्छ। प्रहरीले कुट्यो कुटेन भन्ने कुरा आफ्नो ठाउँमा छ तर त्यसको सेफ गार्ड के त? अहिले हाम्रो संविधानमा यातना विरुद्धको हकको व्यवस्था गरिएको छ। र त्यसको आधारमा एउटा कानून पनि आएको छ। यो कानून संविधान बनेको ३/४ वर्षसम्म आउन सकेन। यस बीचमा २/३ ओटा केशहरू सर्वोच्च अदालतमा पनि आयो। संविधानले मलाई यातना नदिने भनेको छ तर मलाई यातना दिएर बयान गराइयो। त्यसकारण मलाई क्षतिपूर्ति दिइयोस् भनेर अदालतमा मुद्दा पऱ्यो। तर अदालतले कानून नबनी सकेको हुँदा केही गर्नु नपर्ने भन्ने फैसला गऱ्यो। अहिलेको संविधानले के व्यवस्था गरेको छ भने, अनुसन्धान गर, छानवीन गर तर यातना भने नदेऊ। कानूनमा पनि उल्लेख भएको कुरा के हो भने पक्राउ गरिएको मानिसलाई हिरासतमा थुन्न पूर्व शारीरिक जाँच गराउनु पर्छ। तर समस्या के छ भने कतिपय ठाउँमा विरामीहरूलाई उपचार गर्ने डाक्टरै छैनन्। हामीसंग कतिपय सवालमा भौतिक पूर्वाधार नै तयार छैन। जे भए पनि कानूनतः यातना दिनु हुन्न। यस्तो स्थितिमा म के भन्न चाहन्छु भने कानून लागु गराउने निकायहरूले अर्थात् प्रहरी प्रशासनले कानून र संविधानको भावना बुझेर हाम्रो संविधान नै यातना विरुद्ध अभिलक्षित छ भन्ने बुझेर काम गर्नु आवश्यक छ।

० सूचनाको हक कुण्ठित भएको छ भन्ने तपाईलाई लाग्दैन?

- सूचनाको अधिकारको विषयमा कुरा गर्ने हो भने यसको लागि सरकारले पारदर्शी हुनु बढी जरूरी हुन्छ। यही जनताले भोट दिएर सांसद बनेको व्यक्तिलाई नै संसदले मन्त्री बनाउने र सरकारमा सहभागी गराउने भएकोले उनीहरूले जनताका सरोकारका विषयहरूमा उनीहरूलाई सुसूचित गराउनु आवश्यक हुन्छ। तर राष्ट्रिय सुरक्षा वैदेशिक सम्बन्ध जस्ता अति Sensitive कुराहरूमा जनताले खुल्ला रूपमा सुसूचित हुन नमिल्ने अवस्था पनि हुन्छ। त्यसको लागि कानून बन्नु पर्ने हो यो बेनको छैन।

० मूल समस्या के हो भन्ने लाग्छ?

- मानवअधिकारका कुरा गर्दा अहिले हाम्रो देशमा विभिन्न समस्याहरू विद्यमान छन्। कतिपय जिल्लाहरूमा कमैया प्रथा कायम छ। त्यसैगरी देशका जेलहरूको अवस्था पनि दयनीय छ। बाल श्रम व्यापक छ। शिक्षाको अधिकार भनिएता पनि कतिपय ग्रामीण बालबालिकाहरू शिक्षाबाट बंचित छन्। स्वास्थ्यको अधिकार भनेको छ, तर कैयौं नागरिकहरू उपयुक्त स्वास्थ्योपचारको अभावका कारण पीडित भएका छन्। सरकारले ग्रामीण इलाकामा बजेटको कमीको कारणले गर्दा पनि त्यस्ता कुराहरूलाई पुऱ्याउन सकिराख्वेको छैन। समग्रमा भन्ने हो भने एकातिर ०४७ सालको संविधान बनेयता सरकारको प्रत्यक्ष कामले गर्दा कसैको मानवअधिकार हनन भएको भन्न मिल्ने अवस्था छैन भने अर्को तर्फ संविधानमा उल्लेखित राज्यको नीति निर्देशक सिद्धान्त वा भनौं जनकल्याणकारी राज्य सम्वन्धी सिद्धान्त पूरा हुन नसकेको हो कि जस्तो मलाई लागेको छ।

० मानवअधिकार विश्व घोषणाको ५० औं वर्ष पुग्यो। प्रजातन्त्रको पुनर्स्थापना पश्चात बनेका सरकारहरूले विश्वव्यापी घोषणापत्रका विभिन्न प्रोटोकल र संविदाहरूमा सहमति जनाउँदा जनाउँदै पनि व्यवहारमा पालना नभएको भन्ने आरोपहरू लागिरहेका छन्। यसबारे तपाई के भन्नुहुन्छ?

- मेरो बुझेसम्म मानवअधिकारको उल्लंघन भनेको राज्य र राज्यका निकायहरूबाट कुनै काम गरेर जनतालाई अधिकारबाट बंचित गराउनु हो। अहिले हाम्रो देशका विभिन्न ठाउँहरूमा जातीय छुवाछूत प्रथा कायम छ। त्यहाँ माथिल्लो जातका मानिसहरूले तल्लो जातका मानिसले छोएको नखाने वा छुन नदिने परम्परा छ। तर राज्यले बनाएको कानूनमा बाहुनले अरू जातका मानिसहरूले छोएको खानु हुँदैन भनेर लेखेको छैन। अहिले कतिपय स्कूलहरू शैक्षिक नभएर व्यवसायिक बनेका छन्। यो क्रम बढ्दो छ। तर सरकारले स्कूलहरूलाई शैक्षिक भवन, व्यवसायिक र व्यापारिक भवन भनेर भनेको त छैन नि। यी सबै कुराहरू अवस्था, परिस्थिति अनुसार उत्पन्न हुँदै गएका छन्।

त्यसैगरी सरकारले बजेट प्रस्तुत गर्छ, त्यो पास हुन्छ। त्यसमा उल्लेख गरिए अनुरूप काम शुरू हुन्छ। तर यो पूरा भयो कि भएन? कसरी निर्माण भएको छ? संचालन भएको छ कि छैन? भनेर अनुगमन हुँदैन। यी सबै कुराहरू आपसमा सम्वन्धित छन्। सरकारले आर्थिक सुधार सम्वन्धी कार्यक्रम गर्न सकेन तर भ्रष्टाचारको कारणले पनि कतिपय परियोजनाहरू पूरा हुँदैनन्। भ्रष्टाचारको कारणले कतिपय परियोजनाहरूमा सोचे भन्दा अत्यधिक बढी पैसा खर्च हुन्छ। यस्ता कुराहरूले गर्दा जनताको आर्थिक अधिकार वा भनौं जनताको विकासको अधिकारमा असर पुऱ्याउँछ।

नेपाल सदस्य भएका विभिन्न संविदाहरू वा अभिसन्धिहरू छन्। यस्ता यावत कुराहरूलाई हामीले कसरी हेर्नु पर्छ भने त्यो आर्थिक अधिकार वा विकास निर्माणको काम कवोल गरे वमोजिम नगरेकोले पूरा हुन सकेन र त्यो जनताले आर्थिक अधिकारको फल पाउन सकेनन्। यो त आर्थिक अधिकारको कुरा भयो। यस बाहेक नेपाल सदस्य रहेको जुन अन्य अभिसन्धिहरू छन्, ती अभिसन्धिहरूको यो दफा अनुसार यो चाहिं उल्लंघन हो भनेर, राज्यको तर्फबाट भएको उल्लंघन हो भनेर भन्न अलि गाह्रो छ। सरकारलाई कसरी दोष दिन सकिन्छ भने सरकारले कुनै ठाउँमा स्कूलहरू दिन सक्छ जस्तो भनौं त ग्रामीण पहाडी इलाकाहरूमा व्यापक रूपले विद्यालयहरू संचालन गरिदिने हो भने त्यहाँ विभिन्न जातका बालबालिकाहरूले पढ्न जान्थे। उनीहरूमा चेतना स्तर बढ्दै जान्थ्यो। जातपातका कुराहरूप्रति जनतामा चेतना पैदा हुन्थ्यो र त्यस्ता कुप्रथाहरूको बारेमा क्रमशः अन्त्य हुँदै जाने वा जनता त्यस बारेमा जानकार हुँदै जाने अवस्था हुन्थ्यो। त्यो मानवअधिकार उल्लंघन गरायो वा गर्न सुझायो भनेर त्यो किसिमले सरकार वा सरकारी निकायहरूलाई दोष दिन मिल्दैन। सरकारले त्यो १५ वटा सन्धीहरूको उल्लंघन गऱ्यो भनेर भन्न मिलिहाल्ने मलाई लाग्दैन। कतिपय सवालहरूमा सरकारले पनि आवश्यक अनुगमन भने गर्न सकिराख्वेको छैन।

मानवअधिकार घोषणापत्रका पाँच दशक



सन् १९९७ को डेसेम्बर १० (अर्थात २०५४ मंसीर २५ गते) संसाभरिका जनताले मानवअधिकार घोषणापत्रको ५० औं वर्षको रूपमा मनाए। यो आधा शताब्दी मानवअधिकार आन्दोलनको लागि ठूलो उतार चढाव र उत्तेजनापूर्ण रहेको छ। ५० वर्ष अघि संयुक्त राष्ट्र संघको महासभाले ३० धारा सहितको मानवअधिकारको विश्वव्यापी घोषणापत्रलाई अनुमोदन गरेको थियो। त्यस दिनदेखि विश्वका प्रायःजस्ता सबै मुलुकका सरकारहरूले यस घोषणापत्रलाई सम्मान गर्ने बचनहरू प्रकट गरेका छन्। के शक्ति र धनी राष्ट्र के विकासोन्मुख राष्ट्र सबैले मानवअधिकार घोषणापत्रलाई आफ्नो मार्गनिर्देशक बनाएका छन्। तर साच्चै नै घोषणापत्र एउटा जीवन्त दस्तावेज बन्न सकेको छ या सरकार र धनीका सोकेशको सुन्दर वस्तु ! वर्तमानमा सबैले यसको सही मूल्यांकन गर्नु नै आजको सान्दर्भिकता हो।

पृष्टभूमि

दोस्रो विश्व युद्ध पछि दुई वटा ठूला युद्धमा होमिएका विश्वका तमाम जनताको शान्तिको उत्कट इच्छा र युद्धलाई सम्पूर्ण रूपमा नकार्नु पर्छ भन्ने मानसिकताले गर्दा शान्तिकै स्थापनाको लागि सन् १९४५ अक्टुवरमा संयुक्त राष्ट्र संघको बडापत्र जारी गरियो। यो बडापत्रमा समस्याको समाधान सैन्य नभएर टेवुलमा वार्ता भन्ने सोच अगाडि सारियो।

अर्कोतिर साम्राज्यवादले दोस्रो विश्व युद्धपछि आफ्नो अनुहार बदल्न बाध्य भएको थियो। प्रत्यक्षतः शासन गर्न तानाशाहलाई सघाउनुको बदला बजारको लागि उदार राजनैतिक व्यवस्थाको माध्यम खोज्दै थियो। र त्यस्तो उदार राजनैतिक व्यवस्थामा मानवअधिकारलाई एउटा प्रमुख अंगको रूपमा लिइयो।

सोभियत संघको स्थापना र विस्तारले गर्दा वैकल्पिक राजनैतिक, आर्थिक प्रणाली सहितको श्रमजीवी जनताको राज्य सत्ताको सुरूवात गऱ्यो। पूँजीवादको विकल्पमा एउटा नयाँ व्यवस्था आएपछि नव उपनिवेशवादी-पूँजीवादी खेमाले समाजवादी व्यवस्थालाई भत्काउन गरेका षडयन्त्रलाई समाप्त पार्ने नाममा भएको राजनैतिक दमनको प्रतिरोधमा पनि मानवअधिकार आन्दोलन अगाडि आयो। विश्वका उत्पीडित जनसमुदाय जनताको हक अधिकारको लागि अर्थात आर्थिक र राजनैतिक अधिकारको लागि विश्वभरी नै संचालन गरिएका विभिन्न आन्दोलनहरूमा देखा परेको ऐक्यवद्धता पनि मानवअधिकार आन्दोलनको कडी हो।

यसरी विश्व शान्ति र समझदारीको शसक्त माध्यमको रूपमा मानवअधिकार आन्दोलन हाम्रो अगाडि आएको हो र यसको आधार भनेको विश्व मानवअधिकार घोषणापत्र हो। यो घोषणापत्र जारी

आजको मुद्दा

सुशील प्याकुरेल

भएपछि यसलाई व्यवहारमा उतार्न विभिन्न प्रयासहरू भएका छन्। यसलाई पुजारीले पढ्ने मन्त्रोच्चारण नबनाएर एउटा जीवनपरक व्यवहारिक दस्तावेज बनाउने प्रयत्नमा विश्वका मानवअधिकार योद्धाहरू, राजनैतिक व्यक्तित्वको ठूलो अंश समर्पित भएर लागेको छ भने अर्कोतिर मानवअधिकार घोषणापत्रलाई निष्क्रिय र औचित्यहीन बनाउने प्रयत्न वेला वेलामा विश्वको विभिन्न राष्ट्रहरूले गरेका छन्।

विगत ५० वर्षको अवधिमा मानवअधिकारको बहालीको लागि घोषणापत्रमा आधारित भएर विभिन्न संघर्षहरू भए। समकालिन विश्वमा मानवअधिकार घोषणापत्र नै एउटा आधिकारिक र सर्वमान्य दस्तावेज भएको छ जस्ले समकालिन विश्व परिस्थितिमा जनताहरूको अधिकारलाई समग्रतामा समावेश गरेको छ।

१९४८ मा मानवअधिकार घोषणापत्र जारी भएपछि यसलाई संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरूले स्वीकार त गरे तर यसलाई व्यवहारमा लागु गर्ने काम भने कठिन बन्यो। नैतिक सीमा तोकेर मात्र मानवअधिकारको रक्षा हुन सक्दैन। तर दुई वेग्लावेग्लै आर्थिक स्वरूप अंगालेको विश्व समुदाय मानवअधिकारलाई हेर्ने दृष्टिकोणमा विभाजित भइसकेको थियो। अन्तोगत्वा १९६६ मा घोषणापत्रका आधारमा दुई भिन्दाभिन्दै अभिसन्धिहरूलाई संयुक्त राष्ट्र संघले पारित गऱ्यो। ती हुन् :

(क) आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार

(ख) नागरिक तथा राजनैतिक अधिकार

यसरी मानवअधिकार घोषणापत्रमा समाविष्ट अधिकारहरूलाई एकातिर अझ बढी विस्तृत र व्याख्यात्मक रूपमा प्रस्तुत गरियो तर व्यावहारिक रूपमा समग्र घोषणापत्र खण्डित रूपमा प्रस्तुत गरियो। पूँजीवादी अमेरिका र उसका नजिकका यूरोपिय राष्ट्रहरू र समाजवादी अर्थ व्यवस्था भएको सोभियत संघ र तेस्रो विश्वका गैह्र पूँजीवादी राष्ट्रहरूले उपरोक्त २ अभिसन्धिहरू मध्ये एउटालाई मात्र औपचारिक मान्यता दिन थाले। अभिसन्धिमा राज्यले हस्ताक्षर गरेपछि त्यसलाई लागु गर्नु राज्यको दायित्वको रूपमा लिइयो यसरी अभिसन्धिहरू घोषणा पत्र जस्तो नैतिक दस्तावेज मात्र नभएर र Manditory पनि बन्न पुग्यो। संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरू यसमा विभाजित भए। कसैले नागरिक तथा राजनैतिक अधिकारको अभिसन्धिमा हस्ताक्षर गरे भने कतिपयले आर्थिक सामाजिक र सांस्कृतिक सम्वन्धी अभिसन्धिमा हस्ताक्षर गरे।

यसरी जनताका राजनैतिक र आर्थिक अधिकारहरूलाई राज्यले औपचारिक रूपमा भिन्दाभिन्दै अधिकारको दृष्टिले हेर्न थाल्यो। बोल्ने, लेख्ने अधिकार पहिले कि? खाने र बाँच्ने अधिकार पहिलो भन्नेमा विश्वका सरकारहरू विभाजित भए।

विश्वभरिनै, मानवअधिकारलाई यसरी खण्डित गरेर हेर्ने प्रवृत्तिको मानवअधिकार आन्दोलनले विरोध गर्न थाल्यो। स्वतन्त्रतालाई बोल्ने र खाने रूपमा विभाजित गर्नु हुँदैन भन्ने आन्दोलन एकातिर अगाडि आयो भने अर्कोतिर मानवअधिकार घोषणा पत्रले अघि सारेका मानिसका अधिकारहरूलाई अझ बढी व्यापक बनाउनको लागि घोषणा पत्रमा किटान नगरिएका कतिपय अधिकारलाई शुत्रवद्ध गर्ने काम यस बीचमा संयुक्त राष्ट्र संघको माध्यमबाट गर्न मानवअधिकार आन्दोलन सफल

भएको छ। महिला अधिकार, बाल अधिकार र रंगभेद विरोधी भेदभाव उन्मूलन, जनजाति, वातावरण र विकास इत्यादिका अधिकार बारे शुत्रबद्ध र विस्तृत रूपमा विभिन्न दस्तावेजहरू निर्माण गरिएका छन्। यी जे जति दस्तावेज बनेता पनि यिनको आधार भने मानवअधिकार घोषणापत्र १९४८ र त्यसपछिका २ अभिसन्धि नागरिक तथा राजनैतिक अधिकार एवं आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार नै हो।

विश्वका जनताले अधिकारका लागि गरेका संघर्षहरूले स्पष्ट प्रमाणित गरिसकेको छ कि मानवअधिकारलाई समग्रतामा हेरिनु पर्छ र एउटाको प्राप्तिको लागि अर्काको कटौती गर्न हुन्न। राज्यले कुनै एउटा अधिकार मात्र मेरा जनतालाई दिन्छु भन्नु मानवअधिकार घोषणापत्रको विपरित जानु हो।

विश्वके मानवअधिकार योद्धाहरूको प्रयत्न स्वरूप अन्ततोगत्वा सन् १९९३ मा अष्ट्रियाको राजधानी भियानामा संयुक्त राष्ट्रसंघद्वारा आयोजित मानवअधिकारको विश्व सम्मेलनले मानवअधिकार विश्वव्यापी र अभिभाज्य हो भन्ने कुरामा सहमति जनायो।

विश्वका कतिपय मुलुकका सरकारले मानवअधिकार घोषणा पत्रमा उल्लेखित अधिकारहरू आफ्नो मुलुकको रीतिर्थिति र संस्कृति अनुरूप नभएको भनी यसप्रति राख्नेको नकारात्मक धारणालाई अस्वीकार गर्दै विश्व मानवअधिकार सम्मेलनले विश्व जनताको अधिकारमा एकरूपताको विचारलाई स्वीकार गऱ्यो।

यसरी सन् १९९३ मानवअधिकार आन्दोलनको लागि एउटा अर्को कोशे ढुंगा बनेको छ। तर अधिकारको लागि जनताको संघर्ष अनि त्यसको सफलता संगै त्यसमा थप चुनौति पनि आएको छ। विश्व भरि नै आफ्नो आर्थिक तथा राजनैतिक प्रभुत्व जमाउन राष्ट्रहरूले विभिन्न निहुँमा वा नव योजना अन्तर्गत फेरि पनि जनताको अधिकार कटौती गर्ने प्रयत्नहरू गर्दैछन्। मूलतः सोभियत संघको विघटन पछि एक्लो सर्वशक्तिमान बन्न पुगेको अमेरिका र अन्य पुँजीवादी राष्ट्रहरू विश्वव्यापीकरणको नाममा सबै कुराहरूलाई एकल बनाउन खोज्दै छन्। विश्व सामरिक रूपमा एक ध्रुवीय मात्र हैन एक भाषा, एक संस्कृति, एक पुँजी तर्फ घचेटिंदै छ। विशेषगरी विश्व बैंक र मुद्राकोषको माध्यमबाट सबै मुलुकको आर्थिक गतिविधि नियन्त्रण गर्न खोजिंदैछ। विकासको लागि उदारीकरणको नीति अघि सारेर विकासशिल मुलुकका जनताबाट उनीहरूको राष्ट्रिय सम्पत्ति माथिको स्वामित्व खोसिंदैछ। जनता मात्र हैन सरकारहरू दिनपरदिन आफ्नो स्वतन्त्रता गुमाउँदै घुमाउरो पारामा पराधीन बन्न पुग्दै छन्। पश्चिमा जगतबाट एकचोटी "नयाँ औद्योगिक राष्ट्र" र "धनाढ्य देश" भनी चित्रण गरिएका दक्षिण पूर्व र एशीयाका मुलुकहरूमा ठूलो मन्दि र आर्थिक संकट आएको छ। बहुराष्ट्रिय निगम तथा वित्तीय संस्थाहरूले मुनाफा लाने नाममा मौद्रिक भण्डार नै खाली बनाइदिएका छन्। स्थिति कन्सोसम्म बन्न पुगिसक्यो भने आफ्नो देशमा लामो समयसम्म तानाशाही लाद्ने "अपराजीय" इण्डोनेशियाका राष्ट्रपति सुहार्तोले अन्तर्राष्ट्रिय मुद्राकोषले भनेको मान्छु भन्न बाध्य भएका छन् भने दक्षिण कोरियाको राष्ट्रपति चुनावमा उम्मेदवार बनेका तीन जना नेताले जो सुकेले जिते पनि मुद्राकोषको सल्लाह अनुसार आर्थिक गतिविधि गर्ने वचनबद्धता प्रकट गरे।

उदारीकरणले गर्दा मुख्यरूपमा मजदूरहरू बेकाम भएका छन्। निजीकरणको नाममा गरिएका गतिविधिले राष्ट्रिय स्रोत सीमित बहुराष्ट्रिय वा वैदेशिक पुँजीपतिको हातमा पुगेको छ। यसरी सरकारहरू कमजोर बन्दै जाँदा "प्रजातन्त्र" पनि जनताको लागि हैन विदेशी पुँजीनिवेशको लागि बन्न पुगेको छ। प्रजातन्त्रको मापदण्ड नै उदारीकरण र निजीकरण भएको छ। मानवअधिकार आन्दोलन ५ दशकको अवधिमा विभिन्न प्रतिकूलतासित जुद्दै अगाडि बढ्दै जाने क्रममा जनताका आवश्यकता र त्यसको निर्बाध परिपूर्तिको लागि मानवअधिकार आन्दोलनले आफूलाई केन्द्रित गरेको छ। पछिल्लो दशक राजनैतिक अधिकार प्राप्तिको लागि उत्साहपूर्ण भएता पनि नयाँ आर्थिक प्रणालीको नाममा जनता बढी पीडित भएका छन्। अबको स्थितिमा विश्वभरि नै पुँजीको शोषणका विरुद्ध जनताको संघर्ष केन्द्रित हुँदैछ।

अब थोरै हामी मुलुकको मानवअधिकार आन्दोलन बारे चर्चा गरौं। हाम्रो देशमा प्रजातान्त्रिक हक अधिकार र राष्ट्रियताको सवालमा धेरै आन्दोलनहरू भए तर संगठित रूपमा मानवअधिकार आन्दोलनको शुरूवात १४ वर्ष अघि मानवअधिकार संरक्षण मंचको स्थापनाबाट भएको हो।

मानवअधिकार संरक्षण मंचले मानवअधिकार घोषणापत्र १९४८ लाई आधार मानेर आफ्नो कार्यक्रमलाई अगाडि बढायो। त्यसपछि नेपाल मानवअधिकार संगठनको जन्म भयो। ०४६ सालको जनआन्दोलनमा दुवै संस्थाका सदस्यहरूले प्रजातन्त्रको बहालीको लागि महत्वपूर्ण भूमिका खेले। ०४६ सालको आन्दोलनले पंचायती व्यवस्थालाई उखेलेर फ्याकें पछि गठन भएको अन्तरिम सरकारलाई राजनैतिक तथा नागरिक अधिकार र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका अभिसन्धिहरूमा नेपालको स्वीकृति र पक्ष बन्नको लागि मानवअधिकार कर्मीहरूले दिएको सुझावलाई स्वीकार गरी अन्तरिम सरकारले नेपाललाई नौ दुवै अभिसन्धिको पक्ष बनायो। त्यतिबेलामात्र होइन इन्सेकले संविधान सुधार सुझाव आयोगको लागि विभिन्न कार्यक्रमहरूको आयोजना गऱ्यो। विभिन्न मानवअधिकार संस्थाको पहल र प्रयासले गर्दा नेपालको संविधानलाई मानवअधिकारको घोषणापत्रको आसय अनुरूप मानवअधिकारको ग्यारेण्टी सहितको दस्तावेज बनाउन सकिएको हो। त्यति मात्रै हैन प्रजातन्त्र पछिको ७ वर्षमा यातना सम्बन्धी क्षतिपूर्ति कानून र मानवअधिकार आयोग कानूनको निर्माणले मानवअधिकारको सम्वर्द्धनमा संस्थागत प्रयत्न भएको मान्नुपर्छ।

सन् १९९३ मानवअधिकार आन्दोलनको लागि एउटा अर्को कोशे ढुंगा बनेको छ। तर अधिकारका लागि जनताको संघर्ष अनि त्यसका सफलता संगै त्यसमा थप चुनौति पनि आएको छ। विश्व भरि नै आफ्ना आर्थिक तथा राजनैतिक प्रभुत्व जमाउन राष्ट्रहरुले विभिन्न निहुँमा वा नव योजना अन्तर्गत फेरि पनि जनताको अधिकार कटौती गर्ने प्रयत्नहरु गर्दैछन्।

इन्सेकले प्रत्येक वर्ष प्रकाशित गर्ने मानवअधिकार वर्ष पुस्तकको प्रकाशन र प्रजातन्त्रोपरान्त स्थापना भएका मानवअधिकार संस्थाले प्रजातन्त्रको संरक्षण र मानवअधिकार संस्कृतिको विकासको लागि विभिन्न प्रयत्न गरेका छन्। निर्वाचन पर्यवेक्षण, मतदाता शिक्षा, तथ्य संकलन समितिको गठन र विभिन्न राष्ट्रिय मुद्दामा यिनको स्वतन्त्र अडानले पनि नेपालको मानवअधिकार आन्दोलन दक्षिण एशियाकै सबैभन्दा संगठित र एकताबद्ध बन्न पुगेको छ।

विगतको ७ वर्ष नेपालको मानवअधिकार आन्दोलनको लागि उत्साहप्रद भएता पनि मानवअधिकार हननको स्थितिलाई हेर्दा भने स्थिति अझै चिन्ताजनक नै रहेको मान्नुपर्छ।

यो ७ वर्षको अवधिमा प्रहरीको गोलीद्वारा १६३ जना मानिस मारिए। ३ वर्षको बालकदेखि घरको ४ तलामाथि आफ्नो काममा व्यस्त युवती पनि नाहकमा प्रहरीको गोलीको शिकार बनाइएको छ। देशमा अझै पंचायतकालमा राजनैतिक कारणले पक्राउ गरी बेपत्ता परिएका व्यक्तिहरू बारे राज्य मौन बसेको छ। पंचायत कालमा जनदमनमा कुख्यात प्रमाणित भएकाहरू आजको प्रजातान्त्रिक व्यवस्थामा राजकीय सम्मानको साझेदार बन्न पुगेका छन्। यो अवधिमा मुलुकमा चार वटा सरकार गठन र विघटन भइसकेका छन्। राजनीतिक स्थिति एकदमै अस्थिर बनेर गएको छ।

सत्ता प्राप्तिको गलत प्रतिस्पर्धाले मुलुकको राजनीतिलाई अपराधीकरणको दलदलमा फसाइँ दिएको छ। अपराध कर्ममा संरिक व्यक्तिहरूलाई राजनीतिक संरक्षण प्रदान गरिन्छ। उनीहरूलाई कार्वाही होइन पुरस्कृत गर्ने गरिएको छ। गरिमामय संसदका सांसदहरू स्वयंमा खरिद विक्रीका वस्तु बन्न थालेको नाङ्गो यथार्थ हाम्रा सामु प्रकट भएको छ।

देशमा अद्यापि ३५००० भन्दा बढी कमैया रहेको र उनीहरू किनबेच जस्तो दासत्व भित्र रहन बाध्य भएको स्थिति कायम छ। छुवाछूत जस्तो अमानवीय प्रचलन मुलुकमा व्याप्त छ। २० प्रतिशत धणाढ्यको हातमा ८० प्रतिशत कृषि योग्य जमिन रहेकोले किसानहरू गरीबीको रेखामुनि बाँच्न बाध्य छन्। कृषि प्रधान मुलुकमा कृषि मजदूरको न्यूनतम ज्याला समेत नतोकिएको यस्तो स्थितिमा अधिकांश नेपाली जनताको आधारभूत मानवअधिकार हनन भैरहेको छ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्रको ५० औं वर्ष गाँठ मनाउँदै गर्दा हामीले यी ५० वर्षका नमाम उपलब्धीहरूको रक्षा गर्दै मानवअधिकारको संस्थागत विकास र अधिकारको संरक्षणको लागि आन्दोलनलाई अझै तीव्र बनाउनु पर्ने आजको आवश्यकतालाई गम्भीरतापूर्वक लिन पर्दछ।

●

मानवअधिकार घोषणापत्रका पचास वर्ष र नेपाल

माधव पन्थी

आजभन्दा पचास वर्ष पहिले अर्थात १० डिसेम्बर १९४८ को संयुक्त राष्ट्र संघीय महासभाले "सम्पूर्ण मानव जातिको मानवअधिकारको संरक्षण गर्दै विश्वशान्ति र विश्व बन्धुत्व" कायम गर्नको निम्ति ३० धारा एवं विभिन्न उपधारा समेतको मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी गऱ्यो। जतिखेर यसप्रति पहिले बचनबद्धता जारी गरिएको थियो त्यस अवस्थामा दोस्रो विश्वयुद्धले थोपरिदिएको आपसी घृणा, वैमनष्य एवं कटुता चरमरूपमा व्याप्त थियो र कतिपय ठाउँका मानवीय जीवनमा नैराश्य एवं कुण्ठा पनि थियो। यसको साथै दोस्रो विश्वयुद्ध पछि मूलतः दुई ध्रुवमा विभाजित अन्तर्राष्ट्रिय सामाजिक, आर्थिक एवं राजनीतिक परिवेशमा शक्तिसम्पन्न राष्ट्रहरूको कटुताको कारणले गर्दा पुनः तेस्रो विश्वयुद्धको काली बादलले मानवीय जीवनलाई अझ कष्टकर जीवन निर्वाह गर्न बाध्य बनाउने त होइन भन्ने थप आशंका जन्माइदिएको थियो। विते‌को पाँच दशकमा विश्वयुद्धको घोषणा गरी मानवीय जीवनलाई त्रासदीपूर्ण बनाउने कार्य नभए पनि विश्वका विभिन्न भागमा शक्तिसम्पन्न राष्ट्रले साना एवं कमजोर राष्ट्रमाथि आक्रमण तथा हस्तक्षेप गरी विश्वका करोडौं जनता कष्टकर जीवन बिताउन बाध्य भएका छन्। आफूलाई विश्वको एकमात्र "चक्रवर्ती" बनाउने ध्याउन्नमा आफ्ना जनताको सामान्य मानवीय जीवन निर्वाह गर्न पाउने मौलिक एवं मानवीय हकमाथि कुठाराघात गर्दै आणविक हात हतियारको निर्माण र विकासमा कतिपय मुलुकहरू तल्लीन भएका छन्। शस्त्रास्त्रको प्रतिस्पर्धाको कारणले गर्दा थुप्रै विवशता, बाध्यता र कठिनाइको बावजुद कतिपय मुलुकले आफ्नो कुल राष्ट्रिय उत्पादनको अधिकांश हिस्सा त्यसमा खर्च गरिरहेका छन्। यस अवधिमा गरिएको खोज, अनुसन्धान र परीक्षणमा "मानवीय जीवनलाई खुसी र समृद्धशाली बनाउने विषयमा भन्दा राष्ट्रिय सुरक्षा र विश्व प्रतिष्ठा कायम गर्ने नाममा आणविक हातहतियार एवं जैविक तथा रासायनिक हतियारको विकासमा तल्लीन भएको छन्। यस अवधिमा आणविक हातहतियारको क्षेत्रमा विश्वले जे जति खर्च गऱ्यो त्यसको बहुत थोरै अंश मात्र भए पनि मानवीय जीवनको सृजनात्मक एवं रचनात्मक विकासमा खर्च गरिदिएको भए विश्वका बहुसंख्यक जनताको जीवनस्तरमा निकै महत्वपूर्ण सुधार, विकास एवं प्रगति हुनसक्थ्यो। अतः विते‌को पाँच दशकमा घोषित विश्वयुद्ध नभए पनि अघोषित रूपमा विश्वका शक्तिशाली मुलुकहरूले विभिन्न युद्धमा करोडौं निरपराध जनतालाई मुछ्ने र उनीहरूको सुखमय जिन्दगीका सुन्दर सपनालाई चकनाचुर पारिदिएर एक्काइसौं शताब्दीको पूर्वसन्ध्यामा पनि नाटकीय जीवनतर्फ धकेली दिएका छन्, लाखौं लाख जनताका सुन्दरवस्तीहरूमा आगो लगाई दिएर खण्डहरमा रूपान्तरित बनाएका छन्। सारांशमा यस अवधिमा युद्ध एवं हातहतियारको क्षेत्रमा गरिएको व्यर्थको खर्च प्रथम तथा दोस्रो विश्वयुद्धमा भएको धनजनको क्षतिभन्दा कैयौं गुना बढी भएको कुरा विभिन्न तथ्यांकले प्रमाणित गरिदिएका छन्। यो नै विते‌को पाँच दशकको विश्वराजनीतिक रंगमंचको कटु यथार्थ हो।

यस अवधिमा शान्ति, स्वतन्त्रता, विश्वबन्धुत्व र मानवअधिकारका हिमायतीहरूको शक्तिमा विगतको तुलनामा निकै प्रगति पनि भएको छ। स्थापनाकालको संयुक्त राष्ट्रसंघीय अवधारणा र संरचनामा समेत परिवर्तन आएको छ भने कुनै जमानामा औपचारिक दासताको जंजीरले बाँधिएर अपमानित जीवन बिताउन बाध्य भएका मुलुकहरूले स्वतन्त्रता प्राप्त गरेका छन् र विश्वको राजनीतिक

पचासौं विश्व मानव अधिकार दिवस

संयुक्त राष्ट्र संघद्वारा मानवअधिकारको विश्वव्यापी घोषणापत्र पारित भएको ५० औं वार्षिकोत्सवको अवसरमा ०५४ मंसिर २५ गते काठमाण्डौमा विभिन्न कार्यक्रमहरू सम्पन्न भए।

सो अवसरमा "मानवअधिकारको उल्लंघन मानवता विरूद्धको अपराध हो, दण्डहीनता राजनीतिमा अपराधिकरणको श्रोत हो"भन्ने मूल नाराकासाथ विभिन्न मानव अधिकार संस्थाहरूद्वारा संयुक्त रूपमा एक जुलुश तथा विरोध प्रदर्शन कार्यक्रम सम्पन्न गरियो। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), मानवअधिकार संरक्षण मंच (मासम), सिविन, सिभिक्ट, ग्रिन्सो, इन्डुरेड इन्टरन्याशनल, जनअधिकार सरोकार अभियान, आईएचआरडि लगायतका मानवअधिकार संस्थाहरूद्वारा आयोजित उक्त जुलुश बसन्तपुरबाट शुरू भएको थियो। जुलुशले राजनीतिमा अपराधिकरणको अन्त्य गर, पंचायतकालीन अपराधीहरूलाई सजाय देऊ, दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं, कानूनी राज्यको स्थापना गर जस्ता नाराहरू सहित नयाँ सडक, रत्नपार्क, बागबजार, पुतलीसडक, प्रदर्शनी मार्ग आदि महत्वपूर्ण स्थानहरूको परिक्रमा गरी भद्रकालीमा समापन भएको थियो।

जुलुशको समापनका अवसरमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष सुशिल प्याकुरेल र मासमका महासचिव कृष्णप्रसाद सिवाकोटीले आयोजकहरूको तर्फबाट मन्तव्य व्यक्त गर्नु भएको थियो। उहाँहरूले जुलुशका सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्दै मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको ५० औं वर्षका अवसरमा नेपालका मानवअधिकार संस्थाहरूद्वारा संयुक्त रूपमा विभिन्न कार्यक्रमहरू संचालन गरिने जानकारी दिनुभयो। अहिले देशमा बनेका कानूनहरू माथिल्लो निकायद्वारा नै उल्लंघन गरिएको, मानवअधिकारको चरम उल्लंघन गर्ने र पंचायती कालरात्री संचालन गर्ने व्यक्तिहरू नै देशका नेता बनेको तथा अपराधीहरूलाई जनता स्वयंले आवश्यक सजाय दिन एकजुट भएर अगाडि बढ्नुपर्ने आवश्यकता माथि जोड दिनु भएको थियो।

विश्व मानवअधिकार दिवसको उपलक्ष्यमा काठमाण्डौ नेपाल मानवअधिकार संगठन र कानून तथा न्याय मन्त्रालयको संयुक्त आयोजनामा "मानवअधिकार र नेपाल अधिराज्यको संविधान २०४७" विषयक प्रवचन कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा मानवअधिकारको सम्बन्धमा प्रवचन दिन प्रमुख अतिथिको रूपमा आउनु भएका प्रधानमंत्री सूर्यबहादुर समक्ष इन्सेक, मासम, सिविन, सिभिक्ट, ग्रिन्सो लगायतका मानवअधिकार संस्थाहरूद्वारा आयोजित जुलुशका सहभागीहरूद्वारा विरोध प्रदर्शन समेत गरियो। पंचायतकालमा मानवअधिकारको चरम उल्लंघन गर्ने, जनता र प्रजातन्त्र प्राप्तिको लागि संघर्ष गर्ने नेताहरूमाथि बर्बर दमन गरी यातना दिने दोषीहरूलाई दण्डमुक्त गर्नु हुँदैन भन्दै उक्त विरोध प्रदर्शन गरिएको थियो। यसका साथै विभिन्न मानवअधिकार संस्थाहरूद्वारा शान्ति पदयात्रा, हस्ताक्षर संकलन जस्ता विविध क्रियाकलापहरू सम्पन्न गरिएको थियो।

– प्रकाश ज्ञवाली

रंगमंचमा निर्णायक नहमा पुग्न सफल भएका छन्। स्वयं संयुक्त राष्ट्र संघ पनि केही सीमित शक्तिसम्पन्न राष्ट्रहरूको क्रिडास्थल बन्ने अवस्थाबाट मुक्त हुने प्रयास गर्दैछ तर शक्तिसम्पन्न राष्ट्रले आफ्नो अनुकूल निर्णय नभए पछि आफ्नो "दादागिरी" चलाउने प्रयास गरेको पनि देखिन्छ। हिजो कायम भएका मूल्य, मान्यता र आधार क्रमशः भत्किंदै गएका छन् र लामो समय देखि कायम रहेको शीतयुद्धको स्थिति समाप्त भएको छ। तैपनि विश्वमा हैकमवादी प्रवृत्ति यथावत कायम नै छ र अरूमाथि आफ्नो आधिपत्य कायम गर्न चाहने नीति अनुरूप साना एवं कमजोर राष्ट्रमाथि आर्थिक एवं राजनीतिक हस्तक्षेप गरी आफ्नो अनुकूलको निर्णय गराउने काममा हैकमवादी राष्ट्रहरू लागिपरेका छन्। यसको विरोधमा संसार भरिका न्यायप्रेमी जनता आ-आफ्नो किसिमबाट संलग्न भएका छन् र विविध अनुभव हासिल गरेका छन्।

"स्वतन्त्रता मानव जीवनको जन्मसिद्ध नैसर्गिक अधिकार हो शोषणको विरुद्ध विद्रोह गर्ने उसको हकलाई कुण्ठित गर्न सकिंदैन" भन्ने मूल भावनासाथ प्रतिबद्धता व्यक्त गर्दै जारी गरिएको मानव अधिकारको विश्वव्यापी घोषणापत्र हजारौं वर्षदेखि मानवअधिकारको विषयमा गरिएको संघर्षले अन्तर्राष्ट्रिय स्तरमा संगठित रुपले प्राप्त गरेको सफलताको पहिलो खुड्किलो हो। यसको जगमा खडा भएर मानव जातिले अन्तर्राष्ट्रिय, क्षेत्रीय एवं राष्ट्रिय स्तरमा थुप्रै सफलता प्राप्त गरेको छ र यस संघर्षले श्रृंखलाबद्ध रूपमा संसारका बहुसंख्यक जनतालाई एक आपसमा संगठित बनाएको छ। यस क्रममा सन् १९६६ मा राजनीतिक एवं नागरिक अधिकार सम्बन्धी अभिसन्धि र सामाजिक, आर्थिक र सांस्कृतिक अधिकार सम्बन्धी अभिसन्धि पनि पारित गरेका छन् भने श्रमिक महिला, बालबालिका तथा जातीय विभेद लगायत थुप्रै अभिसन्धि पनि पारित भएका छन्। संयुक्त राष्ट्र संघ र सम्बद्ध निकायहरूले गरेका निर्णयहरू बाध्यात्मक बन्धनकारी नहुने र यसले खाली नैतिक दबाव दिने खालका मात्र हुने भएकाले यसको माध्यमबाट गरिएका थुप्रै निर्णयहरूलाई शक्तिशाली राष्ट्रहरूले आफ्ना विपक्षीहरूको मानमर्दन गर्ने हतियारको रूपमा प्रयोग गर्दै आएका छन् र विभिन्न बहानामा साना तथा कमजोर राष्ट्रको आन्तरिक मामलामा हस्तक्षेप गर्ने तथा आफ्नो अनुकूलको व्यवस्था तथा नीति नियम लागू गर्न बाध्य गराउने काम पनि भएको छ। यस विषयमा देखिएको यो कमजोरी पक्ष हो तैपनि मानव अधिकारको क्षेत्रमा गरिएका प्रयासहरूले यसका सामान्य सिद्धान्त एवं मान्यताको जानकारी हासिल गर्न र प्रचारात्मक क्षेत्रमा सकारात्मक योगदान गरेको तथ्यलाई विसंन र अवमूल्यन गर्न सकिंदैन।

जतिखेर मानवअधिकारको विश्वव्यापी घोषापत्र जारी गरिएको थियो त्यतिखेर नेपालमा जंगबहादुरले शुरू गरेको राणाशासनले आफ्नो शासन व्यवस्था टिकाउनको निम्ति विभिन्न जाल बुन्दै थियो, जनताका सामान्य प्रजातान्त्रिक अधिकार समेत कुण्ठित थिए र स्वतन्त्रताको चाहना गरेमा नेपालीहरू क्रूर राणाशाहीको क्रोधको शिकार बन्नु पर्ने अवस्था थियो। यस बीच नेपालका साना ठूला नदीनालाबाट पानी बगेको छ र स्वतन्त्रता र प्रजातन्त्र प्राप्तिको संघर्षमा थुप्रै नेपालीहरूको रगतले देश सिंचित भएको छ। २००७ सालमा राणाशासनको अन्त्य भै सीमित बहुदलीय प्रजातन्त्रको शुरुवात भए पनि २०१७ पुस १ गतेको राजा महेन्द्रको कदमबाट पंचायती व्यवस्थाको नाममा निर्दलीय निरंकुश व्यवस्थाको शुरुवात भयो र नेपाली जनताका मौलिक प्रजातान्त्रिक अधिकारहरू स्थगित भए। यस व्यवस्थामा पनि लगभग तीन दशक बिताउनु पर्‍यो र यसको विरुद्धमा गरिएका निरन्तर संघर्षको विकसित २०४६ सालको ऐतिहासिक संयुक्त जनआन्दोलनको माध्यमबाट पंचायती व्यवस्थाको अन्त्य र बहुदलको स्थापना भएको छ र त्यस पछि २०४७ कार्तिक २३ मा लागू भएको नेपाल अधिराज्यको संविधानले मानवअधिकार र मौलिक अधिकारलाई संस्थागत गर्दै यसको अपरिवर्तनीयताको ग्यारन्टी समेत गरेको छ। हाम्रो देशमा बहुदलीय व्यवस्थाको स्थापनामा मानव अधिकार आन्दोलनलाई अघि बढाउने संस्थाहरूको समेत महत्वपूर्ण योगदान रहेको छ।

वर्तमान व्यवस्था एवं संविधान लागू भएको पनि सात वर्ष बितिसकेको छ। यस अवधिमा घटेका घटनाहरूको बारेमा मानव अधिकारको सन्दर्भमा

"स्वतन्त्रता मानव जीवनको जन्मसिद्ध नैसर्गिक अधिकार हो शोषणको विरुद्ध विद्रोह गर्ने उसको हकलाई कुण्ठित गर्न सकिंदैन" भन्ने मूल भावनासाथ प्रतिबद्धता व्यक्त गर्दै जारी गरिएको मानव अधिकारको विश्वव्यापी घोषणापत्र हजारौं वर्षदेखि मानवअधिकारको विषयमा गरिएका संघर्षले अन्तर्राष्ट्रिय स्तरमा संगठित रुपले प्राप्त गरेको सफलताको पहिला खुड्किलो हो। यसैको जगमा खडा भएर मानव जातिले अन्तर्राष्ट्रिय, क्षेत्रीय एवं राष्ट्रिय स्तरमा थुप्रै सफलता प्राप्त गरेको छ र यस संघर्षले श्रृंखलाबद्ध रुपमा संसारका बहुसंख्यक जनतालाई एक आपसमा संगठित बनाएको छ।

विवेचना गर्ने हो भने निश्चिन्त हुने र सन्तोष गर्ने किसिमका छैनन्। संविधान जारी गर्दा यससंग बाझिने कानूनहरू एक वर्ष पछि स्वतः निष्क्रिय (खारेज) हुने भनिए पनि पुराना के कति कानूनहरू निष्क्रिय वा खारेज गरिए भन्ने कुराको औपचारिक जानकारी कुनै पनि सरकारले जनतालाई दिएको छैन। मृत्युदण्ड सम्बन्धी ऐन खारेज गरी पाउँ भनी सर्वोच्चमा दिएको निवेदनको फैसला गर्दा हाललाई मृत्युदण्ड संविधानद्वारा निषेधित भएकोले रिट निवेदन जारी गर्न नपर्ने भनिए पनि मृत्युदण्ड सम्बन्धी सबै कानून खारेज गर्ने गरी कानून बनाउन आदेश दिएको पाइएन। यसै गरी दासप्रथाको (कमैया) को मुक्तिको निम्ति अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले दिएको रिट निवेदनमा नेपालमा कमैयाको अस्तित्वलाई स्वीकार्दा स्वीकार्दै पनि यसको अन्त्यको निम्ति सशक्त आदेश दिन सकेन। कार्यपालिकाको क्षेत्रबाट गरिने मानवअधिकारको हनन सम्बन्धी कार्य र गतिविधिमा उल्लेख्य परिवर्तन आउन सकेको छैन र पंचायतकालीन मानसिकतावाट प्रहरी प्रशासन माथि उठ्न सकेको देखिंदैन। अहिले पनि प्रगतिशील राजनीतिक शक्तिमाथि राज्य नियन्त्रित शक्तिले प्रतिशोध लिने काम गरेको छ। अझ २०५२ साल फागुनदेखि मुक्त गरिएको भनिएको जनयुद्ध र त्यसलाई नियन्त्रण गर्ने नाममा सयौंको ज्यान गएको छ। हजारौंले विभिन्न मुद्दा खेप्न परेको छ। अतः देशमा बहुदलीय व्यवस्था आए पनि बहुदलीय राजनीतिक संस्कार विकसित हुन सकेको छैन र संविधानले मानव अधिकारको प्रत्याभूति गरे पनि यस प्रति सम्मान गर्ने संस्कार र चेतनालाई व्यवहारमा उतारिएको छैन।

मानवअधिकारको दृष्टिकोणबाट सबभन्दा दुखद पक्ष के बनेको छ भने सत्तामा नरहेको बेलामा यसको हनन भएको छ र मानवअधिकारको पूर्णबहाली गर्नु पर्दछ भनेर जनताका बीचमा सन्देश पुऱ्याउने राजनीतिक शक्तिले जब सत्तापक्षको भूमिका निर्वाह गर्न पुग्दछ त्यतिखेर जनताका बीचमा गरिएका वाचाकबोल र प्रतिबद्धता बिर्सने गरेको पाइएको छ। बहुदलको स्थापना पछि पनि यो संस्कार र शैलीमा तात्विक भिन्नता आएको छैन र कुनै पनि सरकार र त्यसमा रहेका व्यक्ति पनि अपवाद बन्न सकेनन्। जनतालाई सार्वभौम र शक्तिशाली बनाउने वाचाकबोल गरी जनताको अभिमतबाट राज्य संचालन गर्ने तहमा पुगेका व्यक्तिले जनताको पंक्तिलाई शक्तिशाली र मजबूत बनाउनुको साटो आफूलाई शक्तिशाली बनाउने अभियानमा तल्लीन भएको पाइयो। निरंकुश तथा निर्दलीय व्यवस्थाको विरुद्ध संघर्ष गर्दा जनसमर्थन प्राप्त गर्न सफल राजनीतिक पार्टीका जिम्मेवार नेताहरू एकपटक सरकारमा पुगे पछि पुनः कहिल्ये फर्न नपर्ने मानसिकता र सरकारमा पुगेको अवसरलाई शाखा सन्तान पोस्ने माध्यमको रूपमा प्रयोग गर्ने गरेको पाइयो। यस किसिमको विकृतिपूर्ण स्थितिको अन्त्य गर्नु आजको आवश्यकता बनेको छ।

विगतमा झैं यस वर्षको मानवअधिकार दिवसको सन्दर्भमा सरकारी स्तरबाट पनि औपचारिक कार्यक्रम सम्पन्न भए। यस पटकको मानवअधिकार दिवसको सन्दर्भमा विडम्बनाको विषय यो बनेको छ कि मानवअधिकार तथा बहुदलीय संसदीय शासन प्रणालीको विषयमा प्रतिबद्धता व्यक्त गरेको वर्तमान संविधान अनुसार हालको प्रधानमन्त्री पदमा "छिन्ताङमा दर्जनौं नेपालीको हत्या गरी खुनी बनेका तथा कलंकको टीका लगाएका" सूर्यबहादुर थापा आसीन हुन पुगेका छन् र उनी सरकारी संचारमाध्यमद्वारा मानवअधिकार र प्रजातन्त्रको अर्ती उपदेश दिंदैछन्। जसले जीवनको एकक्षण पनि यस विषयमा सोचेन वा कुनै प्रयास गरेन त्यही व्यक्ति नै यसको प्रवक्ता जस्तो देखिंदैछन्। जसको जिन्दगीको महत्वपूर्ण हिस्सा षडयन्त्र र सत्ता हत्याउने काममा मात्र खर्च गऱ्यो आज उही नै जनताका प्रजातान्त्रिक अधिकार र मानवअधिकारको पाण्डित्यपूर्ण भाषण छाट्दैछन्। जसले आफ्नो सम्पूर्ण शक्ति र उर्जा निरंकुश निर्दलीय पंचायती व्यवस्थाको हितको निम्ति समर्पित गऱ्यो उही व्यक्ति बहुदलीय व्यवस्थाको निकै जिम्मेवारपूर्ण पदमा पुगेका छन्। यसबाट हाम्रो देशको मानवअधिकारको हालको अवस्था कस्तो रहेछ भन्ने स्पष्ट हुन्छ।

●

विहा भोज

खगेन्द्र संग्रौला

दश मिनेट भइसक्यो, विजय कन्दङ्गवा राजसी पुलिस क्लबको गेट बाहिरपट्टि उभिएको उभियै छ। त्यसै-त्यसै होस गुम भए जस्तो, आफ्नै मनको तर्कनाको जंगलमा आफै हराए जस्तो पर्खालको पर्दाले जीउ लुकाएर उभिएको छ ऊ। यसो घिच्चो उठाएर वटुवाले भैं घरिधरि भित्र हेर्छ। भित्र पुलिस क्लबमा मन्त्री चक्रप्रसादका छोराको विहा भोज छ। ऊ निर्याँलेर हेर्छ, त्यहाँ आफू जस्तो सके ऊ वाहेक कोही पो नहोला कि। त्यहाँका अवाड, लवाइ, हिंडाइ, मुद्रा, हाउभाउ - सबका सब बिराना छन्। त्यहाँ श्री पिस सूट र टाई लाएका रवाफी मर्दहरूको कुँडुलो छ। त्यहाँ नयाँ-नयाँ शैलीमा कार्वीमुन्तिर हेमानका सुनका तिलहरी झुण्ड्याएका सुकोमल जनानाहरूको रंगीबिरंगी बगाल छ। विजय आफ्नो सादा, धुले पहिरनको फिका चित्र मनमा खिच्दै गम्छ, अहँ यो भोज मलाई सुहाउँदैन। यो मेरो ठाउँ होइन, हुँदै होइन यो मेरो ठाउँ।

गेटमा गाडीहरूको आउँ-जाउँ अटुट चलिरहेछ। सर्प भैं सुलुत्त चिप्लिंदै सांसद सवार भएका, छुँदैमा दाग लाग्ला जस्तो नयाँ पजेरो रवाफी मुद्रामा भित्र पस्छ। आफ्नो वान्कोको धाक लाउँदै चिटिक्क परेको प्राडो हुर्रिकन्छ। तडकभडकको होडवाजीमा म पो के हारूँला र भने झैं गरी टुपर लस्किन्छ। बीचबीचमा प्रहरी भ्यानहरू बेतोड चालले भित्र पस्छन, हतारिंदै हुत्तिएर बाहिर निस्कन्छन्। मानौं कतै जनविरोधको विप्लवी ज्वाला दन्किरहेछ र जनताको इच्छालाई कुल्चिन प्रहरी भ्यानहरू बाहिर गइरहेछन्। मानौं जनवीरहरूलाई पक्रेर प्रहरी भ्यानहरू भित्र आइरहेछन्। त्यो ठाउँ र त्यो भोज विजयलाई सपनाभित्रको भयकर सपना जस्तो, भ्रम जस्तो लाग्छ। त्यहाँ कत्रो चहलपहल छ, कत्रो रोवरवाफ छ। त्यहाँ जो-जो जुटेका छन् ती अस्तिका, हिजोका र आजका शासक घरानाका काजी र कजिनीहरू जस्ता छन्। मानौं त्यो श्री ३ महाराज जुद्ध शमशेरका सुपुत्रको राजसी विहा भोज हो। तर जुद्ध शमशेर मरेर गएको त जमाना भइसक्यो नि। के मरेर गइसकेको जुद्ध शमशेर फेरी इतिहासको फोहोरी चहानवाट बौरिएर, छलकारी भेष बदलेर राजसी पुलिस क्लबमा छोराको विलासी विहा भोजको उत्सव मनाउन आएको होला? भोज खान डुबलीको उमंग हेर्छ र विजय बिलखबन्धमा पर्छ।

पर्सू कि नपर्सू, पर्सू कि नपर्सू गर्दागर्दै कुने अन्तःप्रेरणाले हठात् धकेलिएर विजय भित्र पस्यो। साँझपख्वको घाम झलमल्ल लागिरहेकै छ, तर विजयलाई आफ्नो आँडको घाम अस्ताए झैं लाग्यो। पुरानो रोमाञ्चक सम्झनाको तरङ्गले उसको मनमा अनायास झट्का दियो- म फेरी चितुवाको खोरमा जकडिएँ ! आउँ भनेर यस पुलिस क्लबमा ऊ पहिले कहिल्यै आएको होइन। पुलिसले पक्राउ गरेर उसलाई यहाँ एक-दुई चोटि होइन द-दश चोटी ल्याएको थिए। कहिले वाटवाटै गोहे, कहिले त राजा-व्यवस्था विरोधीलाई गोली ठोक्छु, माछु, तेरो लास दवाउँछु भनेर मुखमा आएजस्तो गाली गर्दै। तर त्यही बधशालामा आहिले विहा भोज छ र विजय लोकाचारको खोल आडेर भोजको निम्ता मान्न आएको छ। भोज पनि जसतसको होइन, विजयको एकताकाको नङ-मासु सरहको कामरेड चक्रपसादको छोराको।

पुलिस क्लबको लामो न लामो, अग्लो न अग्लो टहरोभित्र भोजको मगमग बासनादार परिकारहरू लहरै सजाइएका छन्। परिकार ज्युनार गर्न भित्र जाने गइरहेछन्, परिकारको थाल बोकेर खाँदै बाहिर निस्कने निस्किरहेछन्। निम्तालुहरू झुण्डैझुण्डामा बाँडिएर गफ गर्दै, हँसीठट्टा गर्दै थरौथरीका परिकारको परम आनन्द लिइरहेछन्। विजय हलभित्र एक्लो छ, मानौं फगत एक्लो। मान्छे त्यतिका छन्, तर प्रायः कसैका आँखा उसमाथि परेनन्। ज-जसका आँखा उसका आँखासँग जुधे ती आ-आफ्नै तानामा मस्त थिए, सबै आ-आफ्नै आनन्दमा मग्न थिए। नपस्नु भित्र पसिहाल्यो, अब यसो मुख नदेखाई त्यत्तिकै बाटो लाग्न पनि न मिलेन। उसलाई अस्पट-अस्पट लागेर आयो, चित्तको घैंटोमा निसासको पीरो धूवाँको मुस्लो मडारियो।

विजय बिरानो, बिलासी हुलदेखि छलिंदै पुलिस परिसरको एकलास-एकलास जस्तो एक कुनाको सानो, होचो करूवा टहरोमुनि भुइँमरि पातपतिङ्गर र कसिङ्गर छरिएको फलैंचामा थुचुक्क बस्यो। बसेर आँखा मिच्यो र चुरोट सल्कायो। चुरोटको धुँवासँगै चित्तको निसास पोख्दा उसको गरूङ्गो मन तैंविसेक हलुङ्गो झैं भयो। लामो सुस्केरा हाल्दै फेरी मिहिन पाराले उसले परिवेशको रूप, रङ्ग र चहलपहल जाँच्यो। चारैतिर स्याउँस्याउँती मान्छेको गोलो छ मानौं त्यो विहा भोज होइन टाँडखेलको जङ्गी आमसभा हो। मेरी बास्सै, विहा भोजमा पनि मान्छेको त्यहाँ कत्रो असमेल भेल ? त्यो कत्रो कुँडुलो ? विजय, आखिर कुँडुलोमा को छ ? विजय परिवेशका केस्रा-केस्रा केलाउन खोज्दै चनाखा आँखा चारैतिर डुलाउँछ। महापञ्च, मण्डले, कमाण्डो, तस्कर, माफिया मण्डली.....। विजय, कुँडुलोमा आखिर को पो छैन होला र ?

भैगो, सुटुक्क बाटो तताउँछु, विजयले मनमनै गोप्य कुरा गम्यो। यो भोज मलाई सुहाउँदैन, यो मेरो ठाउँ होइन! हुँदै होइन।

उ उठ्यो। र लुसुक्क बाटो लाग्यो।

गेटमा पुग्न आठ-दश कदम मात्र बाँकी थियो, पडाडिवाट चिने- चिने जस्तो स्वरले उसलाई पछ्यायो- "विजय"

बोलाउने मान्छे मन्त्री चक्रप्रसाद रहेछ, दुलाहाको बाउ।

चक्रप्रसादले पालिस घसेजस्तो नक्कली स्वरमा भन्यो- "नमस्कार"।

विजय हल न चल भएर त्यत्तिकै उभिइरह्यो। चक्रप्रसादले हात लम्काएर मरक्क हात पनि मिलाइहाल्यो।

"विजय कमरेड! " सम्बोधनको साउनो कसैले सुन्लान् कि झैं गरी चक्रप्रसादले मसिनो, संशयपूर्ण स्वरमा भन्यो, "कमरेड, यसो खानपीन

....."

विजयले चक्रप्रसादका आँखामा ठाडै हेर्‍यो। उसका चित्तको अन्तरका कुनाकानी समेत भेदन गर्ने गरी हेर्‍यो र एक टङ्कारले हेरिरह्यो।

"चक्रप्रसाद, आज तिमी खुसी छौ ?"

"खुसी त त्यस्तै हो कमरेड, थकित छु।"

"ऊ त्यो यातनाशालामा कुने दिन तिमी र म सँगै थुनिएको सम्झन्छौ ?" सिधा अगाडि परेको अग्लो पर्खालको सेपमुनिको भवनको भूइँ तलातिर दृष्टि हुत्याउँदै विजयले सोध्यो, "कि बिर्स्यौ चक्रप्रसाद ? यसो सम्झ त, यस जुनीमा कुने बेला त्यस्ता दिन पनि काटिएथे। अनि आज यो यस्तो दिन पनि देखियो। भन त चक्रप्रसाद, तिमी आज साँच्चै खुसी छौ ?"

चक्रप्रसादका दृष्टि यातनाशालाको बाहिरी भित्तामा टक्क अडिएर टोलाए। उनन्तीस सालतिरको कुरा हो, ती दुई भाइ सँगै पुलिसका पञ्जामा परेथे। तिनलाई राजद्रोहको बात लागेको थियो। परको त्यही भवनको भूइँ तलामा तिनलाई थुनेका थिए। कोठामा झ्याल थिएनन्, डेढ मान्छे उत्ति माथि कोठाभरी गरी दुई-तीनवटा ससना तेर्सा टोड्का मात्र थिए। काठमाण्डौंको ठण्डा हिउँद, उसमाथि सिमसिम पानी परिरहेको ननिको याम। सुकुल वाहक ओछ्याउने भन्नु हेही थिएन त्यहाँ। ओड्नेको कुरा त आकासको फल सरह भइहाल्यो। अनि सास्तीको श्रृंखला, उफ! त्यसको के कुरा गर्नु! गोलगोल डण्ठाले तिनले तिनका तिघ्रा पोले। उँधो मुन्टो पारेर तिनलाई झुण्ड्याए र पैतालामा कोर्रापछि कोर्रा वर्षाए। भन् साला, तेरो भूमिगत अड्डा कहाँ-कहाँ छ? अझ बोल्दैनस्, तेरो मूल नाइके को हो ? बाँच्न मन भए खुरुक्क भन्।

सास्तीले बरू सारा ब्रम्हाण्डमा आगो लागोस्, धर्ती चिरियोस्, आकास फाटोस्- तिनले गुहृय कुरो खोलेनन्, खोल्दै खोलेनन्। नशा नशामा प्रवाहित भएको असह्य पीडाको आगो दारा किटेर तिनले खपे। तिनलाई विश्वास थियो, एक दिन, सारा जना व्यूँझेर, धागोमा उनेको माला झैं एक ज्यान एक प्राण भएर यस अत्याचारी संसारमा हल्ला लाएको दिन, यो सढेको संसारको सारा फोहोर मैला हुर्हुरी बन्नेछ। त्यो बलेर भष्मखरानी हुनेछ। र, खरानीको थुप्रोबाट नयाँ सभ्यताको आँकुरो टुसाउने छ। अनि इन्साफ र प्रेमको न्यानोले भरिएको जीवन .....। त्यो दिन आउँछ, तिनलाई पक्कापक्की विश्वास थियो, कुन खूनी तागतले छेक्न सक्छ त्यो दिन आउने बाटोलाई? र, त्यो दिन नआइ छाड्दैन भन्ने विश्वासमा तिनले पञ्चायती कुम्भीपाकका सबै सास्ती झेले। यातनाको अनन्त मेसोमा सियोले घोचेर तिनका नङ छियाछिया पारिए, भुल्ल्याउँदा-भुल्ल्याउँदा तिनका कपाल चरीनाङ्गे भए। एकाध हप्ता तिनलाई सँगै राखेका थिए। त्यतिन्जेल तिनले आपसमा टाँसिएर एकअर्कासंग ज्यानको न्यानो बाँडचूड गरेथे, साउतीको स्वरमा एकअर्कालाई साहस दिएथे, ढाडस दिएथे। तिनले एकाध दिनमा दुई फाँको च्यूरा पाउँथे। नूनको ढिकोसँग च्यूरा चपाउँदै आँखे-आँखाको भाखाले तिनले सुख र दुःखका भावना साटासाट गर्न पाउँथे। तर पापीहरूले पछि तिनलाई चिर पारेर छुट्टाछुट्टै राखे। अनि त्यो एकलास, त्यो भोक, त्यो जाडो, त्यो बर्बर सास्ती, त्यो अकथनीय पीडा, पलपलको त्यो आतंक, विचित्रको त्यो काल पर्खाइ, उफ् त्यो सब .....।

"चक्रप्रसाद ! यति चाँडै ती दिन बिर्सिहाल्यौ?"

चक्रप्रसाद मुन्टो थोरै निहुराएर आवाक-अवाक उभिइरह्यो। मानौं अब तयो इख र डमान भएको जिउँदो मान्छे रहेन। मानौं त्यो संवेदनाहीन, लज्जाहीन मुर्दामा परिणत भयो!

"थिल्थिलो भएको जीउभरिका ती नीलडाम र ती घाउ, चुटाउ र चीसोले सुन्निएर ढुस्स फुलेका चिनिनसक्नु अनुहार, आफ्नै जीउको घाउ औंसा परेर आफ्नै नाकोतर उठिरहेको आफैलाई बान्ता होला जस्तो त्यो घनघोर गन्ध, चक्रप्रसाद, बिर्स्यौ त्यो सब? धेरै दुःखीहरूको दुःख हर्न सकियोस् भनेर राजीखुसीले, हाँसी-हाँसी मर्ने घडी पर्खेका विचित्रका ती दिन, ती सब बिर्स्यौ ?"

चक्रप्रसाद तैपनि मुन्टो थोरै निहुराएर अवाक्-अवाक् उभिइरह्यो। मानौं त्यो संवेदनाहीन, लज्जाहीन मुर्दामा परिणत भयो।

"चक्रप्रसाद" तीव्र आवेगले विजयको स्वर थर्थरायो, "यस्तै दिन ल्याउनलाई खपेका थियौं त त्यो हण्डर, त्यो अपमान, त्यो सास्ती? सब यही छुद्र स्वार्थका लागि? दुनियाँछेउ गरेका वाचा बिर्सेर सब बेचिन्वानका लागि? चक्रप्रसाद ! चक्रप्रसाद !! चक्रप्रसाद !!!---"

त्यत्तिकैमा प्रधानमन्त्री आउन लागेको छनक आयो। मै हुँ भन्ने खालको धिपधिपे बत्ति बल्ने प्रहरी भ्यान प्रधानमन्त्रीको कार अघिअघि गेटभित्र छिर्‍यो। अलिकता अताल्लिए झैं, हर्षले अलिकता फुरङ्ग परे झैं चक्रप्रसाद चनाखो भयो। अनि "कमरेड एकछिन हे" भन्दै, दौराको फेर मिलाउँदै बेरेदेखि थोरै निहुरेर ऊ प्रधानमन्त्रीको स्वागत गर्न प्रहरी भ्यानको पाछिपाछि कुद्दै गयो।

विजयका क्याम्पसको सहकर्मी शिक्षक ढोकाबाट छिर्‍यो, गोपिनाथ। विजय र उसले हात मिलाए र खैनी खाए।

"भान्सा गरियो, पार्टनर?" खैनीले खुडलिएका गिजामा खैनीकै घान हाल्दै गोपिनाथले सोध्यो।

"मलाई खान मन छैन।"

"धत् पार्टनर, खानु पर्छ। दुई हातले सोहोरेर खानु पर्छ।"

गोपिनाथ ठूलो मान्छे थियो। उसले हात नहालेको विद्या र नाउँ कमाएको क्षेत्र कुनै बाँकी थिएन। क्याम्पसको मास्टर त ऊ यसै छँदैथियो। ऊ वकिल पनि थियो, ऊ साहित्य समीक्षक पनि थियो, ऊ पत्रकार पनि थियो। ऊ चलनचल्तीको मूल धारको बौद्धिक चरीत्र नायक थियो। दुनियाँले बुझ्ने भाषामा प्वाक्क भन्ने हो भने ऊ बेजोडको चाकरीबाज थियो। तर उसका रूप अनेक थिए, रङ्ग अनेक थिए। फुर्सदको बेलामा ऊ प्रतिपक्षको आवाज यति जोडले उरालथ्यो, खै के भन्नु !

"पार्टनर, थाहा छ यो भोज खान पाउने भाग्यमानी आज कतिजना हुन्छन्?"

"कति जना?"

"कम्तीमा सोह्र हजार।"

विजयले विस्मयको भावमा जिब्रो टोक्यो- हुँ ! सोह्र हजार!

"पार्टनर, थाहा छ सोह्र हजार भाग्यमानीले आज कति रकम ज्युनार गर्दैछन् ?"

"कति?"

"घटिमा दश लाख।"

"ठिकै हो गोपि, उहिलेका प्रजाप्रेमी जुद्ध शमशेर पनि यस्तै आचरण गर्थे हुनन्।"

पलभर मौन छायो। अनि गोपिनाथले हतारिएको भावमा भन्यो, "पार्टनर, शुभ कर्ममा ढिलाई किन?"

"यो फोहोर म खान्न।"

"आ ..... पार्टनर पनि," गोपिनाथले लेग्रो तानेर भन्यो, "कल्पना गर त पार्टनर, सिङ्गो बस्तीमा रछ्यानको बाढी पसेको छ। यस्तो बेलामा एक्का-दोक्का त्यागी र जोगीले निलाहारी बसेर कुन सत् थामिन्छ? मौकामा मजासँग भान्सा गर्नैपर्छ, पार्टनर। भान्सा गर्नु पर्छ अनि त्यही भान्साको तागतले रछ्यानका स्रष्टाहरूसंग भिडन्त गर्नु पर्छ।"

"आज मेरो भाग भान्सा पनि तिमी नै गर।"

गोपिनाथले खैनीको लित्को मिल्कायो। र, उताको चहलपहल यसो हेरेर आउँछु भन्दै ऊ भोजको मूल प्रवाहमा मिसिन गयो।

विजयले घडी हेर्‍यो, साँझको सात बजेछ। अब यहाँ बसेर काम छैन, उसले विचार गर्‍यो, कस्नु पर्छ अब टाप। अनि लमक्-लमक् लम्किदै ऊ बाटो तताउन थाल्यो।

गेटमा पुग्न पाँचै कदम मात्र बाँकी हुँदो हो, सुनिता भित्र पसी।

"अहा, अंकल !"

"अहा, नानी सुनिता !"

सुनिताले भाव विभोर भएर विजयको हात समाती- अंकल!"

आफ्नो भाइको विहा भोज त्यत्रो राजसी ठाँटबाँटका साथग चलिरहेछ। दिदी सुनिताको अनुहार भने उदास छ। उसको लवाइ पनि भोजको मूल प्रवाहसँग सुहाउँदिलो छैन। ज्यानमा सिफनको सारी छैन। आँखामा गाजल, ओठमा लाली, गालामा पाउडरको सिंगारपटार छैन। माउ कुरा त के भने उसका काखीमुनी सुनको तिलहरीको जाँतो झुण्डेको छैन।

विजय र सुनिता अलिबेर अघि विजय बसेको चौतारीमा गएर बसे। बसेर विजयले स्नेह र सहानुभूति भरिएका आँखाले सुनिताको खिन्न अनुहारमा विगत इतिहासको दुःख र आनन्द सराबरी घुलमिल भएको भावुक बेहोरा पढ्न खोज्यो। उनन्तीस सालमा चक्रप्रसाद पक्राउ पर्दा सुनिता ३ वर्षकी थिई। आजका भोजको दुलाहा आमाको गर्भमै थियो। पाँच वर्ष झ्यालखानको गोता खाएर विजय छुट्यो। नेताका कित्तामा नाउँ

गरि दिएको चक्रप्रसाद पन्ध्र वर्ष सम्म थुनाको थुनामै रहयो। विजय चक्रप्रसादको मन मिलेको कामरेड, पञ्चायती राजमा मृत्युलाई चुनौती दिन आँट गर्ने सहयोद्धा, उसले सुनितालाई आफ्नै छोरी सरह माया गऱ्यो। खोरबाट छुटेपछि विजय विद्यालयको मास्टर भयो। विजयका काखमा लुटपुटिन पाउँदा सुनिताको बाउको न्यास्रो मेटियो।

"हाम्रा बुआ कहिले आउँछन् अंकल ?" अंकलको मातृतुल्य काखमा रम्दै सुनिता कलिलो मनको चुल्बुले खुल्दुली प्रकट गर्थी ।

"घाम हाम्रो स्कुलमाथि आइपुगेपछि।" विजय बालिकालाई विचित्रको उत्तर दिन्थ्यो। अनि बालिकाको उत्सुक, निश्छल चित्तमा आशा र उमङ्ग, हर्ष र गर्व भरिदिन ऊ भन्थ्यो, "सुनु, फुच्ची सुनिता, तेरो बाउ संसारको सबभन्दा ज्ञानी मान्छे हो। सबभन्दा असल मान्छे। गरीब-दुःखीको आँखाको नानी। अरूको दुःख पन्छाउन आफू मर्न-मार्न अघि सर्ने बहादुर छोरो। बुझिस् नानी सुनिता कस्तो रहेछ तेरो बाउ?"

चुल्बुले सुनिता फुरङ्ग पर्दै रिंबिन लाएको मुन्टो रहरलाग्दो गरी हल्लाउँथी।

सुनिता घाम स्कुलमाथि आइपुगेको हेर्न सधैं व्यग्र रहन्थी। कुर्दाकुर्दा बाउ खोरमा परेको पन्ध्र बर्षपछि बल्ल चवालीस सालतिर घाम सुनिताको स्कुलमाथि आइपुग्यो।

"सुनिता !" जागीर-इलम, दाम्पत्य जीवन र घरव्यवहारका साना-मसिना कुरा सोधपुछ गरिसकेपछि विजयले सात वर्ष अघिको उउटा घटनातिर सुनितालाई डोऱ्याया, "सुनिता, तिम्रो विहा त्यस्तो, तिम्रो भाडको विहा यस्तो। भन त बा, आखिर यत्रो फरक कहाँबाट आयो ?"

"अंकल!" सुनिता स्मृतिको पुस्तकका पाना पल्टाएर आफ्ना विहाको झाँकी हेर्न थाली।

सुनिताको विहा सादा शैलीमा भएको थियो। विहामा जग्गे थिएन। पुरेतको अतोपतो थिएन। मन्दिर धाउने काम पनि भएन। एउटा ठूलो कोठामा पचास-साठी जना जन जुटेका थिए। भित्तामा मार्क्सदेखि माओसम्मका पाँच जना असल पुर्खाका माला झैं उनिएका तस्वीर टाँगिएका थिए। त्यहाँ उठ, जाग, आफ्नो संसार आँफै जीत भन्ने अन्तराष्ट्रिय गीत गाइएको थियो। त्यो समूह स्वर-लहरी सुनिताका कानमा अहिले सम्म पनि गुन्जिरहेझैं लाग्छ। दूलाहा-दुलहीले पनि गलो खोलेरै गीत गाएका थिए। अनि दुलाहा-दुलहीले एकअर्कालाई माला पहिराईदिएका थिए। अनि त्यहाँ एक-से-एक जोशिला भाषण भएका थिए। सबभन्दा जोशिलो भाषण चक्रप्रसादको थियो - दुनियाँलाई अन्धा र तन्नम बनाउने थोत्रो संस्कृतिमाथि हामीले क्रान्तिको तरबार चलाउनु पर्छ, आदि इत्यादी। सुनिता अहिले पनि झल्झली सम्झन्छे, पन्ध्र-पन्ध्र वर्षसम्म झयालखानको कष्ट काट्नु पर्दा नझुकेको उसको बाउ बोल्दा हर्षोल्हासका थप्पडीको कत्रो पर्रा छुटेको थियो ! उसलाई देख्न मात्र पाउँदा पनि उबेला मानिसहरू कति खुशी हुन्थे।

अनि भोज पनि उस्तै थियो। सादा, छरितो र किफायति। भुटेका मकै, साँदेको गुन्द्रुक, खुर्सानीका हरिया हिंडी। चाट्चुट् विहा सकिएपछि चक्रप्रसादले जंगी तालले घोषणा गरेको थियो- आज विहाबारेको जनवादी शैलीको मौलो गाडियो। म भन्छु, यो अभियान कहिल्यै रोकिने छैन।

"सुनिता, तिम्रो विहा त्यस्तो, तिम्रा भाडको विहा यस्तो। भन त बा, आखिर यत्रो फरक कहाँबाट आयो?"

"अंकल!" सुनिताले सुस्त स्वरमा भनी, "हाम्रा बुआका के कुरा गर्नु, अंकल! उहिले नै अंकलले बुआका कुरा गर्दा मेरो हृदयमा बुआको कति सुन्दर तस्वीर खिचिएको थियो। तर अंकल, मेरो वास्तविक बुआसंग त्यो तस्वीर मिलेन। उबेला जहाँ पनि मेरो बुआको सुनाम नै सुनाम सुनिन्थ्यो। अहिले जता कान थापेर सुन्नोस्, अंकल, बुआको दुर्नाम नै दुर्नाम सुनिन्छ। सबभन्दा ठूलो दुर्नामको कथा त यही भोज हुने भो, अंकल ।"

सुनिताले हिक्का थाम्न सकिन। ऊ यसरी रुन थाली मानौं हृदय चिराचिरा परेर वेदनाको मूल फुटिरहेछ।

"नरोऊ", विजयले सुनिताको ढाडमा धाप मार्दै सम्झायो, "तिम्रा आँसुले यो कलंक धुन सक्दैन, नानी।"

"अंकल ! अंकल !! अंकल!!!---"

"आँसुले पाखण्डको सामना गर्न सकिंदैन, नानी। विवेक र साहसले मात्र सकिन्छ।"

ठीक त्यही बेला कतै शून्य आकाशबाट खसे झैं चक्रप्रसाद तिनका अघिल्तिर उभिन आइलाग्यो।

"ल हेर, काका र भतिजी, गुरू र चेलीको संसारे अर्कै। यसो एक-दुई गाँस खानु पर्दैन?"

दूलाहाका बाउले विजयलाई एक हातले समात्यो, छोरी सुनितालाई अर्को हातले। अनि तिनलाई तान्दै परिकारशालातिर डोऱ्याया। सुनिताको सुँक्क-सुँक्क थामिएको थिएन, विजयका चित्तमा भावनाको बवण्डर आँधी उठिरहेकै थियो। अघिअघि चक्रप्रसाद तान्दैछ, पछिपछि विजय घिसारिंदै छ। त्यस क्षणमा विजयलाई कस्तो लाग्यो भने उसको पुरानो अगुवा र सहयोद्धा चक्रप्रसादले होइन, कुनै भयकंर राक्षसले उसलाई घिसारिरहेछ। मानौं उसलाई आफ्नो इच्छा विपरीत बधशालातिर लगिंदैछ। ऊ जब त्यहाँ मारिन्छ, उसको इतिहास त्यत्तिकै सकिन्छ। र, भावी पुस्ताले भन्नेछ- चक्रप्रसादका पाईला पछ्याउँदै विजय पनि भ्रष्ट भयो र आफ्नै घृणीत स्वार्थको विरुवालु तरवारले चूरचूर पार्दै कसैले कहिल्यै नसम्झने गरी इतिहासबाट ऊ अलप भयो। मनमा तर्कना गर्दागर्दै विजयका बेचैन आँखा राजसी पुलिस क्लबको डबलीभरिको पजेरोको जंगलभरि छरिए। ऊ तीव्र आवेग भरिएका नजरले हेर्दैछ, त्यहाँ त जतातते रगतको बाढी पो बग्न थाल्यो। पजेरोको लावा लस्कर बाढीमाथि हेलिंदा रगतका छिर्का हावाभरि छरिए। विजयले क्रूद्ध मुद्रामा सोच्यो, कस-कसको रगत हो त्यो? दरबार मार्गमा मारिने असल नागरिकहरूको? कीर्तिपुर र भक्तपुरमा मारिने असल नागरिकहरूको? जदुकुहामा मारिने निर्दोष नारीहरूको? सुखानी, छिन्ताङ, पिस्कर र जुगेडीमा मारिने वीरहरूको? अरू कस कसको?

विजय परिकारशालामा पुग्यो। ऊ उद्विग्न मुद्रामा ढोकानेर उभियो। चक्रप्रसादले आफ्नै हातले परिकार पस्क्यो र विजयलाई टक्रायो, "विजय, कम-से-कम मेरो मन त राख्दिऊ यार।"

विजयका आँखा थालको परिकारमा स्थिर भए। उसले देख्यो, थालमा कुनै अनिष्ट जिनिस छ। के हो त्यो जिनिस? त्यो मासु खसीको हो कि शहीदको ? त्यो रस मासुको रस हो कि शहीदका आँसुको ? विजयका हात हठात् लडखडाए। उसको मस्तिष्कमा क्रोधको, घृणाको आगो दन्दनी बल्न थाल्यो। जोडको झट्कासाथ परिकारको थाल हुत्याउँदै ऊ आकास-धर्ती दुबै फाट्ने गरी चिच्याउन थाल्यो, "यहाँ जो जो छौ, महिला र पुरूषहरू, सुन! म यस देशको एक साधारण नागरिकको व्यथाको वचन सुन! यो शहीदका सपनालाई पजेरोका पाङ्राले कुल्चिंदै खुवाएको भोज हो। यो मासु शहीदको मासु हो, यो रस शहीदको आँसु हो। र, यो सारा वातावरण शहीदका सपनाको हत्या गर्ने घृणित जालसाजी हो। यहाँ जो जो छौ, महिला र पुरूषहरू, सुन! म यस देशको एक साधारण नागरिकको व्यथाको वचन सुन।"

विजयले हुत्याएको परिकारको थाल अघिल्तिर भित्तामा ठोकिएर भूइँमा बजारिन पुग्यो। झट्काको वेगले छरिएको परिकारका टुक्राहरू राजसी पाहुनाहरूका ज्यानमाथि बज्रिन पुगे। प्रधानमन्त्रीको अनुहार परिकारको प्रहारमा पऱ्यो, गृहमन्त्रीको कोट परिकारको प्रहारमा पऱ्यो, चक्रप्रसाद स्वयं परिकारको प्रहारमा पऱ्यो, सांसदहरूका सफाचट् पहिरन परिकारको प्रहारमा परे। पलभर वातावरण निस्तब्ध भयो, चकमन्न भयो। मानौं भोजमा कतैबाट बज्र खस्यो र सारा को होसहवास गुम भयो।

दंगा प्रहरीको एक जत्था बतासको वेगमा भित्र पस्यो। जुल्फी अँठ्याएर घिसार्दै, घोक्राउँदै, घुस्सा ठोक्दै विजयलाई बाहिर लगियो। तिनले उसलाई बधशालाको त्यही कोठामा थुने जहाँ पहिले चक्रप्रसादसंग ऊ थुनिएको थियो।

विजय अंकलको हविगत देखेर सुनिताले आहत सुस्केरा हालिरही।

राजसी विहा भोज सुचारू रूपले चलिरह्यो।

भोजको आनन्द र उत्तेजनाको बीचमा सुनिताका सुस्केराभित्रको त्यो व्यथा र व्यथाभित्रको कथा बुझ्न खोज्ने ज्ञानी त्यहाँ कोही भएन।

७ श्रावण २०५४
चावहील, काठमाण्डौं।

कमैया प्रथा
मानवीय मूल्यमाथि गम्भीर चुनौति

अझै कायम छ मानिस किनबेचको प्रथा

नेपाल अधिराज्यको संविधान ०४७ को धारा २० ले कुनै पनि मानिसलाई बेचबिखन गर्न, दास बनाउन तथा बाँधा बनाउन पाइने छैन भन्ने स्पष्ट व्यवस्था गरेको छ। बाँधा वा दासत्व सम्बन्धी व्यवहार नेपालमा चलन गर्न दिइने छैन भन्ने प्रतिबद्धता प्रकट गर्दै सन् १९९३ मा नेपालले दासत्व, दास व्यापार वा दासत्व सरहका संस्था तथा प्रचलनहरूको उन्मूलन सम्बन्धी अभिसन्धि १९५६ मा सहमति जनाएको छ। बाँधा श्रम प्रणाली अमानवीय र असभ्य जमानाको अवशेष हो र यो मानिसले मानिसलाई शोषण गर्ने, मानवीय विकासलाई अवरूद्ध गर्ने कलंकित परम्परा हो भन्ने कुरा प्रजातान्त्रिक शासन व्यवस्था, राजनीतिक दलहरू र नेपाली समाजले समेत स्वीकार गरेको छ। यति हुँदाहुँदै पनि बाँधा श्रम प्रणाली देशका विभिन्न भागमा खास गरी सुदूर पश्चिम नेपालमा कमैया प्रथाको रूपमा व्यापक चलन चल्तीमा कायम रहेको छ।

विक्रम संवत १९८१ साल मंसीर १४ गते तत्कालीन प्रधानमन्त्री श्री ३ चन्द्र शमशेर जबराले खरिको बोटमा उभिएर ५७ पेज लामो घोषणा जारी गरे। नेपालमा करिया मोचनका उद्देश्यले अंग्रेजी र नेपालीमा लेखिएको सो भाषण सुन्न हजारौं नेपाली र ३ जना विदेशी उपस्थित थिए। सो भाषणमा चन्द्रशमसेरले सनातन धर्मको महत्व, करिया प्रथाका खराबी र आफ्नो सुधार कार्यक्रमको पुष्टि गरेर विक्रम संवत १९८२ वैशाख १ गते देखि कसैले पनि कमारा कमारी राख्न नपाउने कडा घोषणा गरेको थिए।

चन्द्रशमसेरले खरिको बोटमा उभिएर करिया प्रथा उन्मूलन भएको घोषणा गर्दा नेपालको जनसंख्या ५५ लाख ७३ हजार ७ सय ८८ थियो। त्यसबेला करिया मालिकको संख्या ५१ हजार ४ सय १९ थियो (कसै कसैले कमारा कमारीको संख्या ५९ हजार ८ सय ७३ थियो भनेका थिए)। यी कमारा कमारी मध्ये ४ हजार ६ सय ५० करियालाई चन्द्रशमसेरको घोषणापछि उनीहरूका मालिकले स्वेच्छाले मुक्त गरिदिए। १ सय १० कमारा कमारी दासत्वको मूल्य आफै तिरेर मुक्त भए। वर्षेनी २ करोड राजस्व उठ्ने तत्कालिन नेपालमा चन्द्रशमसेरले बाँकी कमारा कमारीको मुक्ति र पुनर्स्थापनाका लागि १४ लाख रकम छुट्याएका थिए। यो रकम तत्कालिन बजेटको ७ प्रतिशत थियो। चन्द्रशमसेरले करिया मोचनको घोषणा गर्दै भनेका थिए- "हाम्रा जनता र हाम्रो मुलुकको अघिभन्दा आज बढी नाम चलेको छ। तै पनि, आजकलको सभ्य मुलुकको स्तर विचार गर्दा हाम्रो नाममा कालो पोता लागी, त्यसको यसले (करिया प्रथाले) चमक घटाएको छ।"

मुलुकी ऐन १९८२

चन्द्र शमसेरले खरीको बोटमा उभिएर करिया मोचनको घोषणा गरेपछि मुलुकी ऐन १९९० को जीउ मारने बेच्ने महलको १ नम्बरमा शंसोधन गरी दासत्वलाई ठूलो अपराध सरह उल्लेख गरियो। सो महलमा स्पष्ट लेखिएको थियो- "अनेक किसिमको दुखपीरले बास गरेको दासत्व प्रथा मुलुकबाटै उठाइदिनाको पवित्र उद्देश्यले सदर मधेश, पहाड, गेह्र यस राज्यभरका कमारा-कमारीको लगत खडा गरी अहिलेसम्म कमारा-कमारी भइरहेका बालक, जवान, बूढा जम्मै करियालाई सरकारबाट ऐन बमोजिमको मोल तिरी आफू खुशी गरी गराई दिई आजसहरूम्म चलिआएको मासिने जात भन्ने प्रथा र सो मासिने जातको कुरो परि आएमा यसो गर्नु भन्ने ऐनमा लेखिएको प्रथासमेत सच्याई दासत्व प्रथा नै यस मुलुकबाट उठाइदिएको हुनाले संवत १९८२ साल वैशाख १ गते रोज २ देखि उप्रान्त यो नेपाल अधिराज्यभरमा यी अमलेख भएका जीउलाई या यिनका सन्तान दरसन्तानलाई अथवा अरू कसैलाई समेत अब कसैले कमारा कमारी भनी किनबेच व्यवहार गर्न समेत हुँदैन, कसैले गऱ्यो भने सो गर्नेलाई किनबेच गरेको थैली जफत गरी जनही ७ वर्षका दरले कैद गर्नु।" सोही अपराध दोहोरिएमा वा तेहरिएमा क्रमशः सजायँलाई डेढी गर्दै जाने बन्दोबस्त मुलुकी ऐनमा गरिएबाट त्यसबेलाको शासनले करिया प्रथा जरैदेखि मास्न खोजेको थियो भन्ने प्रष्ट हुन्छ।

त्यसबेला अमलेख गरिएका करियाहरूलाई पुनर्स्थापन गर्न भिक्षाखोरीको जंगल फाँडेर अमलेखगंज बनाइयो। त्यसबेला मुक्त भएका कमारा कमारीहरू शिवभक्तका नामले परिचित भए। तर, मेचीदेखि महाकालीसम्मका सबै करिया अमलेखगंजमा आउन यातायातको अभाव र अन्य कारणले संभव भएन। अलि अलि पैसा हुनेहरूले गाउँमै आफ्नो बसोबासको बन्दोबस्त मिलाए। तर कतिपय संकटमा परे। सरदार भीमबहादुर पाँडेले त्यसबखतको नेपालमा लेखेका छन्- "...मोचनको लगत्तै मालिकको घर छोड्न विवश शिवभक्तहरूलाई आफ्नो परिवार पालनको निमित्त तुरून्तै आफ्नो जीउ बन्धकी राखी पैसा सापट लिई गाउँमा घरबार चलाउनु शिवाय अरू विकल्प रहेन। त्यसैले, केही करियाहरू शिवभक्त भएको भोलिपल्ट बाँधा (जिउ बन्धकी राखी पैसा सापट लिने मानिस) भए।

यसरी करिया प्रथाको उन्मूलन पछि पनि बाँधा श्रम प्रणाली नेपालको कृषि र अन्य आर्थिक क्रियाकलाप टाँसिएरै बस्यो। यस श्रम प्रणालीलाई नेपालमा निकै पछाडिसम्म कायम रहेको राजा रजौटा प्रथा, जिमिन्दारी, जिम्मावाल, तालुकदारी,

महाजनी र अन्य परम्परागत प्रथाहरूले अप्रत्यक्षरूपले आडभरोसा दिए। २०२१ सालमा भएको भूमी सुधारको घोषणाले पनि बाँधा श्रम प्रणालीका कारणहरूलाई जरैवाट उखेल्न सकेन।

कमैया र बाँधा श्रमप्रणाली

सुदूर पश्चिम नेपालको विभिन्न जिल्लामा दास प्रथाकै अवशेषका रूपमा हालसम्म चलनचल्तीमा रहेको कमैया प्रथा भित्र बाँधा श्रम प्रणाली व्यापक छ। २०४८ सालमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले बर्दिया, कैलाली र कञ्चनपुर जिल्लामा बाँधा मजदूरहरूलाई चिन्हित गर्ने उद्देश्यले विस्तृत अध्ययन गरेको थियो। कैलाली जिल्लाका ९ हजार १ सय ८५ जना, बर्दियाका ६ हजार ९ सय ६४ जना र कञ्चनपुर जिल्लाका १ हजार ५ सय ७९ जना गरी जम्मा १७ हजार ८ सय ३८ जनासंग गरिएको कुराकानीका आधारमा इन्सेकले २०४९ सालमा एक प्रतिवेदन प्रकाशित गरेको छ।

कमैया पश्चिम नेपालका यी ३ जिल्लामा खेतीपातीको काम गर्ने मजदूरको पर्यायवाची शब्द हो। कमैया राख्ने चलन ससर्ती हेर्दा वर्षेनी एकपल्ट काम गर्ने मानिस राख्ने प्रथा जस्तो मात्र देखिन्छ। तर, प्रत्येक वर्ष माघ नलागी मालिकसंग भएको सम्झौता नवीकरण गर्न नपाउने, कामको ज्याला नपाउने, काम गराउने मालिकको आदेश विना मन लागेको ठाउँमा जान नपाउने, एकजनाले पाएको खाने अन्नका भरमा सपरिवारले काम गर्नुपर्ने, काम लगाउने मानिसले जस्तोसुकै व्यवहार गरे पनि बीचमा सम्झौता बदल्न नपाउने र जस्तो बर्बरता पनि सहनै पर्ने जस्ता चलनले कमैया प्रथा बाँधा प्रथाकै प्रतिरूप भएको छ।

एउटा मालिककहाँ बसेको कमैयालाई लैजान अर्को मालिकले पैसा तिरे मात्र कमैया अन्य जान पाउने नत्र पुराने मालिककहाँ बस्नु पर्ने चलन कमैयाको खरिद बिक्री हुन्छ भन्ने तथ्यको प्रमाण हो। कमैयाको ठाडो र सोझो किनबेच भन्दा पनि यस प्रथामा कमैयाले खाएको ऋणको किनबेच हुन्छ। मानिस किनेर काम गर्न लानु र मानिसले खाएको ऋण तिरेर खानेलाई काम गराउन लानु उस्तै-उस्तै कुरा भएकोले कमैया प्रथा मानिसको किनबेच गर्ने प्रथा नै ठहरिएको छ। कमैया प्रथाभित्र मुलरूपले दुई खालका मानिसहरू देखिएका छन्। (१) सौंकी (ऋण) भएको कमैया र (२) सौंकी (ऋण) नभएको कमैया।

सबै कमैयाहरू बाँधा नभए पनि कमैया प्रथा बाँधा श्रमप्रणालीको आधार हो। सौंकी लिएका अधिकांश कमैयाहरू बाँधा मजदूर सरह छन्। कमैयाको सौंकीसंग उसको बाँधापन प्रत्यक्ष जोडिएको हुन्छ। सौंकी नभएका कमैयाले मालिक रोज्ने स्वतन्त्रता बढी पाए पनि परिवारको भरण-पोषण गर्न ऋण लिनुपर्ने बाध्यता हुन्छ। र, यो बाध्यताले ऋण नभएको कमैयालाई पनि बाँधाको स्थितितर्फ उन्मुख गराउँछ।

सौंकी कमैयाले मालिकसंग लिने ऋण हो। इन्सेकको अध्ययन अनुसार, करीब ३० प्रतिशत कमैयाहरू सौंकी लिने देखिएका छन्। अधिकांश कमैयालाई सौंकी छ भन्ने पनि थाहा छैन। कतिपयलाई सौंकी कति छ थाहाछैन। अधिकांश बाबुबाजेले लिएको सौंकी बापत काम गरिरहेका छन् र घेरैले सौंकीको विषय जवाफ नै दिन चाहदैनन्। काम गर्दै जाँदा घट्नुपर्ने सौंकी घट्दैन, बरू बढ्छ (व्याज लगाउने) भन्ने कुरा थोरैले पुष्टि गरे पनि अधिकांश कमैयाको सौंकी बढेको छ र घटेको पनि थाहा पाउँदैनन्। र, थाहा पाउनेले पनि भन्न आवश्यक ठान्दैनन्। अध्ययनको सिलसिलामा बढीमा ८० हजारसम्म सौंकी भएका र सौंकीतिर्न ४ पुस्तादेखि कमैया भएर बसेका मानिस पाइएका छन्। करीब ९६ प्रतिशत कमैयाहरू निरक्षर छन्, करीब ९८ प्रतिशत कमैया जग्गाविहीन छन् र करीब ९२ प्रतिशत कमैयाहरू थारू जातिका छन् भन्ने कुरा पनि अनुसन्धानले देखाएको छ। यी सबै तथ्यले कमैया प्रथा बाँधा श्रमप्रणालीको प्रतिरूप र आधार हो भन्ने तथ्यलाई नै स्पष्ट पार्दछ।



बाँधा श्रमप्रणालीबाट मुक्तिको प्रयास

२०४६ सालमा मानवअधिकार तथा प्रजातन्त्रको पुनर्स्थापनाका लागि भएको आन्दोलनको सफलतापछि कमैयाहरूले पनि आफ्नो मुक्तिको प्रयासमा साना-ठूला आन्दोलनहरू गरे। बर्दिया जिल्लाका विभिन्न गाउँहरूमा छरिएर बसेका कमैयाहरूले सरकारको ध्यान आकर्षण गर्न मालिकको काम छाडिदिए र तारातार गाविसको कनरामा संगठित भएर बसे। संगठित भएर जुलुस प्रदर्शन गर्ने, सरकारी निकायहरूमा धर्ना दिने तथा मुक्तिको प्रयास गर्ने सिलसिला बर्दियामा अझै जारी छ।

प्रजातन्त्र स्थापनाको लगत्तैपछि कैलाली जिल्लाका केही गाविसमा छरिएर बसेका कमैयाहरूले सरकारको ध्यानाकर्षण गर्दै एउटै ठाउँमा बस्ने प्रयास गरे। ऐलानी जग्गामा संगठित तवरले बसोबास गर्ने सिलसिलामा उनीहरूले आफ्नो छापो भएको बस्तीलाई शक्तिनगर नामाकरण गरे। अहिले पनि शक्तिनगर कमैयाहरूको छापोले भरिएको छ। कञ्चनपुर जिल्लामा २०४८ साल माघमा कमैयाहरूले मुक्तिको प्रयास गर्दै जुलुस लिकाले र स्थानीय प्रशासनलाई घेराउ गरी सरकारको ध्यान आफूतर्फ तान्ने प्रयास गरे।

२०४९ सालमा संसदको अधिवेशनमा नै कमैया प्रथा उन्मूलन ऐन बनाइयोस् भनी कञ्चनपुर जिल्लामा नेकपा (एमाले) का कार्यकर्ताहरूले २७ दिनसम्म जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएका थिए। जनआन्दोलनको सफलतापछि कमैयाहरू स्वयंले कमैया प्रथा विरोधी आन्दोलनको अगुवाई र संयोजन गर्दै

आएका छन्। प्रतिनिधिसभामा २०४९ साल भदौ १० गते नेकपा (एमाले) का सांसद केशवप्रसाद बडालले "कमैयाहरूलाई ऋण मुक्त गरी उनीहरूको बसोबास र रोजगारको व्यवस्था गरियोस्" भनेर राख्नेको जरूरी सार्वजनिक महत्वको प्रस्तावमा छलफल भयो। सो छलफलमा कैलाली, कञ्चनपुर र बर्दियाका सांसदहरूले कमैया प्रथाको उन्मूलन गर्न आवश्यक छ भन्ने राय व्यक्त गरे। छलफलमा उठेका प्रश्नको जवाफ दिंदै भूमिसुधार तथा व्यवस्था मन्त्री (तत्कालीन) जगन्नाथ आचार्यले सरकार कमैया प्रथा उन्मूलन गर्ने दिशामा कार्यरत छ भन्ने वचन दिए। २०५१ साल भदौ १ गतेका दिन फेरि प्रतिनिधि सभामा यस विषयमा छलफल भयो भने राष्ट्रिय सभामा पनि कमैया प्रथाको उन्मूलन हुनुपर्छ भन्ने माग बारम्बार प्रकट भइरहेको छ।

बाँके नौबस्ताको एक कमैया परिवार

ऐनको आवश्यकता

नेपाल अधिराज्यको संविधान २०४७, नेपालले अनुमोदन गरेको दासत्व, दास व्यापार वा दासत्व सरहका संस्था तथा प्रचलनको उन्मूलन सहासन्धि र प्रजातान्त्रिक समाजका मूल्य र मान्यता विपरित जीवित रहेको बाँधा श्रम प्रणाली वास्तवमा ऐन र कानूनका अभावले पनि प्रचलनमा रहेको छ। बाँधा श्रम प्रणालीलाई टिकाउने सामाजिक, आर्थिक ढाँचा नतोडिएसम्म यस्तो श्रम पूर्ण उन्मूलन नभए पनि ऐन भएको खण्डमा धेरै बाँधा मजदूरले मुक्ति पाउँछन्। नेपालको प्रजातान्त्रिक समाजले कलंकित परम्परा बोक्नुपर्ने बाध्यताबाट कानूनतः मुक्ति पाउँछ र हजारौं व्यक्तिले अमानवीय र बर्बर प्रथाबाट मुक्ति पाएर प्रजातान्त्रिक हक अधिकार उपयोग र उपभोग गर्न पाउँछन्। त्यसैले, बाँधा श्रमप्रणाली उन्मूलन ऐन आजको आवश्यकता हो। यसै आवश्यकतालाई हृदयंगम गरी २०४९ सालमा इन्सेकको सक्रियतामा एउटा ऐनको मस्यौदा गरियो। यस मस्यौदाबारे सांसदहरू, कानूनविदहरू, पत्रकारहरू बीच छलफल भयो र छलफलका निष्कर्षहरू समावेश गरी दोस्रो मस्यौदा तयार गरियो। यस मस्यौदा बारे सम्बन्धित व्यक्तिहरूको राय-सल्लाह र टिप्पणी माग्न २०५० साल साउन र भदौमा बर्दिया, कैलाली र कञ्चनपुरमा छलफल सेमिनारको आयोजना गरियो। सम्बन्धित जिल्लामा भएका छलफलबाट निस्केका रायहरू समावेश गरेर र औंल्याइएका त्रुटीहरू हटाएर सो ऐनको मस्यौदालाई तेस्रोपल्ट पुनः मस्यौदा गरियो। त्यसपछि इन्सेकको कार्यालयमा आयोजित छलफलमा सांसदहरू, पत्रकारहरू, साहित्यकारहरू, कानूनविदहरू र मानवअधिकारवादी कार्यकर्ताहरूले सो मस्यौदाबारे पुनः छलफल गरे। पटक-पटक भएका यी छलफलहरूबाट निस्केका सुझावहरूलाई ध्यानमा राखेर बाँधा श्रमप्रणाली उन्मूलन ऐनको यो अन्तिम मस्यौदा तयार गरिएको थियो। बाँधा श्रमप्रणाली उन्मूलन गर्ने उद्देश्यले तयार गरिएको यो मस्यौदामा अझै पनि सुधार गर्न सकिने संभावना हुनसक्छन्। ती संभावनाहरूको उपयोग गर्दै संसदले यो मस्यौदा पास गरेको खण्डमा बाँधा श्रम प्रणाली उन्मूलन गर्न ठूलो मद्दत मिल्नेछ।

मस्यौदा ऐनका विशेषताहरु

यो ऐन बाँधा श्रम प्रणाली उन्मूलन गर्ने र हाल बाँधाको अवस्थामा रहेका व्यक्तिलाई स्वतन्त्र नागरिकमा रूपान्तर गर्ने उद्देश्यले प्रेरित छ। त्यसैले बाँधालाई बाँधा बनाउने ऋणबाट मुक्त गर्ने प्रयास यस ऐनको प्रमुख विशेषता हो भने बाँधा श्रमप्रणाली उन्मूलन गर्ने, खेतीहर बाँधाको सम्पत्ति लिएको खाएको छ भने फिर्ता गर्नुपर्ने कुराहरू यस ऐनका अन्य विशेषता हुन्।

३६ दफाहरूमा विभाजित प्रस्तावित बाँधा श्रम प्रणाली उन्मूलन ऐनमा बाँधा सरहका प्रचलनहरूमा जकडिएका मानिसहरूलाई मुक्त गर्ने, उनीहरूलाई स्पष्ट परिभाषित गर्ने, बाँधाको कर्जा तिर्ने दायित्वबाट उसलाई मुक्त पार्ने र उनीहरूको पुनर्स्थापना गर्ने कानूनी बन्दोबस्त गरिएको छ। सो कामको कार्यान्वयन गर्न सरकार वा सरकारी पदाधिकारीलाई स्थानीय जनप्रतिनिधिहरू र गैरसरकारी संस्थाहरूको सक्रिय सहयोग र निगरानीको व्यवस्था पनि गरिएको छ। यी सबै बन्दोबस्तहरू ऐनलाई व्यवहारिक बनाउन र त्यसलाई राम्ररी लागू गरेर ऐनले राखेका उद्देश्यहरू पूरा गर्ने संरचना चुस्त, दुरूस्त र छिटो छरितो हुन सकोस् भनेर बनाइएको हो।

बाँधा मजदूरहरुको पुनर्स्थापना

बाँधा मजदूरहरूको मुक्ति हाल जतिसुकै जटिल र अप्ठेरो देखिए पनि त्यो भन्दा जटिल र कठिन काम हो- बाँधा मजदूरहरूको पुनर्स्थापना कार्य। कमारा कमारी प्रथाको उन्मुलनपछि पनि पुनर्स्थापन कार्यको कठिनाइलाई हेरेर होला चन्द्रशमसेरले समेत १४ लाख रूपैया यसै कामका लागि छुट्याएका थिए। तत्कालिन नेपालको वार्षिक आम्दानी हेर्दा सो रकम ठूलो मात्रामा थियो। आज नेपालको वार्षिक बजेट करीब ३० अरब छ। यो ३० अरबको ७ प्रतिशत रकम भनेको २ अरब १० करोड जति हुन्छ। नेपालको जहानीया व्यवस्थाका निरंकुश प्रधानमन्त्रीले समेत कमारा कमारी प्रथा हटाउन बजेटको ७ प्रतिशत रकम छुट्याएका थिए भने अहिलेको सरकार प्रजातन्त्रका मूल्य र मान्यतामा बनेको छ। प्रजातान्त्रिक समाजको निर्माण र विकास गर्नु यस सरकारको घोषित नीति भित्र पर्ने कामहरू हुन्। त्यसैले, प्रजातान्त्रिक सरकारले समाजको कलंकका रूपमा रहेको बाँधा श्रम प्रणाली उन्मूलन गर्न र बाँधा मजदूरहरूको पुनर्स्थापना गर्न चन्द्रशमसेर भन्दा उदार हुनुपर्छ र आफ्नो बचनबद्धतालाई व्यवहारबाटै प्रदर्शित गर्नुपर्छ।

चन्द्रशमसेरले करिया प्रथा उठाउँदा नेपालमा जे-जति कमारा कमारी थिए- अहिले नेपालमा त्यो भन्दा धेरै बाँधा मजदूरहरू छन्। चन्द्रशमसेरले समेत करिया प्रथाबाट नेपालको नाममा कालो पोतो लागेको र चमक घटाएको अनुभव गरेका थिए भने आजको प्रजातान्त्रिक र सभ्य समाजमा बाँधा श्रम प्रणालीले नेपाली राष्ट्र र नेपाली समाजलाई लज्जित बनाएको छ भन्ने अनुभव गरेर दास प्रणालीको उन्मूलन गर्नु सरकारको प्राथमिक कार्य हुनुपर्छ।

अहिलेको सरकार र संसदलाई स्मरण गराउन आवश्यक नपर्ला- राणा शासन थियो र राणा शासनमा करिया प्रथा व्यापक चलन चल्तीमा थियो। २००७ सालमा राणा शासन ढल्यो, तर करिया प्रथाका अवशेष बाँधा श्रम प्रणाली ढलेन। प्रजातान्त्रिक व्यवस्थालाई बलपूर्वक हटाएर स्थापित गरिएको निरंकुश पंचायती शासनले बाँधा श्रम प्रणाली उन्मूलन गर्ने प्रयास पनि गरेन र यसलाई मलजल पनि गरेन। फलतः आजको प्रजातान्त्रिक शासन व्यवस्थामा पनि बाँधा श्रम प्रणाली छ र प्रजातन्त्रलाई यस प्रणालीले कलंकित पारेको छ। यो कलंकलाई वर्तमान सरकार र संसदले कति दिन बोकिरहने हो?

●

यही मंसीर २५ गते मानवअधिकार घोषणापत्र जारी भएको पचास वर्ष पुगेको छ। संयुक्त राष्ट्र संघको मानवअधिकार घोषणापत्रमा निहीत समानता र स्वतन्त्रता दुवै किसिमका मानवअधिकारबाट कमैयाहरू वंचित रहेका छन्। नेपालमा वि.सं. १९८३ सालमा दास प्रथाको उन्मूलन भएको आज ७० वर्ष बितिसक्दा पनि दास प्रथाको अवशेष विद्यमान रहनु कुनै पनि दृष्टिबाट राम्रो कुरा होइन। विश्वबाटै दास प्रथा उन्मूलन भैसकेको तर हाम्रो देश नेपालको सुदूर पश्चिम र मध्य पश्चिमका जिल्लाहरू दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर लगायत नजिकका जिल्लाहरूमा दास प्रथाको अवशेषको रूपमा कमैया प्रथा विद्यमान रहेको पाइन्छ।

नेपाल सरकारले सन् १९२६ को दासत्व अभिसन्धी र सन् १९५६ को दासत्व, दास व्यापार वा दासत्व सरहका संस्था तथा प्रचलनको उन्मूलन विषयक सहायक अभिसन्धी समेतमा हस्ताक्षर गरिसकेको छ। जसले मुलतः बाँधा श्रम प्रणालीलाई निषेध गरेको छ। सरकारले अहिलेसम्म बाँधा श्रम प्रणालीको लागि कुनै विधेयक तयार गरेको छैन र त्यस सम्बन्धमा कुनै घोषणा पनि गरेको छैन। नेपाल अधिराज्यको संविधान ०४७ ले समेत मानिसलाई बेच बिखन गर्न, दास तुल्याउन, बाधा बनाउन वा त्यस्तै कुनै किसिमले उसको इच्छा विरुद्धमा काम गराउन निषेध गरेको छ। कसैले यस्तो काम गरे, गराएमा कानून बमोजिम सजायको भागी हुन्छ।

सन् १९९२ मा इन्सेकले देशको सुदूर पश्चिम र मध्य पश्चिम क्षेत्रका तीन जिल्लाहरूमा गरिएको अध्ययनको परिणाम प्रकाशित गऱ्यो। यो अनुसन्धानले देशमा कमैया प्रथाको रूपमा बाँधा श्रम प्रणाली विद्यमान रहेको प्रमाण प्रस्तुत गऱ्यो। यो बाधा श्रम प्रणालीमा कृषि क्षेत्रको कामका लागि मानिसको किनबेच नै भैरहेको हुन्छ। र बिक्री हुने मानिसको सम्पूर्ण परिवार पुस्तौं पुस्तासम्म बाधा हुनुपर्दछ।

नेपालका यी क्षेत्रहरूमा रहेका बाधा कृषि मजदूरहरूको बहुसंख्या थारू आदीवासी समुदाय कै रहेको छ। अधिकांश कमैयाहरू सौंकीले बाधिएका छन्। उनीहरूको आफ्नो घर र स्वानपिनको निम्ति कुनै वैकल्पिक आयस्रोत छैन र कामको निश्चित समय पनि हुँदैन। ९५ प्रतिशत कमैया निरक्षर छन् र अधिकांश कमैया दीर्घ रोगीको शिकार भएका छन्।

माघी र कमैया प्रथा

हरेक वर्ष आउने माघ यो वर्ष पनि आयो। कमैयाहरूको काली दिन माघीमा कमैयाहरूको पुनः किनबेच हुन्छ। कमैयाहरू मुक्तिको बाटो खोजिरहेका छन्। तर सौंकीका कारण यस वर्ष पनि गत वर्ष झैं कमैया बेचिदैछन्। यो उनीहरूको बाध्यता हो। यो परम्परालै संयुक्त राष्ट्र संघको घोषणापत्र धारा ४ लाई चुनौती दिइरहेको छ। ०४७ को संविधानको मौलिक हकलाई गिज्याइरहेको छ। राजनीतिक पार्टीहरूलाई यस समस्याले प्रश्न गरिरहेको छ। तर अझै कमैया मुक्तिको प्रश्न सबैका निम्ति चुनौती भएको छ।

मानवअधिकारको क्षेत्रमा काम गर्ने व्यक्ति र संस्थाहरूले कमैया प्रथालाई मानवअधिकार विरोधी कुरा भन्दै आएका छन्।

कमैया प्रथामा एउटा कमैया एउटा जमिन्दारकोमा काम गर्न बस्छ। उसको काम गर्ने समय निश्चित हुँदैन। रात दिन उसलाई कडा मेहनत गर्नु पर्दछ। कमैयाले मात्र होइन उसका परिवारका अन्य सदस्यहरूले समेत मालिकको परिवारको सेवामा जुट्नु पर्दछ तर उनीहरूको कामको कुनै मूल्यांकन हुँदैन। सामान्यतः कमैयाहरूका परिवारका अन्य सदस्यहरूको श्रमको ज्याला दिने गरिन्न। कमैयालाई दिइने ज्याला पनि निकै कम हुन्छ। जसबाट उसलाई खान समेत पुग्दैन। कमैयालाई बिदा दिने चलन छैन। ऊ सिकिस्त बिमारी भएर काम गर्न सकेन भने पनि धेरै जसो जमिन्दारहरूले कमैयाको ज्याला काट्ने गरेको पाइन्छ।

कमैया र उसका सन्तानहरूलाई पुस्तौं पुस्तासम्म बाँधाको रूपमा राख्ने जालको रूपमा कमैयालाई दिने ऋण रहेको छ। कठोर मेहनत तर कम ज्यालाका कारण कमैयालाई आफ्नो परिवार पाल्न ऋण लिनै पर्ने हुन्छ। उसले ऋण कहिल्यै तिर्न सक्दैन। ऋणमा व्याजदर यति धेरै हुन्छ कि त्यो दोब्बर, तेब्बरले बढ्दै जान्छ। जसले गर्दा जबसम्म कुनै कमैयाले ऋण तिर्न सक्दैन तबसम्म उसले ऋण दिने मालिकको काम गरिरहनु पर्दछ। जब बाबुको मृत्यु हुन्छ। छोरा त्यही ऋण तिर्न बाबुको मालिकको घरको काम गर्न बस्न बाध्य हुन्छ। यसरी त्यहाँ एक किसिमको बाँधा प्रथाको रूप देखा पर्दैछ। प्रत्येक वर्षको माघी महिनामा कमैयाले मालिक फेर्न त सक्छ तर त्यसको लागि नयाँ मालिकले पुरानो मालिकको ऋण चुक्ता गरिदिनु पर्दछ।

कमैया मुक्तिको प्रयास

इन्सेकले २०४९ सालमा कमैया प्रथाको बारेमा प्रतिवेदन प्रकाशित गऱ्यो। ०५० सालदेखि कमैया साक्षरता र सचेतनता लगायतका कार्यक्रम संचालन गऱ्यो। ०५२ सालमा इन्सेकको पहलमा कमैया मुक्ति मंचको गठन भयो। ०५१ सालमा गठित एमाले सरकारले कमैया प्रथा भित्र बाधा श्रम प्रणाली रहेको स्वीकार गर्दै कमैया प्रथा उन्मूलनका लागि काम गर्ने प्रतिबद्धता अगाडि ल्याएको। एक करोड रूपैया बजेट छुट्याएर पनि कमैयाको वर्गीकरण गर्न र सर्वेक्षण गर्न बाहेक उसले ठोस काम भने गर्न सकेन। तत्कालीन सरकारले नेपालमा २५,७६२ कमैया संख्या भएको तथ्यांक प्रकाशित गऱ्यो। ०५२ सालमा गठित भएको संयुक्त सरकारले पनि कमैया प्रथा उन्मूलन गर्ने कार्यक्रमको नाममा कमैयाहरूलाई विभिन्न प्राविधिक तालिम र वैकल्पिक रोजगारका कुरा अगाडि साऱ्यो र केही कमैयालाई विभिन्न सिपमूलक तालिमको व्यवस्था पनि गऱ्यो। संयुक्त सरकारले पनि कमैया सर्वेक्षण गर्दा १५१५२ कमैया संख्या भएको तथ्यांक प्रकाशित गऱ्यो भने कमैयाको सौंकी ५ करोड रहेको उल्लेख गरेको छ। तर संयुक्त सरकारद्वारा दिइएको तालिम कार्यक्रम अधुरो भएको हुँदा कमैयाहरूले उचित ठानेन् र आन्दोलनमा समेत उत्रिएका थिए।

कयौं गैरसरकारी संस्थाहरू साथै अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले विभिन्न कार्यक्रम

संचालन गर्दै आएका छन्। ०५३ असोज २-४ गते युनिसेफ नेपाल र इन्सेकले नेपालगञ्जमा एउटा कार्यशालाको आयोजना गरेको थियो। त्यस कार्यशालाबाट कमैया क्षेत्रमा काम गर्ने एनजीओ र आईएनजीओ का बीचमा समन्वयात्मक कार्यक्रम संचालन गर्ने दृष्टिकोणबाट कमैया सरोकार समूहको गठन भएको छ। यसले अहिले सक्रिय रूपमा कमैया मुक्तिका निम्ति आवश्यक सहयोग गर्न समन्वयात्मक तरिकाले काम अगाडि बढाई रहेको छ।

कमैया मुक्ति आन्दोलन

कमैया पनि तपाई हामी जस्तै हुन् उनीहरूलाई मुक्त गरौं भन्ने नाराका साथ कमैया मुक्ति मंचले गएको कार्तिक महिनादेखि कमैया मुक्तिका लागि अपिल आन्दोलन संचालन गरेको छ। सौंकी अन्त्य गरियोस्, बुकुरा कायम गरियोस् र उचित ज्याला नय गरियोस् भन्ने तीन ओटा माग राखी पाँच जिल्ला दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाको क्रमशः सोनपुर, नौवस्ता, पदनाह, पथरैया र सुडा गाविसमा कमैया मुक्ति मंचका कार्यकर्ताहरूले कमैयाको गाउँ सभा गठन गर्ने, भेला, छलफल, प्रशिक्षण, अन्तरक्रिया कार्यक्रम गर्ने र हाते पर्चा वितरण गर्ने जस्ता प्रचारात्मक आन्दोलन उठाइसकेका छन्। स्वेच्छापूर्वक कमैया मुक्त गर्ने मालिकलाई आदर्श नागरिकको घोषणा गर्ने कार्यक्रम छ। पाँच जिल्लाको अपिल आन्दोलन संचालन गरेको गाविसमा कमैयाको लगत लिने काम कमैया मुक्ति मंचले गऱ्यो। यसरी लगत लिंदा प्रमुख राजनीतिक पार्टीका नेताहरूले नै कमैया राख्नेको तथ्यांक पाइएको छ। यसरी तथ्यांक लिंदा दाङको सोनपुरमा १७१ जना, बाँकेको नौवस्तामा २२५ जना, बर्दियाको पदनादया २४४ जना कैलालीको पथरैयामा १६७ जना र कञ्चनपुरमा १३२ जना कमैया रहेको तथ्य फेला परेको छ।

गएको मंसीर महिनामा अपिल आन्दोलन अन्तर्गत कमैया सौंकी ऋण अन्त्य विषयक अन्तर्क्रिया कार्यक्रम पाँचै जिल्लामा सम्पन्न भयो। उक्त कार्यक्रममा कमैया मुक्त गर्ने मालिकहरूले आफ्ना कमैयाको सौंकी अन्त्य गर्ने प्रतिबद्धता जनाउँदै घोषणा गरेका छन्। यस पटक १२ जना कमैयाका मालिकहरूले आफ्ना कमैयाको सौंकी मिनाहका लागि प्रतिबद्धता जनाउँदै घोषणा गरेका छन्। यसरी घोषणा गर्ने मालिकहरूमा क्रमशः बाँके नौवस्ताका खड्गबहादुर डागी, सनिराम थारू, नन्दलाल कडेल, मोहन खत्री, प्रेमराज रेग्मी, ज्योति प्रसाद रेग्मी, मिनबहादुर रुचाल, त्यस्तै कैलाली जिल्ला पथरैया गाविसका टेकबहादुर बम, भागीरथ चौधरी, सलिमुन्ना जग्गा, टेकबहादुर बिष्ट हुनुहुन्छ भने कञ्चनपुर जिल्ला सुडा गाविसका उमेशचन्द्र बोहरा हुनुहुन्छ। सौंकी मिनाह हुने कमैयाहरूमा बाँके नौवस्ताका बल्खु थारू, रामकुमार थारू, रामप्रसाद थारू, लक्ष्मीराम थारू, पूर्णबहादुर थारू र बजारू चौधरी छन्। त्यस्तै कैलाली जिल्लाको पथरैयाका सोमलाल चौधरी, बमबहादुर चौधरी, लौवाटी थारू, भदैया थारू र कञ्चनपुर सुडा गाविसका लहानु चौधरी रहेका छन्। यसरी १३ जना कमैयाहरूको करीब ३० हजार जति सौंकी मिनाहा हुने भएको छ। अब माघदेखि उनीहरू सौंकीले मुक्त भै कृषि मजदूरका रूपमा दैनिक काम गर्ने भएका छन्।

कमैया आन्दोलनको दिशा

कमैया मुक्ति अभियानकै सिलसिलामा ०५२ माघ १०-१२ मा इन्सेकको पहलमा कमैया मुक्ति मंचको प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न भएको थियो। सम्मेलनद्वारा पारित दस्तावेजहरूका केही अंश :

कमैयाहरुको वर्तमान स्थिति

- कमैया भन्नाले खेती किसानीको काम गर्ने मजदूर हो। जसको विशेषता अन्य मजदूरहरूको भन्दा फरक छ। यसैले कमैया दास प्रथाकै अवशेष हो र अहिले यो जमीनको दासको रूपमा रहेको छ। कमैया राख्नु अहिले प्रथा भएको छ।
- कृषि क्षेत्रमा कमैया प्रथाको शुरूवात निकै अघि दाङ जिल्लाबाट भएको अनुमान गरिन्छ। हाल कमैयाहरूको अधिक संख्या दाङ, बाँके, बर्दिया, कैलाली, कंचनपुरमा पाइन्छ। यसका साथै देशका अन्य जिल्लाहरूमा पनि कमैयाहरू रहेको चर्चा छ। जसको खोजी हुनु आवश्यक छ।
- जातीयताको हिसाबले मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल क्षेत्रमा ९५ प्रतिशत भन्दा बढ्ता कमैयाहरू थारू जातीवाट रहेका छन्।
- अधिकांश कमैयाहरू सौंकीले बाँधिएका छन्। कमैयाहरूको आफ्नो घर र खानपीनको निम्ति कुनै बैकल्पिक आय-श्रोत छैन। एउटा कमैयाको दैनिक आम्दानी सरदर रू.४/१३ पै. जति हुन्छ। कामको निश्चित समय हुँदैन।
- कमैयाहरू आफू खुशीले चाहेको ठाउँमा मतको प्रयोग गर्न र विचार व्यक्त गर्न सक्दैनन्। सभा सम्मेलनमा भाग लिनु, संगठन बनाउनु, कमैयाको निम्ति टाढाको विषय हो। माघीको २/४ दिन बाहेक उनीहरू पूर्ण रूपले अरू कै अधीनमा रहेका हुन्छन्।
- कमैयाहरू सामाजिक रूपले अपहेलित र अपमानित छन्। महिला र केटाकेटीहरूमाथिको शोषण निकै चर्को छ।
- ९५ प्रतिशत कमैया निरक्षर र अधिकांश कमैया अस्वस्थ्य पाइन्छन्।

कमैया मुक्तिको तात्पर्य

- मुलुकमा कमैया बाहेक अन्य जनसमुदायहरू पनि छन् जसलाई पीडित भन्न सकिन्छ। तर अन्य पीडित जनसमुदाय र कमैया समूहबीच पीडाको खास फरक छ। हालको निम्ति त्यो अन्तरको अन्त्य हुनु भनेको नै कमैया मुक्ति हो। कमैयाका अन्य सवालहरू आम पीडित जनसमुदायसँगै गाँसिएका छन्। सामाजिक अन्तरको अन्त्यले कमैयालाई अन्य जनसमुदायको स्तरमा पुऱ्याउनेछ। यसपछि उनीहरू अन्य तप्कासँगै अगाडि बढ्ने छन्।

कमैया आन्दोलन

एउटा वा दुईवटा सामाजिक संस्थावाट गरिने भौतिक सहयोग र साक्षरता कक्षा संचालन वा कुनै खालको आयमूलक कार्यक्रमबाट मात्र कमैयाहरूका मागहरू पूरा हुनु संभव छैन। कमैया मुक्तिको निम्ति अथवा कमैयाका मागहरूको प्राप्तीको निम्ति राज्य संलग्न रहनु र राज्यस्तरीय नीति तय हुनु आवश्यक छ। राज्यको ध्यान आकर्षण कमैयाहरूको सचेतनता तथा संगठित पहलवाट मात्र संभव छ। त्यसैकारण कमैया आन्दोलन भनेको कमैया समूहका मागहरू पूरा गर्नको निम्ति राज्यलाई संलग्न गराउन गरिने कमैयाहरूको क्रियाकलाप हो। यो क्रियाकलाप नैतिक-बौद्धिक वा भौतिक दुबै हुन सक्छ।

आन्दोलनको स्वरुप

आन्दोलनका स्वरूपहरू विविध हुन सक्छन्। इतिहासमा र दुनियामा विभिन्न तहका उत्पीडित समुदायद्वारा आफ्नो मागहरू पूरा गर्नको निम्ति संचालन गरिएका आन्दोलनका रूपहरूलाई हेरेर यो कुरा भन्न सकिन्छ। आन्दोलन गुप्त या खुला हुन सक्छ, सशस्त्र या निशस्त्र हुन सक्छ, शान्तिपूर्ण या अशान्तिपूर्ण हुन सक्छ, वैधानिक या अवैधानिक हुन सक्छ - दीर्घकालीन या अल्पकालीन पनि हुन सक्छ। तर हाम्रो देशको परिस्थिति अनुरूप कमैयाहरूको आन्दोलन खुल्ला, शान्तिपूर्ण र वैधानिक हुनेछ।

आन्दोलनका मित्र शक्तिहरु

- मित्र या शत्रु शक्तिहरूको पहिचान कुनै समुदायको आन्दोलनको निम्ति सबैभन्दा महत्वको सवाल हो। कमैया आन्दोलनको निम्ति पनि यो त्यत्तिकै महत्वपूर्ण छ।

कमैया मुक्ति मंचले संचालन गरेको आन्दोलनवाट अहिले मालिकहरू डराउँदैछन्। कमैयालाई सौंकी मिनाह गरिदिनु पर्छ र बुकुरा कायम गरिदिनु पर्छ भन्ने डरले कामवाट निकाल्न थालेका घटना पनि जानकारीमा आएका छन्। यस्तै घटनामा परेका बाँके नौवस्ताका कमैया मणिराम थारूले कमैया मुक्ति मंचमा ज्याला पाउँ भनी निवेदन दिएका छन्।

उक्त निवेदनमा "म मणिराम थारू नौवस्ता-२, जग्दल बस्ने तारा केशव शर्माको घरमा २०५३ साल माघ १० गतेवाट ०५४ साल माघ १० गतेसम्म बस्ने मौखिक करार गरी पुरानो मालिक खुमलाल शर्मासंग रहेको सौंकी रू. ४,०००।- तिरेर मलाई कमैया राख्नेको तर हाल पौष ७ गते आएर मैले तलाई राख्दैन भनेर मेले उसको जग्गामा बनाएको बुकुरा (घर) समेत नदिई बुकुरावाट ज्याला समेत दिन्न भनी निकालेकोले हाल म र बुक्रहीको रूपमा काम गर्ने मेरी श्रीमती बिचल्लीमा परेकोले नियम कानून बमोजिम ज्याला दिलाई पाऊ भनी निवेदन दिएका छन्। यसरी निवेदन आइसकेपछि कमैयाको समस्या बुझ्ने र समाधान गर्ने कामका लागि १० गते यो पंक्तिकार समेत बाँकेको नौवस्ताका मणिराम थारूका मालिकसंग भेट गर्न पुगियो। त्यहाँ जाँदा उनीहरूले कमैयालाई बुकुरा पनि दिनु पर्ने र सौंकी पनि मिनाह गर्नु पर्ने भएको हुँदा उसलाई अहिले नै मुक्त हुनुपर्दछ भनेको हो भनी बताए। जन प्रतिनिधि र कमैया मुक्ति मंचका साथीहरू समेत बसी माघसम्म उनलाई निकाल्न नपाइने सहमतिमा पुगी समस्या हल भयो।

यसरी मालिकहरू कमैयाहरूलाई अहिले पनि अफ्ठ्यारोमा पार्न पछि परेका छैनन्। यस्ता मणिराम थारू पाँच जिल्लामा अरू हुन सक्छन्।

तर पनि सामाजिक दबाव र कमैयाहरूको पहलवाट बिस्तारै कमैया मुक्तिको बाटो तर्फ उन्मुख हुने लक्षण देखा पर्दैछ। अहिलेको कमैया मुक्ति मंचको आन्दोलनवाट सौंकी मिनाह गर्ने मालिकहरूले अब दुःख बिमार पर्दा कमैयालाई ऋण नदिने कुरा बताउँदैछन्। यदी यस्तो भयो भने भर्खरै सौंकी मिनाह भएका कमैयाले अफ्ठ्यारो पर्दा ऋण कहाँबाट कसरी लिने भन्ने समस्या पनि सृजना भएको छ। कमैया सरोकार समूहको पुस ५ गते प्रतापपुरमा सम्पन्न भएको बैठकले अपिल आन्दोलनवाट सौंकी मिनाहा भई स्वतन्त्र कृषि मजदूरमा परिणत भएका कमैयाहरूलाई ती ठाउँहरूमा आर्थिक बचत कार्यक्रम संचालन गर्न र उनीहरूलाई आवश्यक सहयोग गर्ने निर्णय भएको छ। दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाहरूमा क्रमशः वेस, प्लान, आर.आर.एन., ग्रिन्सो र इन्सेकले यस्ता आर्थिक कार्यक्रम संचालन गर्ने भएका छन्।

- कमैया आन्दोलनका मित्र शक्तिहरूलाई निम्न बमोजिम किट्न सकिन्छ -

१. मजदूरहरू, भूमिहीन तथा गरीब किसान, निम्न मध्यम र मध्यम किसान
२. उदार धनी किसानहरू
३. कमैया प्रथाको विरोधमा आवाज उठाउने राजनीतिक पार्टीहरू तथा विभिन्न जनवर्गीय संगठनहरू
४. मानवअधिकार संस्थाहरू
५. सामन्तवादी व्यवस्था विरोधी र राष्ट्रियताको निम्ति हुने आन्दोलनहरू

आन्दोलनका बाधक तत्वहरु

हाम्रो आन्दोलनका बाधकतत्व ती हुन् जो निर्दिष्ट लक्षका बाधक हुन्छन्। यस अर्थमा कमैया प्रथालाई जोगाउन प्रयत्नशील रहने कुनै पनि वर्ग, व्यक्ति, पार्टी वा संस्थालाई कमैया आन्दोलनको बाधक शक्तिमा राख्न सकिन्छ।

वर्तमानमा कमैया आन्दोलनको स्थितिको निम्ति देखिएको सकारात्मक पक्ष

यो पक्षलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ

१. बहुदलीय व्यवस्था कायम हुनु
२. संयुक्त राष्ट्र संघको घोषणा तथा अन्तर्राष्ट्रिय सन्धी सम्झौता प्रति राज्यको नैतिक प्रतिवद्धता जाहेर हुनु
३. बाँधा राख्न नपाइने संवैधानिक प्रावधान
४. मानवअधिकार संस्थाहरूको बढ्दो चासो

कमैया आन्दोलनका चुनौतिहरु

कमैया मुक्ति आन्दोलनका लागि उल्लेखित सकारात्मक पक्षका साथसाथै केही चुनौति र अप्ठेरा कुराहरू पनि छन्। जसको उल्लेख तल गरिएको छ।

१. अधिकांश कमैयाहरू निरक्षर छन् र जागरूक छैनन्।
२. दृक्रिएको तथा सानो मात्राको उत्पादन प्रणालीमा संलग्नताको कारण संगठित हुन कठिनाई छ
३. प्रतिवद्ध र पूर्णकालीन कार्यकर्ताको अझै कमी छ।

गर्नु पर्ने कामहरु :

वर्तमान स्थितिवाट अगाडि बढी आन्दोलनको गति दिन र छरिएर रहेको शक्तिलाई संगठित गर्न हामीले निम्न कामहरू गर्नु पर्छ :

१. कमैयाहरूको स्वतन्त्र संगठनको निर्माण र परिचालन
२. मित्र शक्तिहरूको सहयोग परिचालन
३. सकारात्मक पक्षको सदुपयोग
४. हक अधिकार प्राप्तिको निम्ति पहलकदमी

कमैया आन्दोलनमा सरिक कार्यकर्ताहरुको दायित्व :

कमैया मुक्तिको शुभेच्छाका साथ वर्तमान सामन्ती व्यवस्था विरूद्ध लड्न कार्यकर्ताहरूले तल उल्लेखित दायित्व पूरा गर्नु पर्दछ।

१. कमैयाहरूको संगठन निर्माण र परिचालन गर्न सक्रिय रहने
२. कमैया कार्यकर्ता निर्माणको निम्ति प्रयत्नशील रहने
३. काममा एकरूपता ल्याउन र भावनात्मक एकताको विकासका निम्ति भेटघाट, छलफल र विचार आदानप्रदान जारी राख्ने।
४. अनुशासनको पालना
५. समस्याहरूको अध्ययन र पहिचान
६. कमैयाहरू बीच घुलमिल हुने शैलीको विकास गर्ने।

हाम्रा तत्कालीन मागहरु :

हाम्रा समस्याका रूपमा रहेका वर्तमान परिस्थितिहरू जसको बन्धनले हामी बाँधिएका छौं। त्यस बन्धनबाट मुक्ति नपाइ स्वतन्त्र र स्वावलम्बी धारणाको विकास नहुने भएकाले यस अवस्थामा पूरा गरिनु पर्ने हाम्रा तत्कालीन मागहरू तल प्रस्तुत गर्दछु।

१. सौंकीको अन्त्य गरियोस्
२. पुनर्वासको व्यवस्था गरियोस्
३. रोजगारीको व्यवस्था गरियोस्।
४. कमैयाका राजनीतिक अधिकारहरूको बहाली गरियोस्
५. कमैया बालबालिकालाई निशुल्क शिक्षाको व्यवस्था गरियोस्
६. कमैया महिलाहरूमाथिको शोषणको अन्त्य गरियोस्
७. सरकारी तथा गैरसरकारी स्तरबाट कमैया उद्धार समितिको गठन गरियोस्
८. कमैया मुक्ति केन्द्रको स्थापना गरी व्यवस्थित ढंगले सीपमूलक शिक्षाको व्यवस्था गरियोस्।

जहाँ महिलालाई मताधिकार छैन

लेखनाथ भण्डारी

नेपाली महिलाले पुरुष समूह मताधिकार प्राप्त गरेको आधा शताब्दी पछि पनि देशका केही गाउँहरूमा आजसम्म पनि महिलाहरूले उक्त अधिकार प्रयोग गर्न सकिरहेका छैनन्। राजनीतिमा महिला सहभागिता, प्रजातन्त्रका मौलिकता होस् वा राजनीतिमा महिला सहभागिता, आजको अपरिहार्य आवश्यकता जस्ता नारा सहित देशव्यापी अभियान चलिरहेकै भए पनि महोत्तरी जिल्लाको गैंडा भेटपुर र पर्सा देवाडका महिलाहरूका लागि त्यसको कुनै अर्थ रहेको देखिन्न । वि. सं. २०१५ साल पछि देशको राजनीतिमा धेरै उतार चढावका घटनाहरू दोहोरिसकेका छन। २०४६ सालको ऐतिहासिक जनआन्दोलन पछि निर्मित नेपाल अधिराज्यको संविधान २०४७ ले पनि लैंगिक असमानताको पूर्ण अन्त्य गर्दै लैंगिक समानताको व्यवस्था गरेको छ। तर यी दुवै गाविसका सम्पूर्ण महिलाहरू २०१५ साल देखि २०४६ सालसम्म मात्र हैन, २०४६ साल पछि ४ वटा चुनाव सम्पन्न भईसक्दा पनि आफ्नो सहभागिता जनाउन पाएका छैनन्।

प्रजातन्त्रको पुर्नस्थापना पछि नेपालको इतिहासमा नै स्थानीय निर्वाचन (२०५४) मा पहिलो पटक देश भरिमा करीब ४० हजार महिलाहरू स्थानिय निकायमा निर्वाचित पनि भए। तर विडम्बना त्यसरी नै निर्वाचित हुने महोत्तरी जिल्लाका गैंडा भेटपुर र पर्सा छेवाडका १८ जना महिला जनप्रतिनिधिहरूले समेत आफ्नो मत पनि प्रयोग गर्न भने सकेनन। त्यस्ते गरी अनिवार्य गाविस महिला सदस्यका लागि उम्मेदवारी दिएका महिलाहरूले पनि आफ्नो मत समेत प्रयोग गर्न नपाई पराजित हुनुपर्‍यो।

२०४६ साल पछि पटक पटक निर्वाचन भईसक्दा पनि आफ्नो अमूल्य मतदान गर्न नपाएका यी दुवै गाविसका महिलाहरूले यस पटकको निर्वाचनमा भने निक्कै उत्साहित भएर मतदानमा भाग लिन पाउने सोचेका थिए। यस अघिसम्म मतदान गर्नु त कता हो कता तर यस पटक हरेक वडामा २-३ जनासम्म महिलाहरू नै उम्मेदवार बनेको देखेपछि उनीहरूले फेरि पनि आफ्नो अधिकार प्रयोग गर्न पाउँदैन भनेर त सोचेकै थिएनन्। अन्ततः स्वयं उम्मेदवारी दिने महिला समेत मतदान गर्न जानबाट वन्चित गराउने निर्णय गाउँका भद्रभलादमीहरूको बैठकले गर्‍यो तब त्यो सबै मतदानमा सहभागी हुन चाहने महिलाहरूको चाहना माथि तुसारापात भईदियो।

"यी गाविसमा औरतहरूले भोट नदिएको अहिले मात्र हैन। जहिले देखिन भोट भयो। त्यसैबेला देखि औरतहरूले कहाँ भोट दिएको छ?" गैंडा भेटपुर गाविस-१ का ७० वर्षिय लक्ष्मीकान्त झा आफ्नो तर्क त्यसै गरी अगाडि राख्छन्- औरतले भोट नदिएर के भयो त? मर्दले जहाँ दिन्छ, औरतले पनि त्यहीं त दिहाल्छ।

यसै गाविसका ४५ वर्षिय महाकाली झा र ४० वर्षिय शान्ति झा भन्छन्-"भोटदिन त मन छ तर सबैले भोट दिए स्वराव मान्छ, त्यसैले दिंदैन।"यी दुवै महिलाहरू औरतलाई भोट नदिलाउने गाउँका पञ्च भलादमी भएको बताउँछन्।

गैंडा भेटपुर गाविस- १ को अनिवार्य महिला सदस्यको उम्मेदवारी दिएकी ६५ वर्षिय श्रीमती पवित्री देवी झा अहिलेसम्म आफूले मतदान नगरेको बताउँछन्। नकपा एमालेको तर्फबाट उम्मेदवारी दिएकी झा आफै भोट दिन नगएपछि कस्ले भोट दिन्छ भनेर प्रश्न गर्छिन्। झाका नाति राजय कुमार प्रसाद्संघ महोत्तरीको जिल्ला सदस्य पनि हुन्। उनी भन्छन- "यहाँको चलन नै यस्ते छ। हामीहरूले भनेर त के हुन्छ?"

सोही गाउँका ४९ वर्षिय सत्य नारायण झा पनि भोट भए देखि अहिलेसम्म महिलाले भोट दिएकै थाहा छैन भन्छन्। यसै गाविसका पूर्व प्रधानपञ्च ६५ वर्षिय खैरू मण्डल महिलाले मतदान गर्ने पर्दैन भन्ने कुरामा जोड दिन्छन्। उनको भनाई छ - मर्द के जहाँ भोट खसाल्छ, औरतले त्यही खसाल्छ।

गैंडा भेटपुर- १ का ६४ वर्षिय मुगल किशोर झा त्यस क्षेत्रका शिक्षित भलादमीका रूपमा चिनिन्छन्। झाले १२ वर्ष भन्दा वढी उपप्रधानपञ्च, केही वर्ष गाविसको सचिव, भूमि प्रशासन तथा मालपोत र शिक्षा कार्यालयमा मुखिया भएर काम गरिसकेका छन्। उनी भन्छन्- २०-२२ सालमा चुनावमा मारकाट भयो। त्यसबेला कुञ्ज विहारी यादवले जिल्लु भयो। त्यसै समयदेखि यहाँको औरतलाई भोट हाल्नु दिएकै छन्। "तर उनको कुरालाई ३५ वर्षिय राम सेवक मण्डल मान्न तयार छैनन्। उनको मत छ- अहिलेसम्म यी गाविसमा महिलाले मतदान गरेकै छैन।

यस गाविसमा महिलाले मतदान गर्न नचाहेको हो वा उनीहरूलाई मतदान गर्ने नदिइएको हो तर गत स्थानीय चुनावमा एउटा महिला पनि मतदानको लाईनमा नउभिएको गैंडा भेटपुर प्रहरी चौकीका प्रहरी अरूणकुमार पाण्डे बताउँछन्। उनी स्थानीय चुनावमा पर्सा वुथमा खटिएको र मतदानमा एउटा महिला पनि नआएको देख्ना आफू आश्चर्यमा परेको पनि बताउँछन्। उनका अनुसार मतदानमा महिलाले भाग लिनु भनेको त्यहाँको सामाजिक चलनलाई तोड्नु पनि हो र त्यसरी तोड्नु एउटा ठूलो चुनौति हो। त्यो चुनौति सामना गर्न कोही तयार छैनन्।

यस गाविसमा महिलाले मतदान नगर्ने प्रचलनलाई कसैले तोड्न चाहेर पनि त्यति सहज देखिंदैन। गैंडा भेटपुर- १ का ४८ वर्षिय मधुकान्त झा र उनकी श्रीमती सीता झाले महिलालाई मतदानको अधिकार दिलाउन निक्कै प्रयास गरे। तर त्यही कारणले मधुकान्त झाले आफ्नो गाविस उपाध्यक्ष पदको उम्मेदवारीमा समेत राम्रो जनसमर्थन तथा अन्य भद्र भलादमीको सहयोग पाउन सकेनन् वरु उनी र उनकी श्रीमतीलाई समेत "भोट गिराए, मारेर फालिदिन्छु"भन्ने धम्की दिइयो। सीता झाले स्थानीय मतदान केन्द्रमा महिलाले भोट हाल्न पाउनुपर्छ भनि निर्वाचन अधिकृत समक्ष अनुरोध त गरिन् तर स्थानीय

समाजका सामु निर्वाचन अधिकृतले पनि उनको अधिकार दिलाउन सकेनन्। त्यस्तै पिडा सोही ठाउँकी २७ वर्षिय रेखा झाको छ। जनकपुरमा कक्षा- १० सम्मको अध्ययन गरेकी रेखा विवाह पछि गैंडा भेटपुर पुगेकी हुन्। माओवादीको राजनीतिक वातावरणमा हुर्केकी रेखा नेका कार्यकर्ता भूषण झाकी छोरी हुन्। उनले महिला सदस्यमा उम्मेदवारी दिएर महिला विरुद्धको बन्धन तोड्ने अठोट त गरिन् तर अन्ततः उनलाई आफ्नो प्रचार गर्न र मतदान गर्न रोक लगाएरै छोडियो।

गैंडा भेटपुर गाविसका नव निर्वाचित अध्यक्ष ३७ वर्षिय विजय कुमार यादव नेपाली काँग्रेसको तर्फबाट ३८३ मत प्राप्त गरेर विजयी हुनुभएको हो। करीब २७०० मतदाता रहेको यस गाविसमा १२४० मत खसेको थियो भने कुनै पनि महिलाले आफूलाई मतदान नगरेको कुरा अध्यक्ष यादव सहर्ष स्विकार्नु हुन्छ। महिला मतदाता संख्या १३५० भन्दा बढी रहेको यस गाविसमा किन कुनै महिलाले मतदान गरेनन् त भने प्रश्नमा अध्यक्ष यादव भन्नु हुन्छ- "मतदान गर्न कसैले कसैलाई रोकेको त छैन। तर यहाँ नेता र नेतृत्वको नै कमजोरी छ भने शिक्षाको पनि अभाव छ।" आखिर महिलाले मतदान गर्न पाउनु पर्छ भन्ने तपाईको पनि धारणा छ भने किन तपाईले पहल गर्नु भएन त भन्दा उहाँको भनाई छ- "महिलाले भोट नदिए पनि पुरुषको भोटले फैसला जे गर्छ, सबै महिलाले त्यसैलाई मानेकै छ।" उहाँको अनुसार ०४८ को निर्वाचनमा भने ३-४ जना महिलाले भोट दिएका थिए।

गणेश यादव र ब्रम्हदेव सह सोही गाविसको नेपाली काँग्रेसका वथथ्थ कमिटीका सदस्य र सचिव पनि हुन। उनीहरू भन्छन्- "यो आजको कुरा हैन। जहिले देखि मान्छेले भोट खसाल्न थाले त्यहीबेला देखि अहिले सम्म महिलाले भोट खसालेकै छैन्।" मतदान गर्न कसैले रोकेको त छैन तर पुरुषकै भोटले रिजल्ट होस भन्ने चाहना भएको उनीहरू बताउँछन्। यस पटक महिलाले भोट खसाल्नु पर्छ भन्दा महिलाले नै भोट खसाल्न नचाहेको कुरा पनि याद्दा र नय बताउँछन्।

यसै गाविस स्थित बसमिरी बसन्तपुर माविका शिक्षक ४० वर्षिय महेन्द्र प्रसाद यादव महिलाले भोट नहाल्ने परम्परा बसेको र बुढापाकाहरूले महिलाहरू भोट खसाल्न गए हो-हल्ला अशान्ति हुन्छ भनेर पनि नदिएको बताउनु हुन्छ। उहाँ मात्र हैन, सबै व्यक्तिहरू आफूले त आफ्नो परिवारको महिला सदस्यलाई भोट हाल्न दिन चाहेको तर गाउँ समाजको दबावले भोट हाल्न पठाउन नसकेको बताउँछन्। त्यही कुरा गाविस अध्यक्ष यादव मात्र हैन, पर्सा देवाड गाविसका अध्यक्ष शेख कादम मन्जर बताउनु हुन्छ।

आफ्नो मत आफैले नहाले पनि गाविस सदस्य हुने अवसर पाएकी गैंडा भेटपुर गाविस-६ की ४५ वर्षिय धनेश्वरी यादव अहिलेसम्म भोट नदिएको बताउनु हुन्छ। उहाँ भन्नु हुन्छ- "भोट दिन मन त नभएको होइन तर नियम नै त्यही छ।" उहाँ सबैले भोटदिएर भोट दिन जाने बताउनु हुन्छ। त्यस्तै वार्ड नं. ५ को महिला सदस्य ३५ वर्षिय राम कला पण्डित आफ्नो मत नदिएर पनि जन प्रतिनिधी निर्वाचित हुनु भएको छ। उहाँहरू दुवै जना आफूले भन्दा पनि गाउँलेहरूले नै उठाएको र जिताएको बताउनु हुन्छ।

महिलाहरूले मतदान नगर्ने यसै जिल्लाको अर्को गाविस पर्सा देवाड पनि हो। यस गाविस-५ का नव निर्वाचित वार्ड अध्यक्ष ४० वर्षिय शेख लियास बताउनु हुन्छ।- "श्रीमानले जहाँ भोट दिन्छ, श्रीमतीले पनि त त्यहीं दिन्छ। त्यही भनेर समाजको सबै मिलेर चुनावको ३-४ दिन पहिले बैठक बसेर महिलाले भोट नदिने सहमति नै भएको हो। "यसै कुरालाई साथ दिदै अर्का सोही

गाउँका एक व्यक्ति वीरेमा भन्छन् "म जहा भोट दिन्छु, हमार विवी त्यहीय देगी, हमार विपक्षको भी उनका विवी दुसराको नही देगी, नव त मर्द के भोट से हार जित होगा।"

लामो समय देखि ०४६ साल सम्म यो गाविसमा उप-प्रधानपञ्च रहेका ४५ वर्षिय विश्वेश्वर चौधरी महिलाले भोट नदिने कुरामा सबैको मेल मिलाप छ। त्यसैले बाहिरिया मान्छेले आएर कुरा गरेर के हुन्छ भन्ने प्रश्न गर्नु हुन्छ? पुरुष जता दिन्छ, महिलाले त्यतै दिन्छ त्यसैले मर्दको भोट दिएर काम फर्साह हाल्छ भन्ने किन महिलाले भोट हालेर हो-हल्ला र अशान्ति गर्ने? चौधरी पुनः अर्को प्रश्न गर्नु हुन्छ। महिलाले भोट हाल्नु के जरूरी छ र भन्दै उहा भन्नु हुन्छ "महिलाले भोट हाल्न थाल्यो भने गाउँमा चुनाव नै हुदैन। त्यसैले पंच भलाद्मीले बसेर महिलाले भोट नहाल्ने सल्लाह गरेको हो।"

यसै गाविस वार्ड नं. ५ को महिला सदस्य गाउँमा महिलाले भोट नदिएको बताउँदै भन्नु हुन्छ- "हामीले भोट नदिएर के भो र? मर्द सबको भोट दिएर मिलाएकै छ।" यी दुवै गाविसको महिला जन प्रतिनिधिहरू पनि आफूले भोट दिनु पर्ने हो या होइन भन्ने मात्र हैन, आफू कुन पार्टीबाट कति मत ल्याएर विजयी भयौं भन्ने कुरा पनि थाहा नभएको बताउँछन्।

पर्सा देवाड गाविसका अध्यक्ष ४६ वर्षिय शेख कादम मन्जर ९७१ मत प्राप्त गरेर नेकाको तर्फबाट विजयी हुनु भएको हो। कूल ४५०० मतदाता रहेको यस गाविसमा १८६० मत खसेको थियो भने २००० भन्दा बढी महिला मतदाताहरू मध्ये करीले पनि मतदानमा भाग नलिएको कुरा अध्यक्ष मन्जर स्विकार्नु हुन्छ।

गाविस अध्यक्ष मन्जर २०१६ साल भन्दा पहिले देखि यस गाविसमा महिलाहरूले मतदान नगरेको बताउँदै मतदान गर्न वा नगर्न कसैलाई छैन तर महिलाले मत दिने कुरामा गाविसका सबै उम्मेदवारहरूको सहमति भएको बताउनु हुन्छ। उहाँ "मर्दबाटै रिजल्ट लिकयर गरौं भनेर महिलालाई फिल्डमा नलगेको र महिला फिल्डमा गए हिंसा, हो-हल्ला पनि हुने" बताउनु हुन्छ। महिलाहरूलाई प्रतिबन्ध लगाएको होइन तर महिलाहरू पनि त्यसैमा खुश छ भन्दै अध्यक्ष मन्जर आउने संसदको चुनावमा महिलालाई पनि भोट दिलाउने बताउनु हुन्छ।

जहिले देखि यी गाविसमा महिलाले चुनावमा भाग नलिएको भए पनि र जसले जेभने पनि यहाँका महिलाहरू पनि चुप लागेर भने बसेका छैनन्। गैंडा भेटपुरकी ३२ वर्षिय रितादेवी झा महिलालाई जबरजस्ती भोट हाल्न रोक लगाएको बताउँदै पटक पटक मतदान गर्न चाहेको बताउनु हुन्छ। यसै कुरालाई सोही ठाउँका पशुपति झा, मधुकान्त झा लगायतका पुरुषले पनि साथ दिएका छन्। तर चुनावको अन्तिममा आएर पञ्च भलाद्मीहरूले महिलालाई भोट हाल्न नदिने निर्णय गरेर संविधानले दिएको महिलाको अधिकार कुण्ठित गरेको उनीहरूको गुनासो छ। उनीहरूका अनुसार गत चुनावमा मतदान केन्द्रमा महिला प्रवेश गरेको कारण गोली समेत चलाइएको थियो।

भारतीय सिमानासंग जोडिएका यी गाविसहरूमा महिला र पुरुषको जनसंख्या बराबर नै छ। २०४८ को जनगणना अनुसार गैंडा भेटपुरमा ३८७० कूल जनसंख्या मध्ये १९९१ पुरुष र १९७९ महिला छन्। त्यस्तै पर्सा देवाडको कूल जनसंख्या ६७७७ रहेको छ। जसमध्ये ३३५७ पुरुष र ३४२२ महिला छन्। यस गाविसमा पुरुष भन्दा महिलाकै जनसंख्या बढी छ।

यस गाविसका करीब ५०० महिलाहरूले आफ्नो मताधिकारको सुरक्षाको लागि यस पटक श्री ५ को सरकारलाई एक निवेदन मार्फत अनुरोध

पनि गरे। उनीहरूले नेपाल अधिराज्यको संविधानले नेपाली महिलालाई दिएको अधिकार यस गाविसका केही राजनीतिक कार्यकर्ताहरूले बल जबरजस्ती दुरुपयोग गरी रहेकोले हामीलाई प्रजातान्त्रिक अभ्यासबाट वन्चित गर्नबाट रोके र शान्ति सुरक्षाको विशेष व्यवस्था गरियोस् भनि माग गरेका छन्। उनीहरूको निवेदनमा जिल्ला स्थित निर्वाचन अधिकृतको कार्यालय मार्फत स्थानीय मतदान अधिकृत समक्ष अनुरोध गर्दै जिल्ला प्रशासन कार्यालय महान्तरी, गृह मन्त्रालय, महिला तथा समाज कल्याण मन्त्रालय तथा अन्य महिला संघ संगठनहरूलाई पनि बोधार्थ दिइएको छ। अब हेरौं, यो क्षेत्रका महिलाहरूले कहिलेसम्ममा संविधानले दिएको अधिकार प्रयोग गर्न पाउने हुन ?

ग्रामीण इलाकामा वाल अधिकारको सवाल

प्रकाश ज्वाला

साधारणतया १४ वर्ष मुनिका स-साना कलिला कंटाकेंटीहरूलाई बालबालिका भनिन्छ। बाल बालिकाहरू देशका भोलिका स्रष्टा हुन्। आजको बालक भोलिका कर्णधार भन्ने भनाइबाट पनि प्रष्ट हुन्छ कि बालकहरूलाई भोलिको योग्य नागरिकको रूपमा निर्माण गर्न जरूरी हुन्छ। बाल बालिकाले राम्रो वातावरण पाए, राम्रो शिक्षादिक्षा र पालनपोषण पाए भने उनीहरू भोलिको लागि देशको साँचो पुरा गर्न सक्ने सक्षम नागरिक बन्न सक्छन्। बालकलाई काँचो माटोसंग पनि तुलना गर्न सकिन्छ। जसरी कुम्हालेले काँचो माटोबाट सोचे अनुसारको भाँडा बनाउन सक्छ तर भाँडा बनाइ सकेपछि त्यसलाई अर्को भाँडामा रूपान्तरण गर्न सक्दैन। त्यसरी नै बाल बालिकालाई पनि सानै उमेरमा जस्तो बनाउन चाह्यो त्यस्तो बनाउन सकिन्छ। आजको बालक भोलिको राष्ट्र निर्माता हो, जनताको अगुवा नेता हो, ऊ इन्जिनियर, डाक्टर, वकिल, शिक्षक, प्राध्यापक, वैज्ञानिक, प्रशासक आदि जे पनि बन्न सक्छ। त्यसकारण हामीले बाल बालिकाको अधिकार बारे सचेत भएर उनीहरूलाई सभ्य, सक्षम र इमान्दार नागरिकको रूपमा विकास गर्नु पर्छ।

हाम्रो समाज वर्गीय समाज हो। यो समाजमा विभिन्न वर्गका मान्छेहरू छन्। विभिन्न जाति, भाषा, धर्म, संस्कृति र समुदायका मान्छेहरूले हाम्रो समाज निर्माण भएको छ। समाजमा कुनै व्यक्तिहरू धनी, पूँजीपति छन्। उनीहरू आलिशान महलमा बस्छन्, सुविधा सम्पन्न महलमा सुखसयलका साथ दिन बिताउँछन्, अर्कोथरि व्यक्तिहरू काम गर्छन्, मेहनत गर्छन् तर झुपडीमा बस्छन्। साँझ विहान हातमुख जोर्ने समस्याले उनीहरू ग्रस्त छन्। ठूला पदमा पनि उनै धनीहरू पुग्छन् भने ती गरीबहरू पहुँचवाला पद र स्थानमा पुग्न सक्दैनन्। समाजको वर्गीय बनोटले बालबालिकाहरूमा पनि ठूलै असर पार्छ। धनी पूँजीपतिहरूका परिवारमा जन्म लिएका बाल बालिकाहरू जन्मदेखि नै सुख सयलका साथ हुर्किन्छन्, बढ्छन्। राम्रा सुविधासम्पन्न स्कूलहरूमा पढ्छन् र उनीहरूको प्रतिभाको विकास हुन सक्छ। तर दरिद्रतापूर्ण जिन्दगी बाँचिरहेका आमाबुबाको कोखमा जन्मेका बालबालिकाहरूको जीवन बडो दुख कष्टका साथ बिन्छ। उनीहरू राम्रो वातावरणमा हुर्कन, बढ्न, पढ्न र आफ्नो शारीरिक र मानसिक विकास गर्न सक्दैनन्। वास्तवमा त्यस्ते परिवारका बाल बालिकाहरू अधिकार विहीन हुन्छन्। शिक्षा, स्वास्थ्य आदि जस्ता आधारभूत अवसरहरूबाट उनीहरू बंचित हुन्छन्।

अर्कोतिर हाम्रो समाजमा विभिन्न जाति, धर्म, भाषा र संस्कृति पाइन्छ। अहिले पनि एक धर्मले अर्को धर्मको, एक भाषा संस्कृतिकोले अर्को भाषा संस्कृतिका मान्छेहरूलाई हेप्ने, शोषण गर्ने प्रवृत्ति जिउँदै छ। संविधान, ऐन, कानूनहरूमा धार्मिक र जातीय विभेदको अन्त गरिए पनि यो परम्परा अझ पनि हाम्रो समाजमा विद्यमान छ। माथिल्लो जातिले तल्लो जातिलाई दमन गर्ने हेप्ने प्रवृत्ति समाजमा अझ पनि व्याप्त छ। यसको प्रत्यक्ष असर बाल बालिकाहरू माथि पनि पर्नु स्वाभाविक हो। त्यसकारण उत्पीडित जाति, भाषाका कंटाकेंटीहरू पनि आफ्नो अधिकारबाट बंचित भएका छन्।

भविष्यका आशा र भरोसाका केन्द्र बाल बालिकाहरू यसरी वर्ग, जाति, भषा, धर्म, संस्कृति, ठाउँ आदिको आधारमा आफ्नो जन्म सिद्ध अधिकारबाट बंचित हुनु निश्चय पनि दुखको कुरा हो। "बालअधिकार" को सवालमा विश्वमा र हाम्रो देशमा समेत थुप्रै गोष्ठी र सेमिनारहरू भए, प्रशस्त पैसा खर्च गरे गरिएका त्यस्ता गोष्ठी र सेमिनारहरूमा थुप्रै तालिम र प्रशिक्षणहरू दिइए तर त्यो उपलब्धी भने खासै देखिंदैन। बाल अधिकारबारे विश्वमा थुप्रै सन्धी, महासन्धिहरू भए। संयुक्त राष्ट्र संघले पहलमा थुप्रै प्रयत्नहरू भए। हाम्रो देशका सरकारहरूले त्यस्ता सन्धी सम्झौताहरू हस्ताक्षर गर्नुका साथै अन्तर्राष्ट्रिय सभा सम्मेलनहरूमा समेत सहभागी भए तर बाल अधिकारको सवालमा खासै प्रगति भएको देखिंदैन। बाल अधिकारको संरक्षण गर्ने नाममा थुप्रै सरकारी र गैर सरकारी संघ संस्थाहरू निर्माण भएका छन्। विदेशबाट बाल बालिकाको हीत कल्याणको नाममा थुप्रै सहयोग प्राप्त हुन्छ तर ती संघ संस्थाहरू र त्यो विदेशी सहयोग पनि अधिकार विहीन बालबालिका बीच अझै पनि पुग्न सकेको देखिंदैन। बाल अधिकार सम्बन्धी थुप्रै ऐन, कानून पनि बनेका छन् तर आजसम्म तिनीहरूको सफल कार्यान्वयन भएको देखिंदैन। हेपिने हेपिएकै छ, दुख पाउनेले पाइरहेकै छ, शिक्षा, स्वास्थ्य आदि अवसरबाट बंचित हुने बंचित भएकै छ। शोषिने शोषिएकै छ। कानूनमा ठूला-ठूला ठेली बनेर के काम जब तिनीहरू नाममात्रका हुन्छन्। बाल अधिकारको हनन शहर बजार, गाउँघर, पहाड तराई सबैतिर व्यापक रूपमा भइरहेको छ।

फ्रान्सका विद्वान रुसोले भनेका छन्- "मान्छे स्वतन्त्र रूपमा जन्मन्छ, तर उसले आफूलाई सिक्रीमा बाँधिएको पाउँछ (Man is born free but he is in chain everywhere)।" वास्तवमा मान्छे जन्मदा स्वतन्त्र रूपमा जन्मन्छ तर समाजका अनेक परिवेशले उसलाई सिक्रीमा बाँधेको हुन्छ। अर्थात उनीहरूको अधिकार कुण्ठित गरिएको हुन्छ। नेपालको ग्रामीण इलाकाहरूमा बाल बालिकाहरूका अधिकारहरूको हनन विभिन्न किसिमले भएको छ। यहाँ त्यस्ता केही रूपहरूको बारेमा चर्चा गरिन्छ।

ग्रामीण इलाकामा स्वास्थ्य सुविधा राम्रो नहुने हुँदा गर्भवती आमा स्वस्थ हुँदैनन्। गर्भवती आमाले स्वस्थ र पोषक खानेकुरा नपाएर उनीहरू आफै त रोगी हुन्छन् नै, बच्चा पनि रोगी र कमजोर जन्माउँछन्। गर्भ मै रोगी भएर जन्मिएको बालक निश्चित रूपमा हृष्टपुष्ट र शारीरिक मानसिक रूपमा स्वस्थ बन्न सक्दैन। उक्त बच्चा जन्मिसकेपछि पनि उसलाई जुन किसिमले लालन पालना गर्नु पर्ने हो त्यस्तो किसिमले गरिंदैन। खाने, लगाउने, बस्ने सवालमा ग्रामीण जनतासंग न साधन हुन्छ न त चेतना नै हुन्छ। यसकारण सकभर त बच्चा जन्मदा नै अस्वस्थ जन्मन्छ। स्वस्थ रूपमा जन्मिए पनि ऊ अस्वस्थ हुन्छ, कुपोषणले ग्रस्त हुन्छ। परिणाम स्वरूप उसले राम्रोसंग शारीरिक र मानसिक रूपमा विकास गर्न सक्दैन र ऊ लाटो, बहिरो, लंगडो, अन्धो, सुस्त मनस्थिति भएको अपांग हुन्छ। यसरी

वालश्रम विरुद्ध सामाजिक परिचालन

कृष्ण प्रसाद उपाध्याय

(गत वर्ष अक्टोबर २७-३०, १९९७ मा नेपालको राजधानी काठमाडौंमा भएको वालश्रम सम्वन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा वालश्रम उन्मूलन गर्ने लिन प्रमुख रणनीतिको पहिचान गरी त्यसलाई कार्यान्वयन गर्ने अन्तर्राष्ट्रिय स्तरको प्रतिवद्धता जाहेर गरियो। उत्तर र दक्षिणका उच्चस्तरीय सरकारी तथा गैरसरकारी प्रतिनिधिहरूमा विभिन्न देशका श्रम, समाजकल्याण मन्त्रालय मन्त्रीहरू तथा सचिवहरूको सहभागिता रहेको थियो। सम्मेलनले जाहेर गरेका प्रतिवद्धताहरूमा गुणात्मक शिक्षा, कानून र सामाजिक परिचालन रहेका छन्। म आफै पनि त्यस सम्मेलनको सहभागी र सामाजिक परिचालन समूहको प्रतिवेदक रहेकोले त्यहाँवाट प्राप्त अनुभव यहाँ राख्न जमर्को गरेको छु।

सामाजिक परिचालन

सामाजिक परिचालन रुपान्तरणपूर्ण परिवर्तनको निम्ति प्रतिवद्धता साहतको प्रकृया हो। त्यसले यो सचेतनताहारा निश्चत गतिविधि हो। यहाँ कार्यगत यो संवाद पान हो। यो संवादले समस्याको अस्तित्व, कारण र समाधानको वारेमा सहमतिको विकाश गर्दछ। सहमतिले समस्या विरुद्ध जुझ्न प्रतिवद्धताको विकाश गर्दछ।

सामाजिक परिचालन किन ?

वालवालिकाहरू काम गर्दछन् र आर्थिक गतिविधिमा संलग्न छन्। यसकारण उनीहरू भौतिक, मानसिक तथा आर्थिक शोषणमा परेका छन्। उनीहरू आवाजहीन छन र भोट वैंक नभएका कारणले दवाव पान दिन सक्दैनन्। फलस्वरूप राजनैतिक, आर्थिक तथा सामाजिक क्षेत्रका निर्णायक ठाउँमा उनीहरूको प्रतिनिधित्व हुने कुरै भएन। तर वालश्रम आफैमा आर्थिक र सामाजिक समस्या हो। यसको निराकरणको निम्ति विभिन्न सामाजिक माध्यमको आवश्यकता पर्दछ। विगतमा यस्ता सामाजिक मोर्चाहरू विभिन्न क्षेत्रमा कारगर साबित भएका छन्। त्यसैले सामाजिक परिचालनको रणनीति अहिले पनि महत्वपूर्ण हुन सक्दछ।

सामाजिक परिचालनका विषयवस्तु

वालश्रम विरुद्ध सामाजिक परिचालन गर्दा पहले वालवालिकाहरूलाई हानिकारक कामहरूवाट संरक्षण गरिनु पर्ने, उनीहरूले शिक्षा पाउनुपर्ने, वालश्रम उन्मूलन गर्न परिवारको आर्थिक क्षमता अभिवृद्धि गरिनु पर्ने, शिक्षा र गरिवी निवारण कार्यक्रमलाई वालश्रम उन्मूलनको आवश्यक रणनीतिको रुपमा अख्तियार गर्ने पर्ने, असह्य प्रकारका वाल श्रम (intolerable forms of child labour) उन्मूलनलाई प्राथमिकता सहित अन्य क्षेत्रका वालश्रम उन्मूलन गर्ने आदि सामाजिक परिचालनका विषयवस्तु हुन सक्दछन्।

सामाजिक परिचालनको पहिलो कदम

सूचना र सूचना प्रणालीको विकाश वालश्रम विरुद्धको सामाजिक परिचालनको पहिलो कदम हो। तथ्य र तथ्यांकले समस्या र समाधानको वाटाहरू बुझ्न महत्व गर्दछ। यस्ता सूचनाका आदान प्रदानले मानिसहरू बीच सहमतिमा पुग्ने वातावरण श्रृजना गर्दछ। यहाँनिर मनपर्याप्त पक्ष भनेको सूचना संकलनमा सम्वद्ध सबैको सहभागिता निकै महत्वपूर्ण हुन्छ।

रणनीति प्रकृया

सामाजिक परिचालनका दीर्घकालिन, मध्य-कालिन र अल्पकालिन योजना बनाइनु पर्दछ। देशको विशिष्टताहरूलाई ध्यानमा राखेर यस्ता योजनाहरू बनाइनु पर्दछ। परिवारको सामाजिकीकरण पनि यस्को महत्वपूर्ण रणनीति रुपमा अधिकार गरिनु पर्दछ। यस्का साथै स्थानीय तथा राजनैतिक तहमा परिचालन गरिनु पर्दछ।

सामाजिक परिचालनको सफलताको सूचक

सामाजिक परिचालनले समाजमा मानिसको मानसिकतामा परिवर्तन ल्याउन सक्नु पर्दछ। अन्यथा, यस्को उपदेयता नै रहँदैन। मानसिकता ल्याउने परिवर्तन साथसाथै यसले समाजका हरेक तप्का र पात्रहरूको व्यवहारमा परिवर्तन ल्याउन सक्नु पर्दछ। व्यवहारमा परिवर्तन नभएको खण्डमा सामाजिक संगठन, राष्ट्रिय राजनैतिक संस्था र सरकार लगायत समाजका हरेक मानिसमा प्रतिवद्धताको विकाश गर्न सकिँदैन। यो प्रतिवद्धताका परिणाम राष्ट्रिय नीति, कानून तथा व्यवहारमा देख्न सकिन्छ। यसो भएको खण्डमा मात्र सामाजिक परिचालन सफल भएको मानिन्छ। वालश्रम लगायत वाल अधिकार सम्वन्धी सामाजिक परिचालनमा यस्ता आधार राख्नु उपयुक्त देखिन्छ। ●

वाल वालिकाको अधिकारको हनन गभावस्था देखि नै भएको देखिन्छ। त्यसकारण वाल वालिकाको अधिकारको संरक्षण उसको गर्भवस्थादेखि नै हुनु जरुरी छ।

जव वालक जन्मन्छ, त्यसवेला देखि नै उसको राम्रो लालन पालन गरिनु पर्दछ। उनीहरूलाई हुर्काउन, वढाउनमा आमावावुहरूले ध्यान दिनु पर्दछ। अहिले ग्रामीण क्षेत्रमा केटाकेटीहरू जन्मनासाथ आमाका काममा लाग्ने र वच्चावच्चीको राम्रो हेरचाह समेत नगर्ने स्थिति छ। जन्मिएका थुप्रै वाल वालिकाहरू साँने उमेरमा मर्दछन्। यसरी उनीहरूको वाँच्ने अधिकार हनन भएको छ। वालवालिकाको स्वास्थ्यको अधिकार एक अत्यन्त महत्वपूर्ण अधिकार हो। पौष्टिक आहार, शुद्ध पिउने पानी, औषधोपचार, खोप आदि सुविधावाट अहिले पनि वालवालिकाहरू वंचित हुन वाध्य छन्। यसरी कुपोषण, राम्रो लालनपालनको अभाव, रोग लागेमा राम्रो उपचार नहुने आदि कारणले अहिले थुप्रै वाल वालिकाहरूको अकाल मृत्यू भैरहेको छ, थुप्रै वाँचेर पान अपाङ्ग र अशक्त छन्। नेपालमा अहिले ६ वर्ष मुनिको वालवालिकाको संख्या कुल जनसंख्याको ४७% अर्थात ८६,२३,९५० रहेको छ। यसमध्ये वर्षेनी ७० हजार शिशुहरूको मृत्यू अकालमा हुने गरेको छ। प्रतिवर्ष ५ वर्ष मुनिका वालवालिकाहरू मध्ये ४५ हजारको मृत्यू झाडापखालाको कारणवाट हुने गरेको छ भने निमोनिया, धनुष्टङ्कार, दादुरा, लहरेखोकी, पोलियो आदि रोगहरूको कारण २५ हजार वालवालिकाको मृत्यू हुने गरेको छ। नेपालमा प्रति दिन १९२ जना वालवालिकाको मृत्यू हुन्छ। यति ठूलो संख्यामा वाल वालिकाहरू आफ्नो आधारभूत वाँच्ने अधिकारवाट वंचित भएका छन्। साथै ५ वर्ष मुनिका करीव ५०% वालवालिकाहरू चर्को र मध्यम खालको कुपोषणको शिकार भएका छन्। यसरी मृत्यू हुने र कुपोषणवाट ग्रस्त हुने केटाकेटीहरू मध्ये ठूलो संख्या सुविधाविहीन ग्रामीण इलाकामा वस्नेहरूको छ। केटाकेटीहरूलाई राम्रोसंग पालनपोषण नगरिने हुँदा उनीहरूलाई शारीरिक र मानसिक रोग लाग्दछ। कुपोषणको कारण उनीहरूको शारीरिक र मानसिक विकास पनि राम्रोसंग हुन सक्दैन।

स्वास्थ्य, उपचार र पालनपोषण जस्ते वाल वालिकाहरूको अर्को आधारभूत अधिकार शिक्षा पनि हो। शिक्षाको कुरा उठ्ने वित्तिकै समाजको वनौटतर्फ अलिकति ध्यान दिनु जरूरी हुन्छ। वर्तमान नेपाली समाजमा आर्थिक दृष्टिले मुख्य रूपमा दुई वर्ग विद्यमान छ- हुनेखाने धनी पूँजीपति वर्ग र मेहनत परिश्रम गरेर पनि आफ्नो जीवन धान्न गाह्रो पर्ने कमजोर आर्थिक अवस्था भएको गरीव वर्ग। यसका अतिरिक्त समाजमा मद्यम वर्गको समेत अस्तित्व छ। धनी परिवारका केटाकेटीहरूलाई कुनै कुराको अभाव हुँदैन। उनीहरूको पालनपोषण, उपचार र शिक्षादिक्षा अत्यन्त राम्रोसंग गरिन्छ। त्यस्ता परिवारका वालवालिकाहरू सुविधा सम्पन्न वोर्डिङ्ग स्कूलहरूमा पढ्न पाउँछन्। अर्को पाटो अत्यन्त अध्यारो छ। गरीव परिवारका अधिकांश केटाकेटीहरूको पालन पोषण नै राम्रोसंग हुन पाउँदैन। उनीहरू साँने उमेरमा कडा परिश्रम गर्नु पर्ने काममा लाग्न वाध्य हुन्छन्। देशका प्राथमिक शिक्षा पाउनु पर्ने ५ देखि १० वर्ष उमेर समूहका ७१% मध्ये करीव ४५% वाल वालिकाहरू आफ्नो शिक्षा पाउने अधिकारवाट वंचित हुनु परेको छ। यस्ता अधिकार विहीन वालवालिकाहरूको संख्या शहर भन्दा गाउँले क्षेत्रमा धेरै छ। शहर वजारमा वस्ने र धनी पूँजीपतिहरू वालवच्चाहरू सुविधा सम्पन्न स्कूलहरूमा अध्ययन गर्छन् भने ग्रामीण क्षेत्रमा वस्ने अधिकांश वालवालिकाहरूले स्कूलको मुख देख्न पाएका छैनन्। विद्यालय जाने केटाकेटीहरू पनि सुविधा सम्पन्न स्कूलमा अध्ययन गर्न पाउँदैनन्। अर्कोतिर हाम्रो समाजमा छोरा र छोरीको वीचमा अत्यन्त ठूलो भेदभाव गरिन्छ। "छोरा जन्मे खसी र छोरी जन्मे फर्सी" भन्ने उखान नेपाली समाजमा निकै प्रचलित छ। एउटै दम्पत्तिले ८/९ जना छोरी जन्माउँदा पनि छोरा नभएकोमा चिन्तित हुने र अर्को विवाह गर्ने संस्कार व्याप्त छ। छोरालाई स्कूल पठाउने र छोरीलाई "उनीहरू अर्काको नासो हुन्", "पढेपछि केटालाई चिठी लेख्छन्", "छोरीले घरको काम गर्नु पर्छ" भन्दै स्कूल जान वंचित गरिन्छ। वरु यसको उल्टो छोरीलाई घाँस दाउरा कटाउने, गोठालो, ढिकी, जाँतो गर्ने, भाँडा माझ्ने जस्ता काममा लगाउने

गरिन्छ। ग्रामीण इलाकाका कतिपय स्कूलहरूमा केटीको संख्या शुन्य हुन्छ भने कतिपयमा अत्यन्त कम प्रतिशत मात्र हुन्छन्। यसरी पढाई लेखाई लगायत अन्य काममा छोरीलाई गरिने दोस्रो व्यवहार अर्थात असमान व्यवहारले गर्दा छोरीहरू अधिकारबाट वंचित हुन बाध्य छन्। छोरीहरू शिक्षाको अधिकारबाट मात्र हैन सम्पत्तिको अधिकारबाट समेत वंचित हुनु परेको छ। आफ्नै पैतृक सम्पत्तिमा उनीहरूले दावी गर्न पाउँदैनन्।

हामी सहज रूपमा अनुमान गर्न सक्छौं- विद्यालय जाने कलिलो उमेरका बाल बालिकाहरू घाँस, दाउरा, ठूलो भारीले थिचिनु परेको छ भने उनीहरूको अधिकारको संरक्षण कति भएको होला? स-साना बालबालिकाहरू कडाभन्दा कडा काममा लाग्न बाध्य छन् र गोठालो बनेर "बालदास" को रूपमा अर्काको घरमा काम गर्न विवस छन्। स-साना केटाकेटीहरू भरिया बनेर ठूल-ठूला भारी बोकेर एक ठाउँबाट अर्को ठाउँ ओसार पसार गर्छन्। यस्तो अवस्थामा बाल बालिकाको अधिकार हनन भएको छैन भने कस्ले भन्न सक्छ?

ग्रामीण क्षेत्रका कतिपय ठाउँहरूमा कसैको छोरी जन्मने वित्तिकै उनको विवाहको कुरा टुंगो लगाइन्छ र उनलाई कसैको जिम्मा लगाइन्छ। दुवै तर्फका बाबु आमाहरूद्वारा पैसा र अन्य पावर (उपहार) आदान-प्रदान गरेर विवाहको कुरा किनारा लगाइन्छ। भोलि ठूलो भएर उनीहरूको मन मिले पनि नमिले पनि वाध्यताबस विवाह गराइन्छ। अब ती बाल बालिकाहरूको अधिकार कुण्ठित भएन भनेर कसरी भन्ने? अहिले पनि १०/११ वर्षका केटीहरूको विवाह गर्ने गरिन्छ। विवाह भन्ने थाहा नहुने अवस्थामा विवाह गरेर उनीहरूको अधिकारलाई अपहरण गरिएको छ।

ग्रामीण इलाकाका बाल बालिकाहरू घरबाट भाग्ने र शहर, बजार र विदेशतिर जाने गर्छन्। गरीबि, आमाबाबुको दुर्व्यवहार, सुकुम्बासी परिवार, बाबुआमाको मृत्यु, सौतेनी आमाको व्यवहार, आमा बाबुले नै शहर वा विदेश पठाउने आदि विभिन्न कारणले उनीहरू घर छोडेर शहर र विदेशमा जाने गर्छन्। शहर वा विदेशमा गएर उनीहरू सडकमा जीवन बिताउने "सडक बालक" बन्छन्। कतिपय बालबालिका वेश्यावृत्ति जस्ता दुर्व्यसनमा लाग्छन् भने कतिपय भाँडा माझ्ने, सडक बढार्ने, नोकर बन्ने, भरिया बन्ने जस्ता काममा लाग्छन्। श्रम अनुसारको रकम नपाउनाले उनीहरूको जीवन अत्यन्त कष्टकर हुन्छ। नेपालमा सडक बालकको संख्या जम्मा ५००० छ र काठमाडौंमा मात्र १५०० छ।

नेपालको तराईका गाउँहरूमा विशेष गरी थारू जातिका बालबालिकाहरू आमाबुबासँगै अर्काको घरमा कमैया, कामदार बनेर आफ्नो जीवन गुजारा गर्दछन्। उनीहरू पनि आफ्ना अधिकारबाट वंचित छन्। हाम्रो समाजमा जातीय भेदभाव पनि अत्यन्त धेरै छ। ठूला जातका मान्छेले साना जातकालाई हेप्ने गर्दछन्। जातीय भेदभावको कारणले पनि कतिपय बालबालिकाहरू आफ्ना अधिकारबाट वंचित छन्। वादी जातिका केटाकेटीहरू सानैदेखि नाचगान र वेश्यावृत्तिमा लागेर अर्काको मनोरञ्जनको साधन बन्ने गर्दछन्। त्यस्तै गरी गाउने जातिका केटाकेटीहरू गीत गाएर अरूलाई मनोरञ्जन गराउँछन्। यसरी कतिपय उत्पीडित जातिका बाल बालिकाहरू आफ्ना अधिकारको बलि चढाएर अर्काको मनोरञ्जनका साधन बन्न बाध्य छन्। अर्कोतिर अहिले कतिपय ठाउँहरूमा बाल बालिकाको किनबेच जस्तो अत्यन्त घृणित काम समेत हुन्छ। स-साना बालिकाहरूलाई बिदेशी वेश्यालयहरूमा बेच्ने काम समेत कतिपय व्यक्तिहरूले गरेका छन्। उता कतिपय ठाउँहरूमा बालबालिकाहरूलाई देउताको मन्दिरमा चढाउने र भोग दिने जस्ता पूराना परम्परा विरोधी कामहरू नै हुन्। यस्ता कामहरू विशेष गरी अन्धविश्वास, अशिक्षा र चेतनाको कमीले हुन्छन् र हरेक दृष्टिले पछाडि परेका ग्रामीण इलाकाहरूमा हुने गर्छन्।



अहिले बाल अधिकारको लागि राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा धेरै संघसंस्था खुलेका छन् र धेरै सन्धी, सम्झौता, ऐन, कानून र नियमहरू समेत बनेका छन्। विभिन्न देशका सरकारहरूले बालअधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धिमा हस्ताक्षर गरेर पनि बाल अधिकारको संरक्षणमा खास उपलब्धी प्राप्त हुन सकेको छैन। सन् १९९० मा नेपालले सो बाल अधिकार महासन्धिमा हस्ताक्षर गरेपछि त्यसै आधारमा बालबालिका सम्बन्धी ऐन २०४८ र नियमावली २०५१ निर्माण गरेको छ। यस ऐन र नियमावलीमा बाल अधिकार सम्बन्धी धेरै व्यवस्था गरिएको छ तर त्यसलाई कार्यान्वयन गर्ने कुरामा भने कमी रहेको छ। "बाल बालिकाहरूको हक, हीतको संरक्षण गरी तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गर्न वान्छनीय ठानी यो ऐनको व्यवस्था गरिएको छ।

ऐनमा संरक्षण र संरक्षक सम्बन्धी व्यवस्था, कल्याणकारी व्यवस्था, बाल सुधार गृह, अनाथालय, सुस्त मनस्थिति केन्द्र, बाल अदालत आदिको व्यवस्था गरिएको छ। बालबालिका देशका सुन्दर फूल हुन्। उनीहरू परिवार, समाज र देशकै आशा र भरोसाका केन्द्र हुन्। उनीहरूको हीतको लागि उनीहरूलाई अधिकारहरू दिनुपर्छ। नाम राख्ने र जन्म मिति कायम गर्ने, पालनपोषण, शिक्षा र स्वास्थ्योपचारको अधिकार, छोराछोरीमा भेदभाव गर्न नहुने अर्थात् समतामूलक व्यवहार गर्नु पर्ने, धर्मपुत्र, धर्मपुत्री वा जायजन्मका छोराछोरीमा समान व्यवहार गर्नुपर्ने आदि हकको उल्लेख उक्त ऐनमा गरिएको छ। त्यस्तै गरी बालबालिकालाई क्रूर र यातनापूर्ण व्यवहार गर्न नहुने, माग्ने काममा लगाउन वा मुड्न नहुने, देवी देवताको नाममा चढाउन नहुने, अनैतिक काम र पेशामा लगाउन नपाइने, कठोर साजय दिन नहुने, १४ वर्ष मुनिका बालबालिकालाई श्रमिकको रूपमा काममा लगाउन नहुने, बालबालिकालाई खतरनाक काममा लगाउन नहुने व्यवस्था समेत ऐनले गरेको छ। यसै ऐनमा बालबालिकालाई सजाय मात्र हुने केही व्यवस्था समेत गरेको छ। १० वर्ष मुनिका बालबालिकालाई सबै किसिमका सजायबाट मुक्त गर्ने, १० देखि १४ वर्षसम्मकालाई जरिवाना हुनेमा हप्काई सम्झाई छोड्नु र कैद हुनेमा कसुर हेरी ६ महिनासम्म कैद गर्न हुने र सोभन्दा माथि १६ वर्ष सम्मकालाई सजायको आधा सजाय हुने व्यवस्था छ। ऐनमा केन्द्र र जिल्लामा बाल कल्याण समितिको व्यवस्थाका साथै अनाथालय, बाल कल्याण केन्द्र, बाल सुधार गृह आदिको समेत व्यवस्था गरिएको छ। तर ऐनमा व्यवस्था भएका कुराहरू कार्यान्वयन हुन सकेका छैनन्।

वर्तमान अवस्थामा जति धेरै ऐन कानून बनेका संघ संस्था खुलेका भएता पनि बाल बालिकाहरू आफ्ना अधिकारबाट बंचित छन्। त्यस मध्ये ग्रामीण इलाकाका बाल अधिकारको अवस्था भन अत्यन्त नाजुक छ। यसतर्फ सरकारी, गैरसरकारी संघ संस्था र व्यक्तिहरू सबैले गम्भीर रूपमा सोच्नु पर्ने देखिन्छ। त्यसो भएमात्र बालअधिकारको संरक्षण हुन सक्छ।

●

ग्रामीण क्षेत्रका कतिपय ठाउँहरूमा कसैको छोरी जन्मने वित्तिकै उनका विवाहको कुरा टुंगो लगाइन्छ र उनलाई कसैको जिम्मा लगाइन्छ। दुवै तर्फका बाब आमाहरूद्वारा पैसा र अन्य पावर (उपहार) आदान-प्रदान गरेर विवाहको कुरा किनारा लगाइन्छ। भोलि ठूलो भएर उनीहरूको मन मिले पनि नमिले पनि वाध्यताबस विवाह गराइन्छ। अब ती वाल वालिकाहरूको अधिकार कुण्ठित भएन भनेर कसरी भन्ने?

जीवित छन् कि स्वतः निस्क्रिय भए? यसबारेको अन्यौल यथावत् नै रहेको बखत ०५० साल मंसीर २४ गते सर्वोच्च अदालतमा एक रिट दायर गरिएको थियो। मानवअधिकार संरक्षण मञ्चका सचिव कृष्णप्रसाद शिवाकोटीले दायर गर्नु भएको उक्त रिट निवेदनमा संविधानको धारा ८८(१) बमोजिम संविधानसंग बाझिएको कानून अमान्य र बदर घोषित गरिपाउँ भन्ने माग गर्दै मृत्युदण्ड दिनसक्ने व्यवस्था रहेका कानूनहरू बदर भएका घोषणा गर्ने उल्लेख गरेको थियो। करीब चार वर्ष लामो बहस पश्चात सर्वोच्च अदालतको विशेष इजलाशले ०५४ साल भदौ ३० गते गरेको फैसलाले निरंकुशताको काली अवशेषद्वारा भयभीत नागरिकहरूलाई केही हदसम्म भयमुक्त त गऱ्यो। तर मृत्युदण्ड उन्मूलन भएको तहसम्मको ग्यारेन्टी नगरेको धारणा कानून व्यवसायीद्वारा व्यक्त गरिएको छ। उक्त फैसलामा भनिएको छ- धारा १३१ को प्रतिबन्धात्मक वाक्यांश खण्डले सचिवालय समेत भएको रिट निवेदन जारी हुन नसक्ने सिद्धान्त प्रतिपादित भएको र त्यस्तो सिद्धान्तसंग असहमति जनाउने स्थिति समेत नदेखिंदा र निवेदनको प्रस्तुत मागलाई लिएर धारा १३(१) को व्यख्या गर्नुपर्ने अवस्था समेत नेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।" उक्त मुद्दामा श्री ५ को सरकार मन्त्री परिषद् सचिवालय, प्रतिनिधि सभा र राष्ट्रिय सभालाई विपक्षी बनाइएको थियो। सर्वोच्च अदालतले आफ्नो सहयोगी अर्थात् एमिकस क्यूरीमा वरिष्ठ अधिवक्ताहरू कृष्णप्रसाद भण्डारी र कृष्णप्रसाद पन्त तथा अधिवक्ताहरू श्याम खरेल र मुक्ति प्रधानलाई राखेको थियो। रिट निवेदनको पक्षबाट वरिष्ठ अधिवक्ता सिन्धुनाथ प्याकुरेल तथा अधिवक्ताहरू विश्वकान्त मैनाली, हरिकृष्ण कार्की र युवराज संग्रौलाले बहस गर्नु भएको थियो। यस्तै विपक्षीहरूको तर्फबाट महान्यायाधीवक्ता प्रेमबहादुर विष्ट र वरिष्ठ सरकारी अधिवक्ता बलराम [illegible] थियो। ती मध्ये नेपाल प्रहरी ऐन र नेपाल विशेष सेवा ऐनबाट संसदमा मृत्युदण्डको प्रावधान हटाइएको छ। तर सैनिक ऐन २०१६, राजगद्दी उत्तराधिकारी ऐन २०४४ र राज्य विरूद्धको अपराध र सजाय ऐन २०४६ मा रहेको मृत्युदण्डको कानूनी प्रावधान विधायिकाले जानी बुझी हटाउन आवश्यक नठानेर नहटाइएको दावी समेत विष्टको थियो।

मानिसलाई दिइने दण्ड मध्ये मानवअधिकारको क्षेत्रमा सबैभन्दा कडा दण्डको रूपमा मृत्युदण्डलाई लिइन्छ। सामान्यतया मृत्युदण्डको सजाय दिएपछि र कार्यान्वयन भएपछि चाहेर पनि फिर्ता लिन नसक्ने भएकोले त्यस्तो दण्ड दिने अधिकार मानिसलाई दिइनु हुँदैन। मृत्युदण्डले मानिसको जिउने हकलाई समाप्त पार्दछ। मृत्युदण्ड दिएर मानव सभ्यताको विरूद्धमा उभिएर मानव सभ्यताको उपहास गरिनु हुँदैन। तर नेपालमा मानव सभ्यता विरोधी यस्तो

पहिलो दशक

अधिकार यात्रा। यो कस्तो यात्रा हो ? यो मानव गरीमाको भेदभाव रहित प्राप्तिको सचेत यात्रा हो। यात्रा जीवनको अभिन्न पाटो मात्र होइन। जीवन नै यात्रा हो। तर अधिकार-यात्रा मानव जीवनको औचित्य र महत्व साबित गर्न प्रयत्नशील सचेत यात्रा हो।

दस वर्ष पूरा भएछ- इन्सेकको सचेत-यात्राको। सचेतन-यात्राको पहिलो दशक पूरा भइसकेछ। दुई वा चार दिन पहिलेको जस्तो लाग्छन् कति कुराहरू त। तर समय धेरै बितीसकेछ।

समय एक दशकको। तर इन्सेकसंग यसबीचका एक एक क्षणको हिसाब-किताब छ। प्रकाश दाजुले यो धर्तीबाट बिदा लिनु भएको पनि आधा दशक भन्दा बढी भइसकेछ। मलाई त हिजो जस्तो लाग्छ प्रकाश दाजूले "आउज मानवअधिकार यात्रामा सामेल हो" भन्नु भएको।

प्रकाश काफ्ले र सुशील प्याकुरेल मैले सम्झिए देखिका दुई अभीन्न मित्रहरू। दुबै जना पंचायत विरोधी यात्रामा हरदम संगसंगै रहनु भयो। न्याय, हक र अधिकारको यात्रामा प्रकाश सकिन। सत्चालीस साल असोज देखि हामी कहीले वर्षैदेखि बन्द रहेको छलफल साप्ताहिक फेरि निकाल्ने योजना बनायौं। युवा सहचर-हानमालीको जल्दो बल्दो अवस्थामै मृत्यु भयो।

उनान्चास सालको शुरूवात तिरदेखि म छलफल साप्ताहिकमा अड्न सकिन। छलफलको सम्पादक पदबाट बिदा भए पछि प्रकाश दाजुले एकदिन मसँग भन्नु भएको थियो "हामीले नेपालमा पनि मानवअधिकार वर्ष पुस्तक निकाल्ने सोच बनाएका छौं। तैंले सर्सति एउटा नमूना तयार पार त। "मैले घटना विवरण सहितको एउटा खेस्रा तयार पारेर देखाएँ। श्रीलंका जानुअघि प्रकाश दाजुले "अब नेपालीमा एउटा इन्सेक बुलेटिन दाहालले भन्नु भएपछि म इन्सेकको प्रकाशन विभागमा काम गर्न थालें। समयक्रममा मानवअधिकार वर्ष पुस्तकको सम्पादन गर्ने जिम्मेवारी मैले वहन गर्नु पर्‍यो।

वर्ष पुस्तकको शुरूको अंकमा प्रकाश दाजुलाई श्रद्धाञ्जलि व्यक्त गर्नु पर्दा हामी संकल्पबद्ध थियौं- अधिकार यात्रा अझ गतिका साथ अघि बढाउने छौं। सबैबाट दिन रातको मेहनत गरे। तर कालक्रममा इन्सेकमा दुखद् क्षण पनि आयो। त्यो बेलाका महत्वपूर्ण व्यक्तिहरू इन्सेकबाट टाढिनु भयो। इन्सेक भित्रको असहज स्थितिका बारेमा कतिपय गलत कुराहरू पनि प्रचार गरिए।

तैपनि इन्सेकको अधिकार-यात्रामा तात्विक असर परेन। आज एक दशकको इन्सेकलाई देख्दा मलाई साँच्चै यो अधिकार-यात्राको फराकिलोपनाको अझ बढि अनुभूति भएको छ। जतिखेर म इन्सेकमा प्रवेश गरेको थिए- अहिलेका धेरै इन्सेककर्मीहरू हुनुहुन्थेन। म जतिखेर इन्सेकको नियमित गतिविधिबाट टाढिएँ त्यसबेला पनि अहिलेका धेरै इन्सेककर्मीहरू हुनुहुन्थेन। तर

वाद / प्रतिवाद

सर्वोच्च अदालतमा दायर गरिएको रिट

विषय : संविधानको धारा ८८।१) बमोजिम संविधानसंग बाझिएको कानून अमान्य र बदर घोषित गरिपाउँ।

काठमाडौं जिल्ला का.न.पा. वाड नं. १० बानेश्वर बस्ने मानवअधिकार संरक्षण मञ्चका सचिव वर्ष ..... को कृष्णप्रसाद सिवाकोटी ..... निवेदक

विरुद्ध
श्री ५ को सरकार मन्त्री परिषद सचिवालय सिंहदरबार १
श्री प्रतिनिधि सभा सिंहदरबार .....१ विपक्षी
श्री राष्ट्रिय सभा सिंहदरबार १

सर्वोच्च अदालत नियमावली ०५१ को नियम ४० बमोजिम दर्ता गर्न लाग्ने दस्तु रु. ५००।- यसै साथ संलग्न गरिएको छ।

१. नेपाली जनताको आहुति र बलिदानबाट नेपाल अधिराज्यको संविधान २०४७ प्राप्त भएको हो। नेपाली जनताले आफ्ना सार्वभौम अधिकार र हक प्राप्तिका लागि एक लामो लड़ाई लड़ी आएका छन् र आन्दोलनको सिलसिलामा कैयौंले मृत्युदण्ड वरण गर्न पर्‍यो भने कैयौंले गोलीको शिकार हुनु पर्‍यो। जेलनेल यातना सहयेरहरण, परिवारको बर्बादीको कुनै लेखाजोखा नै छैन। नेपाली जनताको बिरतापूर्ण र बलिदानपूर्ण योगदानको प्रतिफल नै नेपाल अधिराज्यको संविधान २०४७ हो। नेपालको इतिहासमा यो ज्यादै महत्वपूर्ण उपलब्धी हो र नेपालको इतिहासमा सर्वप्रथम नेपाली जनताले सार्वभौम बनाएको छ।

२. संविधानको भाग ३ ले मौलिक हकको सुरक्षा गरेको छ। धारा १२ को (१) मा मृत्यु दण्डको सजायँ हुने गरी कुनै कानून बनाउने छैन भनी प्रतिबद्धता जाहेर गरेको छ। संविधानको धारा १ मा "यो संविधान नेपालको मूल कानून हो र यस संविधानसंग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ" भनी उल्लेख भएको छ। नेपाल अधिराज्यको संविधान २०४७ मिति ०४७/७/२३ गते शुक्रवार देखि प्रारम्भ हुनेछ भनी धारा १३३ (२) मा उल्लेख छ। संविधानको धारा १३९ मा यो संविधान प्रारम्भ हुँदाका बखत लागू रहेका सबै कानून खारेज वा संशोधन नभएसम्म लागू रहने छन् तर यस संविधानसंग बाझिएको कानून यो संविधान प्रारम्भ भएको १ वर्ष पछि बाझिएको हदसम्म स्वतः निस्क्रिय हुनेछ भन्ने पनि उल्लेख भएको छ। संविधान लागू भएको ३ वर्ष बितिसक्दा पनि अझ पनि केही कानूनहरूमा मृत्युदण्डको प्रावधान रही रहनु प्रजातान्त्रिक निकायहरूको ध्यान आकर्षण गरी मृत्युदण्डको शब्दलाई कानूनबाट हटाउन अनुरोध गर्‍यो र यस शब्दले सरकारको मनसायमा शंका उठाइरहेको छ र अन्तर्राष्ट्रिय जगतले खासगरी एमनेस्टि इन्टरनेशनलले पनि बारम्बार ध्यानाकर्षण गरी आएको छ। पंचायतकालका कतिपय निरंकुश कानूनहरूमा संशोधन र सुधार आइसक्दा पनि मृत्यु दण्डको शब्दलाई हटाउन किन कठिन परिरहेको छ बुझ्न गाह्रो भएको छ। आजसम्म पाँचौं संसदको बैठक समाप्त भैसकेको स्थिति छ र प्रत्येक बैठकको ध्यान मासमले आकर्षण गर्दै आएको पनि हो।

३. निम्न कानूनमा आजसम्म पनि मृत्युदण्डको शब्दहरू रही रहेका छन्।

(क) सैनिक ऐन २०१६ को दफा १५२ मा ज्यान सजायँको ज्यान सजायँ जसमा सैनिक अदालतले ज्यान सजाय दिनु पर्दा तर्जबिज अनुसार कसुरदानालाई झण्डाई वा गोली हानी मार्नदिनु भनी निर्देशन दिने छ भन्ने अद्यापि कायम नै छ। दफा २७ मा ज्यान सजाय हुने शत्रु सम्बन्धी कसुरहरू भन्ने पनि उल्लेख छ। यसले ठाउँ-ठाउँमा ज्यान शब्दका प्रयोगहरू पनि भएका छन्। (ख) राजगद्दि उत्तराधिकार सम्बन्धी ऐन ०४४ को दफा १३ को अपराध तथा सजायको अन्तिम वाक्यांशमा मृत्युदण्ड हुनेछ भन्ने शब्द अद्यापि कायम नै छ। (ग) राज्य विरुद्धको अपराध र सजायँ ऐन ०४६ को दफा २ को अन्तिम हरफमा पनि मृत्यु दण्डको सजायको व्यवस्था कायम नै छ।

उपरोक्त ऐनहरूमा बाहेक पनि अन्यत्र मृत्युदण्डको शब्दहरूको सम्बन्धमा मात्र उल्लेख गरेको छ। उपरोक्त ऐनहरूमा उल्लेख भएका बाहेक पनि कुनै मृत्युदण्ड सम्बन्धी शब्दहरू छन् भने ती शब्दहरू पनि हटनु पर्दछ भनी माग गर्दछु।

४. मृत्यु दण्ड उन्मूलन गर्ने मुलुकको पंक्तिमा नेपालले आफूलाई प्रस्तुत गरेकोमा नेपालको प्रजातन्त्र र मानवअधिकार प्रतिको प्रतिबद्धता जग जाहेर हुन गई विश्व समुदाय समक्ष नेपालको प्रतिष्ठा बढ्न गएको छ। देशको मूल कानून संविधानले मृत्यु दण्डको उन्मूलन गरी सकेपछि पनि क्रियाशील जिवित ऐनहरूमा मृत्यु दण्डको सजायको शब्द यथावत कायम रही रहनुबाट प्रजातान्त्रिक व्यवस्था र सरकारको लागि एक लाजमदो कुरा हुन गएको छ।

५. बौद्धिक विलासी कानून बनाहरूको सीमित समुदायमा उपरोक्त तर्कहरूले मान्यता पाए पनि आम जनताको लागि मृत्यु दण्डको प्रावधान रही रहनुबाट भय, त्रास रही रहेको छ। प्रावधान विभिन्न कानूनहरूमा अझै बाँकी रहेको छ। राणा प्रधानमन्त्री चन्द्र शम्शेरले वि.सं. १९८४ सालमा कागजी रूपमा मृत्युदण्ड उन्मूलन गर्ने कानून बनाएका थिए। तर राणाकालमै उनका उत्तराधिकारी जुद्ध शम्शेरले वि.सं. १९९७ सालमा चन्द्र शम्शेरले उन्मूलन गरेको उक्त कानूनलाई व्युँताए। र, जन अधिकारको माग गर्नेहरू मध्ये शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द्र र गंगालाल श्रेष्ठलाई फाँसीमा झुण्ड्याए।

राणा शासन समाप्त भएपछि त मानव जातिको सभ्यताको विरुद्धको उक्त कालो कलंक समाप्त हुनु पर्दथ्यो, तर भएन। राजा महेन्द्रको पालामा दुर्गानन्द झालाई मृत्युदण्ड दिइयो। त्यसैगरी राजा वीरेन्द्रको प्रत्यक्ष शासनकालमा ०३५ सालमा क्याप्टेन यज्ञबहादुर थापा र भीमनारायण श्रेष्ठलाई मृत्युदण्ड दिएर पंचायती कालरात्रीलाई जोगाउने प्रयत्न भयो। वि.सं. २०४२ सालको वम काण्डको क्रममा रामराजा प्रसाद सिंह लगायतका व्यक्तिहरूलाई पनि मृत्युदण्ड दिने फैसला भएको थियो। तर उहाँहरूलाई भेट्न नसकेको कारणबाट उक्त निर्णय कार्यान्वयन भएन। २०४६ सालको जन आन्दोलनपछि प्राप्त बहुदलीय व्यवस्था र प्रजातान्त्रिक संविधानले मृत्युदण्डलाई शासकहरूको लहडको विषय बन्नबाट रोक्न न लगाएको छ। तर मृत्युदण्ड नहुने ग्यारेन्टी गरेको मन्न नसकिने आधार जिवित रहेका पुराना कानूनहरूले दिइरहेका छन्। जबसम्म ती पुराना कानूनहरू खारेज गरी नयाँ संसदबाट विधेयक पारित हुँदैन, तबसम्म कानूनी रूपमा नेपालमा मृत्युदण्ड कायम छ। यद्यपि सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश त्रिलोकप्रताप राणाको नेतृत्वमा न्यायाधीशहरू ओमभक्त श्रेष्ठ, हरिप्रसाद शर्मा, लक्ष्मण प्रसाद अर्याल र उदयराज उपाध्यायको बृहत पूर्ण इजलासले ०५४ भदौ २० गत गरेको फैसलामा ती पुराना कानूनहरू स्वतः निस्क्रिय रहेको उल्लेख गरिएको छ। तर ती कानूनहरूको कार्यान्वयन गर्ने काम शासकहरूले नगर्लान् भन्न सकिंदैन। त्यसका लागि पनि त्यस्ता कानूनहरू खारेज भएर संसदबाट नयाँ कानूनहरू निर्माण गर्नु जरूरी छ।

भोजपुर लगायतका केही जिल्ला न्यायाधीशहरूले मृत्युदण्डको प्रावधान रहेका कानूनहरू स्वतः निस्क्रिय रहेको भनी सर्वोच्च अदालतको विशेष इजलासले गरेको फैसलापछि पनि ती कानूनहरू खारेज भइनसकेको टिप्पणी विभिन्न अवसरमा गर्नु भएका समाचार प्रकाशित भइसकेका छन्। यस्तो अवस्थामा ढुक्क हुने अवस्था अवश्य देखिंदैन।

कानून व्यवसायीहरुको तर्क

वरिष्ठ अधिवक्ता मुकुन्द रेग्मीका अनुसार पुराना कानूनहरू कायम नै छन्। सर्वोच्च अदालतको फैसलाले पनि ती कानूनहरूलाई अमान्य घोषित गरेन। केवल मृत्युदण्डको सजाय कार्यान्वयन गर्न मिल्दैन भन्यो। फैसलाले यो संविधान आएपछि त्यस्तो कानून बनाउन नमिल्ने ग्यारेन्टी गऱ्यो। तर पुराना कानूनहरू त जीवित नै छन्, त्यसमा कुनै शंका छैन। त्यसैले पूर्णरूपले मृत्युदण्ड उन्मूलन भयो भनेर भन्न मिल्दैन।

उहाँले त्यसका लागि संसदमा विधेयक प्रस्तुत भएर पुराना कानूनहरू खारेज गर्नु पर्ने जिकिर सहित दावी गर्नु भयो। संसदले त्यसो नगरेसम्म मृत्युदण्ड दिने व्यवस्था रहेका कानूनहरू प्रयोग हुनसक्छन् अनि कसरी मृत्युदण्ड उन्मूलन भएको छ भन्ने?

मानवअधिकार संरक्षण मंचका अध्यक्ष एवं अधिवक्ता विश्वकान्त मैनालीले सर्वोच्च अदालतको फैसला जति स्पष्ट हुनुपर्थ्यो, त्यस्तो भएन तर मृत्युदण्डको सजाय सम्बन्धी व्यवस्था रहेका कानूनहरू स्वतः निस्क्रिय भइसकेका हुँदा बदर घोषित गर्नु नपर्ने फैसला भएकोले मुलुकबाट मृत्युदण्ड उन्मूलन भएको बताउनु भयो।

अधिवक्ता हरिकृष्ण कार्कीको विचारमा सर्वोच्चले फैसलाले मृत्युदण्डको सजाय कार्यान्वयन हुन नसक्ने ग्यारेन्टी गरेको छ। त्यो फैसलाका आधारमा मृत्युदण्ड उन्मूलन भएको भन्ठान्नु पर्छ। अर्का अधिवक्ता हरि फुँयालले भने संवैधानिक व्यवस्था र पुराना कानूनहरूका बीचमा परस्पर विरोधाभास रहेको बताउनु भयो। उहाँको भनाइ छ- संविधानले मृत्युदण्ड दिइने छैन भनेको छ, तर पुराना कानूनहरूमा मृत्युदण्ड दिने स्पष्ट व्यवस्था गरेको भेटिन्छ। यो परस्परमा बाझिने कुरा हो। सर्वोच्च अदालतको फैसलाले यसको समाधान गरेन, बरु यो विरोधाभापपूर्ण छ।

यसरी संविधानमा पुराना कानून बमोजिम मुद्दा चलाइने छैन भन्ने उल्लेख नभएको र त्यस सम्बन्धमा अदालत पनि केही नबोलेको हुँदा मृत्युदण्डको कानूनी व्यवस्था बाँकी छ

कि छैन? अथवा नेपालमा मृत्युदण्डको सजाय कायम छ कि उन्मूलन भयो भन्ने अन्योल बाँकी नै छ।

२०५१ साल वैशाखमा तत्कालीन सरकारले सर्वोच्च अदालतसमक्ष मृत्युदण्ड सम्बन्धी व्यवस्था भएको तर संविधानसंग बाझिएको ऐनहरू निस्क्रिय नरहेको जवाफ प्रस्तुत गरेको थियो। तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा रहेको सरकारले प्रस्तुत गरेको त्यस्तो जवाफ स्वयंमा हाँस्यास्पद थियो। तर त्यसले नेपालको प्रजातान्त्रिक प्रणाली र प्रजातान्त्रिक संविधान मान्ने र सत्ता सम्हाल्ने शासकहरूको मानसिकतालाई राम्रो झल्काउँछ। यस अघि गिरिजाप्रसाद कोइरालाको नेतृत्वको सरकारद्वारा नै ०५० साल चैत १५ गते संयुक्त राष्ट्र संघको यातना सम्बन्धी कमिटीमा दिएको प्रतिवेदनमा भनिएको थियो- यस अघि राज्यमा कुनै पनि किसिमले मृत्युदण्ड दिइएको छैन, मृत्युदण्डको व्यवस्था खारेज गरिएको छ। तर १५ दिनपछि मुलुकको संविधानको व्याख्यामा सर्वोच्च अदालत समक्ष सरकारले मृत्युदण्ड सम्बन्धी व्यवस्था रहेको ऐनहरू निस्क्रिय नरहेको दावी किन प्रस्तुत गऱ्यो? यसबाट सरकारको देखाउने र खाने दाँत फरक-फरक रहेको स्पष्ट हुन्छ। यो क्रम फेरि नदोहोरिएला भन्न सकिन्न।

नेपालबाट मृत्युदण्ड उन्मूलन भएको ग्यारेन्टी गर्नका लागि सरकारले संयुक्त राष्ट्र संघद्वारा जारी गरिएको नागरिक तथा राजनीतिक अधिकारहरू सम्बन्धी ऐच्छिक उपलेखमा हस्ताक्षर गर्नु जरूरी छ। हालसम्म नेपालले उक्त उपलेखमा हस्ताक्षर गरेको छैन। जसमा मृत्युदण्ड दिन नपाइने कुरा उल्लेख गरिएको छ।

निस्कृशताको सिकार भएका नेपाली जनताले अभय अनुभव गर्न सकेका छैनन्। अभय प्राप्ति पनि प्रजातन्त्रको एक मूल आधार हो। पाँचौं संसदीय सत्र समाप्त भैसकेको छ तापनि उपरोक्त कानूनहरूमा विद्यमान मृत्यु दण्डको शब्दहरूलाई हटाउन वारम्वार सम्वन्धित निकायहरू अर्थात् विपक्षीहरूलाई अनुरोध निवेदन गरी आउँदा पनि मृत्युदण्डको शब्द हटाईदैन भने विपक्षीहरूको संविधान प्रतिको प्रतिवद्धताको बारेमा आम जनता बीच शंका उठ्न गएको छ।

६. संयुक्त राष्ट्र संघद्वारा घोषणा गरिएका ४५ औं मानवअधिकार दिवसको उपलक्ष्यमा सैनिक ऐन २०१८ राजगद्दि उत्तराधिकार सम्बन्धी ऐन २०४४ र राज्य विरुद्धको अपराध र सजायँ ऐन २०४६ मा विद्यमान मृत्युदण्ड सम्बन्धी शब्दहरूको प्रयोग र प्रावधान संविधानसंग बाझिएका कानून भएको हुँदा वदर र अमान्य घोषित गरी पाउन संविधानको धारा ८८(१) अन्तर्गत सम्मानित अदालत समक्ष असाधारण अधिकार क्षेत्रको गुहार माग्न आएको छु। धारा ८८(१) ले कुनै कानून यो संविधानसंग बाझिएको हदसम्म कानून को त्यसको कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन पाउने हकदेयाको सुरक्षा गरेको हुँदा प्रस्तुत रिट निवेदन दायर गर्नपाउने एक नेपाली नागरिक तथा मानवअधिकारमा कार्यरत व्यक्ति भएको हुँदा हकदैया भएको पनि सम्मानित अदालतलाई सविनय अनुरोध गर्दछु।

७. संविधानको धारा ८८(१) अन्तर्गत सम्मानित सर्वोच्च अदालतवाट विभिन्न आदेशहरू जारी भै सम्मानित सर्वोच्च अदालतले आफ्नो गरिमा अभिवृद्धि गरी न्याय प्रति जनआस्था वृद्धि हुँदै गएको व्यहोरा पनि स्मरण गराउँदछु।

८. अतः उपरोक्त कारणहरूवाट संविधानको धारा ८८ (१) अन्तर्गत विपक्षीहरूको नाउँमा आदेश जारी गरी उपरोक्त ऐनहरू तथा निवेदकले निवेदनमा उल्लेख गरेको ऐनहरूमा बाहेक पनि यदि मृत्युदण्ड शब्दको प्रयोग र व्यवस्था छ भने त्यस्तो शब्द र व्यवस्थालाई अविलम्ब हटाउन र अमान्य र वदर घोषित गरी पाउन सादर अनुरोध गर्दछु।

प्रकाशित ऐनहरू भएको हुँदा न्यायिक जानकारीमा आउनु पर्ने नै हुँदा प्रमाणको रूपमा पेश गर्न आवश्यक ठान्दिन।

यसमा लेखेको व्यहोरा ठिक छ साँचो हो कानून बमोजिम सहुँला बुझाउँला।

सर्वोच्च अदालतको फैसला

श्री सर्वोच्च अदालत विशेष इजलास
सम्माननीय प्रधान न्यायधीश श्री त्रिलोकप्रताप रणा
माननीय न्यायाधीश श्री ओमभक्त श्रेष्ठ
माननीय न्यायाधीश श्री केशवप्रसाद उपाध्याय
माननीय न्यायधीश श्री लक्ष्मण प्रसाद अर्याल
माननीय न्यायधीश श्री उदयराज उपाध्याय

वाद भएको आदेश

संवत २०५० सालको रि. नं. _____ २९४८
विषय : संविधानको धारा ८८(१) बमोजिम संविधानसंग बाँझिएको कानून अमान्य र वदर घोषित गरी पाउँ।

काठमाडौं जिल्ला का.न.पा. वार्ड नं. १० वानेश्वर बस मानवअधिकार संरक्षण मंचका सचिव कृष्णप्रसाद सिवाकोटी _____१ निवेदक

विरुद्ध

श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय ___ १
श्री प्रतिनिधिसभा सिंहदरवार _____ १
श्री राष्ट्रिय सभा सिंहदरवार _____ १

नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३,८८(१) अनुसार यस अदालतमा पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त व्यहोरा एवं ठहर निम्न प्रकार छ :

नेपाली जनताको आहुति र बलिदानवाट नेपाल अधिराज्यको संविधान २०४७ प्राप्त भएको हो। नेपाली जनताले आफ्नो सार्वभौम अधिकार र हक प्राप्तिका लागि एक लामो लडाँ लडी आएको छन् र आन्दोलनको सिलसिलामा कैयौंले मृत्युदण्ड वरण गर्नु पऱ्यो भने कैयौंले गोलीको शिकार हुनु पऱ्यो। जेलनेल यातना सर्वस्व हरण, परिवारको वर्वादको कुनै लेखाजोखा नै छैन। नेपाली जनताको वीरतापूर्ण र बलिदान पूर्ण योगदानको प्रतिफल नै नेपाल अधिराज्यको संविधान २०४७ हो। नेपालको इतिहासमा यो ज्यादै महत्वपूर्ण उपलब्धी हो र नेपालको इतिहासमा सर्वप्रथम नेपाली जनतालाई सार्वभौम बनाएको छ।

संविधानको भाग ३ ले मौलिक हकको सुरक्षा गरेको छ। धारा १२(१) मा मृत्युदण्डको सजाय हुने गरी कुनै कानून बनाइने छैन भनी प्रतिबद्धता जाहेर गरेको छ। संविधानको धारा १ मा "यो संविधान नेपालको मूल कानून हो र यस संविधानसंग बाँझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ" भनी उल्लेख भएको छ। "नेपाल अधिराज्यको संविधान २०४७ मिति २०४७/७/२३ गते शुक्रवार प्रारम्भ हुनेछ" भन्ने धारा १२३(२) मा उल्लेख छ। संविधानको धारा १३१ मा यो संविधान प्रारम्भ हुँदाका बखत लागु रहेको सबै कानून खारेज वा संशोधन नभएसम्म लागु रहने छन् तर यस संविधानसंग बाझिएको कानून यो संविधान प्रारम्भ भएको १ वर्षपछि बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ भन्ने पनि उल्लेख भएको छ। संविधान लागु भएको ३ वर्ष बितिसक्दा पनि अझ पनि केही कानूनहरूमा मृत्युदण्डको प्रावधान रही रहनु प्रजातान्त्रिक मुलुकको लाजमर्दो लाचारी हो। मानवअधिकार संरक्षण मंच जसलाई छोटकरीमा मासम र अंग्रेजीमा FOPHUR भनी संम्बोधन गरिने संस्थाले वारम्वार सम्बन्धित निकायहरूको ध्यान आकर्षण गरी मृत्युदण्डको शब्दलाई कानूनबाट हटाउन अनुरोध गऱ्यो र यस शब्दले सरकारको नियतमा शंका उठाइरहेको छ र अन्तर्राष्ट्रिय जगतले खासगरी एमनेष्टी इन्टरनेशनलले पनि बारम्बार ध्यानाकर्षण गरी आएको छ। पंचायतकालका कतिपय निरकृश कानूनहरूमा संशोधन र सुधार आइसक्दा पनि मृत्युदण्डको शब्दलाई हाउन किन कठिन परिरहेको छ बुझ्न गाह्रो भएको छ। आजसम्म पाँचौं संसदको बैठक समाप्त भैसकेको स्थिति छ र प्रत्येक बैठकको ध्यान मासमले आकर्षण गर्दै आएको पनि हो।

निम्न कानूनहरूमा आजसम्म पनि मृत्युदण्डको शब्दहरू रही रहेका छन्।

सैनिक ऐन २०१६ को दफा १५२ मा ज्यान सजायँको प्रावधान छ जसमा सैनिक अदालतले ज्यान सजायको प्रावधान छ जसमा सैनिक अदालतले ज्यान सजायँ दिनु पर्दा तजविज अनुसार-कसुरदातालाई झुण्डाई वा गोली हानी मारिदिनु भनी निर्देशन दिने छ भन्ने अद्यापि कायम नै छ। दफा २७ मा ज्यान सजायँ हुने शत्रु सम्बन्धी कसुरहरू भन्ने पनि उल्लेख छ। यसरी ठाउँ-ठाउँमा ज्यान शब्दका प्रयोगहरू पनि भएका छन्। राजगद्दी उत्तराधिकार सम्बन्धी ऐन २०४४ को दफा १३ को अपराध तथा सजायँको अन्तिम वाक्यमा मृत्युदण्ड हुने भन्ने यद्यापि कायम नै छ।

राज्य विरूद्धको अपराध र सजायँ ऐन, २०४६ को दफा २ को अन्तिम हरफमा पनि मृत्यु दण्डको सजायँको व्यवस्था कायमै छ।

उपरोक्त ऐनहरूमा बाहेक पनि अन्यत्र मृत्यु दण्डका शब्दहरूको अवशेष बाँकी नै हुन सक्दछ। निवेदकले पत्ता लगाएको ऐनहरूमा रहेको मृत्युदण्डको शब्दहरूको सम्बन्धमा साल उल्लेख गरेको छ। उपरोक्त ऐनहरूमा उल्लेख भएको बाहेक पनि कुनै मृत्युदण्ड सम्बन्धी शब्दहरू छन् भने ती शब्दहरू पनि हट्नै पर्दछ भनी माग गर्दछु।

मृत्युदण्ड उन्मूलन गर्ने मुलुकको पाँतिमा नेपालले आफूलाई प्रस्तुत गरेकोमा नेपालको प्रजातन्त्र र मानवअधिकार प्रतिको प्रतिवद्धता जग

घोषित गरिनु पर्छ। बदर घोषित गर्न अदालत स्वतन्त्र र सक्षम छ भनी गर्नु भएको बहस समेत सुनियो।

यसमा संविधानको धारा १२(१) को दफा मा मृत्युदण्डको सजायँ हुने गरी कुनै कानून बनाउने छैन भनी प्रतिबद्धता जाहेर गरेको छ। संविधानको धारा १ मा यो संविधान नेपालको मूल कानून हो र यस संविधानमा बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ भनी उल्लेख गरेको छ। संविधानको धारा १३१ मा यो संविधान प्रारम्भ हुँदाका बखत लागु रहेको सबै कानून खारेज वा संशोधन नभएसम्म लागु रहने छन् तर यस संविधानसंग बाझिएको कानून यो संविधान प्रारम्भ भएको एक वर्षपछि बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ भनी उल्लेख भएको छ।

सैनिक ऐन २०१६ को दफा ५८ मा कसुरदातालाई झण्डाई वा गोली हानी मार्ने दिनु भन्ने छ। राजगद्दी उत्तराधिकारी सम्बन्धी ऐन, २०४४ को दफा १३ मा मृत्युदण्ड हुने व्यवस्था कायमै छ। यसै गरी राज्य विरुद्धको अपराध सजायँ ऐन, ०४६ को दफा २ मा मृत्यु दण्डको सजायँको व्यवस्था कायम छ।

उपरोक्त कानूनहरूमा विद्यमान मृत्युदण्ड सम्बन्धी शब्दहरू संविधानसंग बाझिएको हुँदा बदर र अमान्य घोषित गरी पाई भन्ने रिट निवेदनको मूल भनाई भएकोमा संविधानको धारा १२(१) मा मृत्युदण्डको सजायँ हुने गरी कुनै कानून बनाउने छैन भन्ने व्यवस्था भएको पाइन्छ। विभिन्न नेपाल कानूनमा रहेको मृत्युदण्डको सजायँको व्यवस्थालाई खारेज गरिएको होइन। मृत्युदण्डको सजायँ हुने गरी कुनै कानून बनाउने छैन भन्ने प्रावधानले मृत्युदण्डलाई खारेज गरेको भन्ने भान पर्न गएको हुँदा प्रस्तुत रिट निवेदन खारेज होस् भन्ने विपक्षी श्री ५ को सरकार मन्त्रीपरिषद् सचिवालयको लिखित जवाफको मूल भनाई भएको पाइन्छ। आज निर्णय सुनाउने तारिख तोकिएकोले रिट निवेदनको माग बमोजिम आदेश जारी हुने हो होइन सो कुराको निर्णय दिन पर्ने हुन आएकोले निर्णय तर्फ विचार गर्दा संविधानको धारा १ मा यो संविधान नेपालको मूल कानून हो। यस संविधानसंग बाझिने कानून धारा १३१ मा यो संविधान प्रारम्भ हुँदाका बखत लागु रहेका सबै कानून खारेज वा संशोधन नभएसम्म लागु रहने छन्।

तर यस संविधानसंग बाझिएको कानून यो संविधान प्रारम्भ भएको एक वर्ष पछि बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ भन्ने व्यवस्था गरेको पाइन्छ।

संविधानसंग बाझिने गरी कुनै कानून बन्न गएको छ भने त्यस्तो कानून बाझिएको हदसम्म संविधानको धारा १ बमोजिम अमान्य हुने हो। तर संविधान लागु हुँदाको अवस्थामा कायम रहेको प्रचलित कानून संविधानसंग बाझिएको रहेछ भने त्यस्तो कानून खारेज वा संशोधन नभएसम्म लागु रहने र एक वर्ष पछि संविधानसंग बाझिएको कानून बाझिएको हदसम्म स्वतः निस्कृय संविधानको धारा १३१ बमोजिम हुन्छ। संविधानले गरेको यो दुई व्यवस्था संविधानसंग बाझिने गरी निर्माण हुन गएको कानून बाझिएको हदसम्म अमान्य गर्ने व्यवस्था हो भन्ने धारा १३१ ले संविधानसंग बाझिएको प्रचलित कानूनमा रहेको व्यवस्था एक वर्ष पछि बाझिएको हदसम्म स्वतः निस्कृय हुने व्यवस्था छ। धारा १३१ अन्तर्गत संविधानसंग बाझिएको कानून संविधान प्रारम्भ भएको एक वर्ष पछि बाझिएको हदसम्म स्वतः निस्कय हुने हुँदा निस्कृय भएको कानूनलाई बदर भनी घोषित गर्नु पर्ने अवस्था पर्दैन। अमान्य र बदर गर्न कुरा क्रियाशील रहेको कानूनको हकमा लागु हुने हो।

संविधान प्रारम्भ हुँदाको बखत लागु रहेको सबै कानून खारेज वा संशोधन नभएसम्म धारा १३१ बमोजिम एक वर्षसम्म लागु रहने हुँदा संविधानसंग बाझिएको कानून खारेज गर्ने वा संशोधन गर्ने विधीकर्तासंग सम्बन्धित विषय हो। विधिकर्ताले संविधानसंग बाझिएको प्रचलित कानून संशोधन वा खारेज गर्दैन भने संविधान लागु भएको एक वर्षपछि बाझिएको हदसम्म संविधानसंग बाझिएको छ भने त्यस्तो कानून स्वतः निस्कृय हुन्छ।

संविधानको धारा ८८(१) मा प्रयोग भएको अमान्य र बदर भन्ने शब्दहरू र धारा १३१ को प्रतिबन्धात्मक वाक्यांशमा प्रयोग गरिएको निस्कृय भन्ने शब्द एकै होइन। यी दुई शब्दहरूले दुई अलग अलग कुरालाई बोध गराएको पाइन्छ।

यिनै सन्दर्भमा रिट निवेदनको माग दावी के रहेछ भनी हेर्दा रिट निवेदकले आफ्नो रिट निवेदनमा नेपाल अधिराज्यको संविधानको धारा ८८(१) अन्तर्गत विपक्षहरूको नाउँमा आदेश जारी गरी रिट निवेदनमा उल्लेख गरिएका ऐनहरू र अन्य मृत्युदण्ड शब्दको प्रयोग र व्यवस्था छ भने त्यस्तो शब्द र व्यवस्थालाई अविलम्ब हटाउन र मृत्युदण्डको उन्मूलन भइसकेपछि पनि जीवित ऐनमा मृत्युदण्डको सजायँको शब्द यथावत कायम रही रहनुबाट भय त्रास रहिरहेको छ, आम जनता बीच शंका उठन गएको आधारमा मृत्युदण्डको शब्दको प्रयोग र व्यवस्था हटाउन र त्यस्तो शब्दलाई अमान्य र बदर घोषित गर्न समेत आएको पाइन्छ।

कसैको आशंका वा जिज्ञासा शान्त गर्न र निवेदकले अन्यौलको स्थिति सृजना भयो भनी महसूस गरेर असाधारण अधिकार क्षेत्र गुहार्न आउन मिल्ने होइन।

संवैधानिक वा कानूनी हक कुठाराघात भएमा सोको प्रचलन वा निवारण गराउन धारा ८८ अन्तर्गत असाधारण अधिकार क्षेत्र गुहार्न सक्ने हुन्छ।

संविधानसंग बाझिने कानून अमान्य र बदर घोषित गर्ने व्यवस्था धारा ८८(१) ले गरेको पाइन्छ। धारा ८८(१) को प्रयोगको लागी पूर्व शर्त नै नेपाल अधिराज्यको संविधान २०४७ को आगमन पश्चात बनेको कानून हुनुपर्छ। रिट निवेदकले रिट निवेदनमा सूचिकृत गरेका सबै कानूनहरू यो संविधान आउनु भन्दा अगाडि बनेका कुराहरू देखिन्छन्। धारा १३१ को यो संविधान प्रारम्भ हुँदाका बखत लागु रहेका सबै कानून खारेज वा संशोधन नभएसम्म लागु रहने छन् भन्ने सामान्य खण्ड र तर यस संविधानसंग बाझिएको कानून यो संविधान प्रारम्भ भएको एक वर्षपछि बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ भन्ने अपवादात्मक वाक्यांशखण्ड समेत दुई खण्डहरू रहेको देखिन आउँछ। यी दुई खण्डमा पहिलो खण्ड खारेज वा संशोधन नभएसम्म पुराना कानून बहाल रहने र दोस्रो खण्डले यदी त्यस्ता कानून संविधानको आगमन पूर्व बनेका कानून खारेज तथा संशोधन नभए पनि यदि संविधानसंग बाझिएको छ भने स्वतः निस्कृय हुने व्यवस्था गरेको छ। निवेदकले उल्लेख गरेका कानूनहरू संविधान आगमन पूर्वदेखि प्रचलनमा रहिरहेका र ती कानूनहरू खारेज तथा संशोधन नभएका कानून हुन भन्ने कुरामा विवाद देखिदैन। निवेदकले ती कानूनहरू संविधानसंग बाझिएका छन्। तसर्थ धारा ८८(१) अन्तर्गत हटाउन अमान्य बदर घोषित गरी पाउँ भन्न आउनु भएको देखिन्छ।

उपरोक्तानुसार धारा १३१ को प्रतिबन्धात्मक वाक्यांश खण्डले संविधानसंग बाझिने पुराना कानून स्वतः निस्कृय हुने व्यवस्था गरेको हुँदा बदर र अमान्य घोषित नभएमा क्रियाशील रहिरहने अवस्था पर्दैन।

धारा १३१ को प्रतिबन्धात्मक वाक्यांश खण्ड अन्तरगत संविधानसंग बाझिएको कारणले स्वतः निस्कृय भैसकेको कुरालाई कायम रहेको सम्झी त्यस्तो कानूनको प्रयोग, कार्यान्वयनबाट संवैधानिक कानूनी हक हितमा असर पर्न गएको विषयलाई लिई उपयुक्त उपचार खोज्नु पर्ने हुन्छ। प्रस्तुत रिट निवेदनमा त्यस्तो संविधानसंग बाझिई निस्कृय भैसकेको कानूनको प्रयोग कार्यान्वयन सम्बन्धलाई लिएर परेको नदेखिएको र यस्तै विषयमा नि.नं.६१२६ निवेदक ऋषिराम पोखरेल वि. श्री ५ को सरकार मन्त्री परिषद सचिवालय समेत भएको रिट निवेदनमा रिट जारी हुन नसक्ने सिद्धान्त प्रतिपादित भएको र त्यस्तो सिद्धान्तसंग असहमति जनाउने स्थिति समेत नदेखिंदा र निवेदनको प्रस्तुत मागलाई लिएर धारा १२(१) को व्याख्या गर्नु पर्ने अवस्था समेत नदेखिंदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत मुद्दाको निर्णयको जानकारीको लागि आदेशको एक एक प्रति प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालय र विपक्षी श्री ५ को सरकार मन्त्री परिषद् सचिवालयलाई पठाई दिन मिसिल नियमानुसार गर्नु।

त्रिलोकप्रताप राणा
प्रधानन्यायाधीश

उक्त रायमा हामी सहमत छौं

उदयराज उपाध्याय न्यायधीश
लक्ष्मणप्रसाद अर्याल न्यायाधीश
हरिप्रसाद उपाध्याय न्यायाधीश
ओमभक्त श्रेष्ठ न्यायाधीश

इति संवत् २०५४ साल भाद्र २० गते रोज शुभम्।

इन्सेकको दश वर्ष : कार्यक्रम र उपलब्धिहरू

आलेख

देविका तिमिल्सिना

पंचायती निरंकुश शासन प्रणालीले सचेत लेखक, पत्रकार र बुद्धिजीवीको कलम माथि अंकुश, वाणी माथि नियन्त्रण र संगठनहरू माथि प्रतिबन्ध लगाएर सत्ताधारीहरूको गुण बन्दा मात्र गराउने परम्परा चलाएको थियो। अपितु सचेत मानिसहरू कुनै न कुनै क्षेत्रमा सरकारको गिद्धे दृष्टि छल्दै आफ्नो हक हितको संरक्षण संवर्द्धन र प्रजातान्त्रिक अधिकार प्राप्तिका लागि संघर्षरत नै थिए। नेपाली समाजको विभिन्न क्षेत्रमा व्याप्त थिचोमिचो, शोषण, अन्याय र अत्याचार विरूद्ध संगठित भएका राजनैतिक दलहरू, पत्रकार, बौद्धिक क्षेत्र आदि इत्यादिमा निरंकुश शासकहरूसंग लड्ने संगठनहरू खुलेर वा लुकेरै भए पनि कार्यरत थिए। तर सामाजिक बनोटका हिसाबले किनारामा परेका तप्काका जनताहरूको कुनै संगठन थिएन। तिनै पछाडि परेका शोषित पीडित जनताको आवाज भएर काम गर्ने दृढताका साथ अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को स्थापना सन् १९८८ मा भयो। सर्वप्रथम असंगठित जनताको बीचमा काम गर्ने कार्यको प्रारम्भमा इन्सेकले काठमाडौंका शहरी क्षेत्रमा ठेलगाडा चलाउने मजदूरहरूको माझ आफूलाई पुऱ्याये। मानवअधिकारलाई गोष्ठी, छलफल र बौद्धिक तर्कबाजहरूको विलासको रूपमा राजधानीको सेरोफेरोबाट उठाउने आवाज भन्दा भिन्नै निनान्न भिन्नै बनाएर इन्सेकले उत्पीडित जनताको बोली भएर काम गर्ने गर्न थाल्यो। त्यसैको फलस्वरूप आज दशवर्षको अवधिमा नेपालको ग्रामीण क्षेत्रमा मानवअधिकारको कुरा गर्दा इन्सेकको नाम लिन थालिएको छ। देशका अशिक्षित आमा दिदी बहिनीहरूमा इन्सेकले लेख्न, पढ्न, सिकाउ गाउँघरमा महिलाले अपहेलित भएर बाँच्नुपर्ने कारण छुट्याउन सक्ने बनाउ दिएको छ। अब महिलाहरूले आफ्नो आवाज उठाउन थालेका छन्। महिलाहरू माथिको उत्पीडनको जड भनेको मद्यपान प्रमुखरूपमा देखिएको छ। त्यसैले अहिले इन्सेकको उज्यालो पाएका महिलाहरू मद्यपान विरोधी अभियानमा सक्रिय छन्। सामाजिक संरचनाका हिसाबले किनारामा परेका बाँधा श्रम प्रणाली भित्रका कमैया थारूहरू इन्सेकको न्यायो माया पाएर संगठित भई "कमैया मुक्ति मंच" गठन गर्न सफल भएका छन्। इन्सेकको मूल सौन्दर्य नै ग्रामीणस्तरका जनतालाई जागरूक बनाउन ग्रामीण क्षेत्रमा काम गर्ने हो। यसैगरी इन्सेकले २०४६ सालको जन आन्दोलनमा प्रजातन्त्रको पुनर्वहाली र जनअधिकारका लागि लड्ने दलहरूको साथमा साथ दिई कार्य गरेको थियो। आन्दोलनमा अन्तर्राष्ट्रिय समर्थन र ऐक्यबद्धता प्राप्त गर्न इन्सेकले अन्तर्राष्ट्रिय समुदायसंग व्यापक सम्पर्क बढाएको थियो र सूचना आदान प्रदान गरी स्थितिको विश्लेषण सहित निरंकुश शासकहरूलाई दबाब दिने कार्य गरेको थियो।

२०४६ सालको जनआन्दोलन पश्चात प्राप्त प्रजातन्त्रलाई सबल सुदृढ र सांगठनिक मर्यादा अनुरूप संचालन गर्ने कार्यमा विदेशका जानिफकार न्यायधिशहरू, कानूनवेत्ताहरू र नेपाली कानूनविदहरू बीच विभिन्न चरणमा अन्तरक्रिया कार्यक्रम संचालन गरी प्रजातान्त्रिक संविधान निर्माणमा उल्लेख्य कार्य गरेको थियो।

उद्देश्य

ग्रामीण जनताको मानवअधिकार रक्षा र प्रवर्द्धनका लागि चेतना अभिवृद्धि गर्नु, विभिन्न निकाय तथा संसदमा लबिङ गर्नु, प्रशिक्षण दिनु, औपचारिक तथा अनौपचारिक शिक्षा प्रदान गर्नु र विभिन्न गतिविधि मार्फत जागरण अभियानहरू संचालन गर्नु हो।

नियमित कार्यक्रमहरू

- इन्सेकका जिल्ला प्रतिनिधिहरू मार्फत मानवअधिकारहरूका घटनाहरूको सूचना संकलन तथा अनुगमन गर्ने,
- विभिनन प्रकाशन मार्फत सचेतनताका लागि सूचनाको प्रवाह गर्ने,
- रेडियो कार्यक्रम र सामयिक अभियानद्वारा मानवअधिकार शिक्षा तथा सचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्ने,
- सेमिनार, कार्यशाला, गोष्ठी तथा भेला मार्फत मानवअधिकार सम्बन्धी कानून निर्माणका लागि पहल गर्ने,
- "महिला अधिकार, मानवअधिकार" लाई हृदयंगम गरी प्रथम राष्ट्रिय महिला भेलाद्वारा पारित "पासाङ ल्हामु संकल्प" लाई "लिंगभेद सम्बन्धी न्यायिक कार्यक्रम" मा आधारित भएर कार्यान्वयन गर्ने,
- सबै किसिमका दासत्वहरू विरूद्ध विशेष गरी कमैया प्रथाको अन्त्य गर्न प्रथम राष्ट्रिय कमैया भेलाद्वारा पारित निर्णयहरूको कार्यान्वयन गर्ने तथा भेलाद्वारा गठित कमैया मुक्ति मंचलाई सहयोग पुऱ्याउने,
- ग्रामीण स्तरका विद्यालय जान नपाएका बालबालिकाहरूको लागि औपचारिक तथा अनौपचारिक कक्षाहरू संचालन गर्ने,
- विभिन्न विषयमा सर्भेक्षण अनुसन्धान गर्ने,
- विभिन्न मानवअधिकार हननका घटनाहरू तथा मानवअधिकारसंग सम्बन्धित पुस्तकहरूको अभिलेख राखी अनुसन्धानकर्ता र विद्यार्थीहरूको लागि सहयोगको भूमिका निर्वाह गर्ने,
- प्रजातन्त्र, राष्ट्रिय मुक्ति र मानवअधिकारका लागि विश्वभरी ऐक्यबद्धता जनाउन पहल गर्ने,
- मानवअधिकारको रक्षाका लागि अरू गैरसरकारी सामाजिक संस्थासंग मिलेर काम गर्ने, एवं
- जातीय छुवाछूतको कुचलनलाई हटाउन शिक्षामूलक तथा चेतना मूलक कार्य गर्ने।

इन्सेकको कार्य पद्धति

इन्सेकले ग्रामीण स्तरका जनतामा कार्यक्रमहरू संचालन गर्न यसको स्थापना कालदेखि नै विभिन्न कार्य पद्धतिको विकास गरेको छ। अध्ययन, अनुसन्धान तथा कार्यशाला गोष्ठीहरूको आयोजना गरी विभिन्न विचारहरूलाई समाहित गरेर इन्सेकका आगामी कार्यक्रमहरू तय गरिन्छ। ती कार्यक्रमहरू मुख्यत

ग्रामीण स्तरका जनतामा कार्यान्वयन गरिन्छ। त्यसमा पनि लक्षित समूहहरूलाई संगठित गरिन्छ। यो नै इन्सेकको अनुसन्धान-कार्यक्रम-संगठन पद्धति हो। इन्सेकद्वारा संचालित सबै किसिमका कार्यक्रमहरू निम्न अनुसार संचालित छन्।

इन्सेकले आफ्नो जन्मकालदेखि हालसम्म संचालन गरेका कार्यक्रमहरु :

(१) साक्षरता तथा मानवअधिकार शिक्षा

इन्सेकले सर्वप्रथम संचालन गरेको यस कार्यक्रममा काठमाडौंका ठेलगाढा चलाउनेहरूबाट निःशुल्क स्वास्थ्य परीक्षण गरी अनौपचारिक शिक्षा दिने गरेको थियो। जसबाट विभिन्न रोगले सताइएका ठेल गाढा मजदूरहरूले औषधि उपचार गरी स्वस्थ रहन पाएका थिए। साथसाथै उनीहरूले साक्षरताको माध्यमबाट मजदूरहरूको अधिकार संगठित आवाज बिना प्राप्त गर्न सकिन्न भन्ने जान्न पाए। इन्सेकले आफ्नो कार्यको प्रारम्भमा ठेलगाढा मजदूरहरू बीच कार्य गरेकोले सो कुराको स्मरण चिरकालसम्म रही रहोस् भनी संस्थाको लोगो (प्रतिक चिन्ह) ठेलगाढा ठेलिरहेको मजदूरको बनाएर प्रयोग गरिरहेको सर्वविदित छ।

अहिले इन्सेकले अनौपचारिक शिक्षा अधिराज्यको दुई सय गाविसहरूमा संचालन गरिरहेको छ। क्रमबद्ध विकासका साथ अगाडि बढेको इन्सेकले दश वर्षको अवधिमा करीब १२ हजार ग्रामीण तहका जनताहरूलाई अनौपचारिक शिक्षा मार्फत साक्षरता तथा मानवअधिकार शिक्षा प्रदान गरेको छ।

(२) सचेतन कार्यक्रम :

इन्सेकले मतदाता सचेतन कार्यक्रम अन्तर्गत प्रजातन्त्रको सुदृढीकरणको लागि आम रूपमा कार्यक्रम संचालन गरी पहिलो आम निर्वाचनमा मतदाताहरूलाई सचेत पार्ने कार्य गरेको थियो। अधिराज्यको ७५ ओटै जिल्लामा संचालित यस प्रकारको कार्यक्रमका लागि पोष्टर एवं थुप्रै प्रकाशनहरू समेत संचालन गरी मतदाता प्रशिक्षण कार्यक्रम समेत संचालन गरेको थियो।

त्यसपछिका निर्वाचनहरूमा समेत यस प्रकारको सचेतन कार्यक्रमहरू संचालन गरिएका छन्। यसको अतिरिक्त सन् १९९२ देखि हालसम्म मानवअधिकारको क्षेत्रमा सचेत गराउन विभिन्न तह र तप्काका जनताहरू बीच आम रूपमा मानवअधिकार सचेतन कार्यक्रम विभिन्न दिवसका अवसरहरूमा संचालित गरिंदै आएको छ। यस्ता कार्यक्रमहरूमा शुरूदेखि अहिलेसम्म गरी करीब १ लाख १५ हजार भन्दा बढी मानिसहरू सहभागी भई सकेका छन्।

(३) अनौपचारिक बालबालिका शिक्षा :

इन्सेकले कमैयाका बाल बालिकाहरूलाई अनौपचारिक शिक्षा दिई पढ्न बानी बसाल्ने र सरकारी विद्यालयमा औपचारिक शिक्षामा भर्ना गराउने कार्य गर्दै आएको छ। यसरी इन्सेकका शैक्षिक केन्द्रहरूमा रही अध्ययन गर्ने बालबालिकाहरूको संख्या जम्मा १ हजार ६ सय ७२ पुगेको छ।

(४) औपचारिक बालबालिका शिक्षा :

अनौपचारिक शिक्षा प्राप्त गरेका मध्ये १ हजार १ सय ५७ जना विद्यार्थीहरू विद्यालयमा भर्ना गरिएका छन्। विद्यालयको प्रवेश शुल्क, परीक्षा शुल्क, पोशाक र किताब कापी र कलमको खर्च इन्सेकले व्यवस्था गरी पढाइ रहेको छ।

(५) कमैया बालबालिकालाई व्यावसायिक शिक्षा :

चौध वर्ष उमेर पुगेका बालबालिका मध्ये १९ जनालाई व्यावसायिक शिक्षा गत वर्ष संचालन गरिएको थियो। साइकल मर्मत र केश श्रृंगारको तालिम प्राप्त कमैया बालबालिकाहरूलाई कृषिबाट अन्य पेशामा संलग्न हुन यो सांकेतिक पहलको कार्यको रूपमा लिन सकिन्छ।

(६) विद्यालयमा इन्सेक :

इन्सेकले गत वर्षदेखि सरकारी विद्यालयहरूमा बाल चेतना समूह गठन गरी बाल बालिकालाई बाल अधिकारको क्षेत्रमा जानकारी दिने र उनीहरूको सिर्जनात्मक प्रयोगको रूपमा वादविवाद , हिज्जे, कविता, चित्रकला आदि प्रतियोगिता मार्फत बाल अधिकारको चिनारी दिने गरेको छ। करीब २ सय विद्यालयमा संचालित यस कार्यक्रममा ५ हजार भन्दा बढी बालबालिकाहरू संलग्न रहेका छन्।

(७) आमा चेतना समूह :

प्रत्येक विद्यालयलाई प्रतिनिधित्व गर्ने गरी आमा चेतना समूह गठन गरिएको छ। प्रत्येक समूहमा करीब २० जना आमाहरू वा दिदी बहिनीहरू आबद्ध हुन्छन्। उनीहरू बालबालिकाको स्वास्थ्यको रेखदेख, कुपोषण, वातावरणीय सरसफाइ र आमाको स्वास्थ्यको बारेमा शिक्षकहरूसंग महिनाको २ पटक छलफल गर्छन्। यसमा संलग्न महिलाहरूको संख्या ४ हजार भन्दा बढी रहेको छ।

(८) महिला भेलाहरु :

जनसंख्याको आधा भागको रूपमा रहेका महिलाहरूको समान सहभागिता बिना कुनै पनि पक्षमा समान राष्ट्रिय विकास हुन सक्दैन भनी विभिन्न क्षेत्रहरूमा र केन्द्रमा गरी विभिन्न तहमा महिला भेलाहरू संचालन गरेको थियो। यस्ता महिला भेलाहरूमा महिला हक अधिकार, लैंगिक विभेद, महिलाहरूको स्वास्थ्य, कानूनी व्यवस्था र महिला उत्पीडन तथा यौन शोषण र घरेलु हिंसा सम्बन्धमा छलफल तथा अन्तर्क्रिया गर्ने गरिएको छ।

अहिलेसम्म क्षेत्रीय तथा राष्ट्रिय कार्यक्रमहरूमा समेत गरी १ हजार भन्दा बढी महिलाहरू सहभागी भइसकेका छन्। २०५२ साल चैत महिनामा भएको राष्ट्रिय भेलाले १२ बुँदे माग राख्दै पासाङ ल्हामु संकल्प पारित गरेको थियो।

(९) महिला जनप्रतिनिधि तथा सचेतन कार्यक्रम :

यसै वर्षदेखि इन्सेकले ११ जिल्लाका ११ गाविसमा महिला जनप्रतिनिधि सचेतन कार्यक्रम संचालन गरेको छ। महिला जनप्रतिनिधिहरूलाई सशक्तिकरण गर्ने अभियानका साथ शुरू गरिएको यस कार्यक्रमलाई अझ व्यापक रूपमा संचालन गर्नु पर्ने देखिन्छ। हालसम्मको कार्यक्रम लागु भएका जिल्लाहरूमा मोरङ, सुनसरी, धनकुटा, धनुषा, सिन्धुली, काभ्रे, पर्वत, रूपन्देही, दाङ, नुवाकोट र चितवन छन्।

(१०) रेडियो मानवअधिकार शिक्षा :

साक्षरता मानवअधिकार शिक्षाको प्रस्थान बिन्दुको रूपमा संचालन गरी ग्रामीण क्षेत्रमा मानवअधिकार शिक्षा चालु गरेता पनि देशका सबै भागमा लग्न सकिएको छैन। यसैले रेडियो नेपाल मार्फत रेडियो मानवअधिकार शिक्षा संचालन गरी राष्ट्रका प्रत्येक जनतामा मानवअधिकारबारे जानकारी मूलक कार्यक्रम संचालन गरिएको छ।

विभिन्न समुदाय र देशका सबै जेलहरूमा रेडियो स्रोता क्लब गठन गरी मानवअधिकार शिक्षा नियमित सुन्ने परिपाटीको थालनी गराइएको छ। हालसम्म ७० ओटा स्रोता क्लबहरू

गठन भइसकेका छन्। यी मध्ये करीब ३५ ओटा क्लबमा रेडियो समेत वितरण भइसकेको छ। यसै सन्दर्भमा रेडियो सामुदायिक कार्यक्रम संचालन गर्ने कार्यको थालनी भैरहेको छ।

(११) वर्ष पुस्तक प्रकाशन र मानवअधिकार उल्लंघनको अनुगमन :

इन्सेकले राज्यद्वारा मानवअधिकार उल्लंघन भएको क्षेत्रमा गर्ई स्थितिको अध्ययन अनुसन्धान गरी उल्लंघन गर्ने पक्षको विरोधमा विज्ञप्तिहरू जारी गर्दै आएको छ। जनताको मौलिक हक अधिकार कुण्ठित र कुठाराघात हुनबाट जोगाउन त्यसका लागि नैतिक समर्थन दबाब वा अभिमत प्रकट गर्ने कार्य पनि सन् १९९० देखि गर्दै आएको छ।

देशमा मानवअधिकार माथि कुठाराघात हुने गरी भए गरेका घटना र क्रियाकलापहरूको विवरण संकलन गरी उल्लंघन कर्ताको क्रियाकलापलाई जनसमक्ष प्रस्तुत गर्न भनी सन् १९९२ देखि निरन्तर रूपमा मानवअधिकार वर्ष पुस्तक प्रकाशित गरिंदैआएको छ। अहिलेसम्म वर्ष पुस्तक ५ ओटा प्रकाशित भइसकेका छन्।

(१२) अनुसन्धान कार्यहरु :

इन्सेकले दास प्रथाको रूपमा रहेको नेपालमा कमैया प्रथा भित्र बाँधा मजदूर प्रणालीको अनुसन्धान कार्य २०४८ सालमा शुरूवात गरेको थियो। कैलाली, कंचनपुर र बर्दियामा गरी १७ हजार भन्दा बढी कमैयाहरू रहेको तथ्य उजागर गरेपछि त्यस क्षेत्रमा ठूलो हलचल पैदा भएको थियो। अर्धसामन्ती समाजमा कमैयाहरूले भोग्नु परेको पीडा, मर्म, यातना र शोषणको दर्दनाक कथाको रूपमा "नेपालमा कमैया प्रथा भित्र बाँधा मजदूर" भन्ने किताब २०४९ सालमा प्रकाशित भयो। अनुसन्धानले औंल्याएको विभिन्न पक्षहरूबाट शोषित पीडित वर्गलाई सघाउनु पर्ने र मुक्ति दिलाउनु पर्ने कुरामा अहिले सरकार आफै समेत सहमत भइसकेको छ।

यसैगरी अछूत वर्ग सम्बन्धी, वैवाहिक स्थिति र महिलाहरूको सम्पत्ति सम्बन्धी अधिकार, जारी प्रथा आदिमा पनि इन्सेकले अनुसन्धान कार्य सम्पन्न गरि उत्पीडित वर्गको स्थितिलाई उजागर पारेको छ।

(१३) राष्ट्रिय निर्वाचन पर्यवेक्षण समितिको गठन :

२०४८ सालको आम निर्वाचनको पर्यवेक्षण अधिराज्यका विभिन्न जिल्लाहरूमा गरिएको थियो। निर्वाचन पर्यवेक्षणका लागि विभिन्न स्तरमा कमिटीहरू निर्माण गरिएको थियो। उक्त निर्वाचन पर्यवेक्षणका लागि बीस-बीस जिल्लामा तालिमहरू संचालन गरिएका थिए। यसै गरी स्थानीय निर्वाचन २०४९ र २०५४ तथा मध्यावधि निर्वाचन २०५१ मा पनि इन्सेकले निर्वाचन पर्यवेक्षण गरेको थियो।

(१४) कमैया मुक्ति कार्यक्रम :

कमैया सम्बन्धी अनुसन्धान २०४८ मा सम्पन्न भएपछि ०५० सालदेखि बाँके, बर्दिया, कैलाली र कंचनपुर ४ जिल्लामा कमैया साक्षरता तथा सचेतन कार्यक्रमको माध्यमबाट उनीहरूलाई कमैयाको स्थितिको बारेमा सचेत गराउँदै संगठित गर्ने कार्यको शुरूवाट गरियो। ०५० सालमा इन्सेकले कमैया मुक्तिको लागी उपयुक्त कानून निर्माण गर्न सम्बन्धित क्षेत्रका व्यक्तिहरू सहभागी गराई भएको गोष्ठीको निष्कर्षको माध्यमबाट एउटा मस्यौदा ड्राफ्ट गरी एकातिर सांसदमा लॉबिङ गर्ने कार्य गऱ्यो भने अर्कोतिर कानून र्मिणको लागी संसदका नाममा अन्तरिम आदेश जारी गरि पाउँ भनी सर्वोच्च अदालतमा रिट दायर गऱ्यो। ०५१/५२ देखि दाङमा समेत कमैया सचेतन कार्यक्रमको शुरूवात गरियो। ०५२ माघमा कमैयाको राष्ट्रिय अधिवेशन गरी कमैया मुक्ति मंचको गठन भयो। उक्त मंचपछि जिफन्टमा आबद्ध भई कमैया मुक्ति अभियानलाई अगाडि बढाइरहेको छ। १९९६ मा युनिसेफ र इन्सेकको संयुक्त आयोजनामा कमैया मुक्ति कार्यक्रम अगाडि बढाउन एक कार्यशाला गोष्ठी गरी उक्त गोष्ठीबाट आएका सुझाव स्वरूप कमैया क्षेत्रमा कार्यरत विभिन्न संस्थाहरू मिलि कमैया सरोकार समूह गठन गरियो। हाल उक्त समूहमा रहेका विभिन्न पाँच ओटा संस्थाहरूले प्रत्येक जिल्लाको एक-एक गाविसबाट कमैया मुक्त गराउने विभिन्न कार्यक्रम संचालन गर्दैछन्।

इन्सेकले संचालन गरेको कमैया मुक्ति कार्यक्रम अन्तर्गत २०५० सालदेखि हालसम्म कमैया क्षेत्रमा निम्न उपलब्धी हासिल गरेको छ :

(क) कमैया साक्षरता तथा सचेतनमा संलग्न कमैया संख्या करीब ३३००

(ख) अनौपचारिक कमैया बालबालिका शिक्षा : करीब १३००

(ग) औपचारिक कमैया बालबालिका शिक्षा : करीब १२००

(घ) कमैया बालबालिकालाई व्यवसायिक शिक्षा १९

(१५) दक्षिण एशीयाली क्षेत्रीय कार्यक्रमहरु :

इन्सेकको राष्ट्रियतामा दक्षिण एशीयाली मानवअधिकार मंच (साफर) को स्थापना सन् १९९० मा भयो। स्थापना कालदेखि १९९७ सम्म साफरको सचिवालय इन्सेकले नै संचालन गऱ्यो। इन्सेकका अध्यक्षले यसको महासचिव भई कार्य गर्नु भएको थियो। हाल इन्सेकले प्रशासनिक कार्यमा आवश्यक सहयोग इन्सेक र साफरको संयुक्त आयोजनामा विभिन्न कार्यक्रमहरू सम्पन्न गरेको छ। यसका साथै इन्सेकले अन्य संस्थाको सहयोगमा वा आफ्नै आयोजनामा समेत यस्ता कार्यक्रमहरू गरेको छ।

(१६) जातीय उत्थान कार्यक्रम

इन्सेक र नेपाल दलित उत्पीडित जातीय मुक्ति समाजको संयुक्त आयोजनामा देशका विभिन्न भागहरूमा क्षेत्रीय र जिल्ला स्तरीय अन्तर्क्रिया कार्यक्रमहरू संचालन गरिएका थिए। यस्ता कार्यक्रमहरू इलाम, झापा, ताप्लेजुङ, संखुवासभा, सुनसरी, ललितपुर, नवलपरासी, बाग्लुङ, पाल्पा, प्युठान, हुम्ला, म्याग्दी, बाजुरा, बझाङ, बैतडी, पोखरा, धनगढी, नेपालगञ्ज, काठमाडौं, उदयपुर र सप्तरीमा गरी संचालिनत गरिएका थिए। यसमा ८ हजार भन्दा बढी उत्पीडित जनजातिको सहभागिता थियो। उक्त कार्यक्रमले वर्तमान कानूनको कार्यान्वयन र अपुग कानूनको निर्माणको माग राख्दै सामाजिक न्यायको लागि कार्यरत रहने प्रतिबद्धता जनाइ श्री ५ को सरकारमा जनदबाब सिर्जना गर्ने कार्य गरिएको थियो।

(१७) विकास कार्यक्रम :

विकास जनताको अधिकार हो भन्ने कुरालाई जनताको ग्रामीण तहसम्म पुऱ्याउने अभियानको रूपमा यस कार्यक्रमलाई इन्सेकले अगाडि बढाएको छ। यसै सन्दर्भमा उदयपुरको मुर्कुची स्थित राजावास खानेपानी योजनाको अधुरोरूपमा रहेको परियोजनालाई श्री ५ को सरकारबाट पूरा नगरेको र जनताहरू पिउने पानीको अभावमा दुख पाइरहेका उक्त आयोजना इन्सेकको पहलमा पूरा गरी करीब १ हजार २ सय जनताले खाने पानीको सुविधा प्राप्त गरेका छन्।

यसैगरी सप्तरी जिल्लाका पानीको अभाव रहेका विभिन्न गाउँहरूमा २०० ओटा ट्युवेल जडान गरी करीब १० हजार जनतालाई खानेपानीको सुविधा उपलब्ध गराएको छ।

(१८) बाल संरक्षण गृह :

इन्सेकले ०५३ साल साउनदेखि आफ्ना कार्य क्षेत्रहरू विशेष गरी जातीय छुवाछूतबाट पीडित तराईका मुशहर, डोम, चमार इत्यादि समुदाय र बाँधा मजदूर (कमैया) समुदायका अनाथ तथा ज्यादै विपन्न स्थितिमा रहेका वा पालनपोषण गर्ने कोही नभएका बालबालिकालाई जीवन यापन गर्न सघाउने उद्देश्यले काठमाडौं कलंकीमा बाल संरक्षण गृहको स्थापना गरिएको छ।

उक्त बालसंरक्षण गृहमा बाल बालिकाको शिक्षा दीक्षा मनोरञ्जनको समेत व्यवस्था गरिएको छ। अनाथ टुहुरा अछुत भनिने बाल बालिकाको संरक्षणको लागि इन्सेक लागि परिरहेको छ।

उपसंहार :

यसरी इन्सेकले राष्ट राष्ट्रियता र जनताको हक अधिकार प्राप्तिका लागि चलाएको अभियानले मानवअधिकारको क्षेत्रमा आफ्नो अग्रस्थान प्राप्त गर्न सकेको छ। जनताको तहमा काम गर्ने प्रतिबद्धता र संविधान तथा प्रजातन्त्रको सुदृढीकरणका लागि इन्सेकले चलाएको अभियान नै आफ्नो पहिचान ठानेको छ।

●

बोकाहरुले बिक्री हुन पाउनै पर्छ

नरनाथ लुइँटेल

जात भातको कुरा आजको शताब्दीमा त्यति महत्वको हुँदै होइन। जातले पाएको हातले खाएको जस्ता उखानहरू पनि पुरानिइसकेका छन्। जाति जमदार भन्नुस् या हातको नमस्कार, आखिर धनुष्टंकार किसिमको संस्कार भएपछि कसैका बाबुको केही लाग्दैन। भन्नु उसो होइन दाइ, कुन्नि केले कुन्नि के बनायो भने जस्तै वर्तमानको प्रजातान्त्रिक यो मुलुक बोकामय बनेको छ। र बोकाको जाति बिक्री हुनको निम्ति मात्रै हो भन्दा एक इन्च पनि फरक पर्नेवाला छैन। फरक परोस् पनि कसरी? जब कि बोका बन्नु र बनाइनुमा आजको राष्ट्रिय राजनीति रमेको छ। सुन्दा अचम्म लाग्न सक्छ, कता राष्ट्रको राजनीति अनि कता बिक्री बट्टाका बोकाहरू! कताको राजा राम, कताको कुन्नि के भण्डारी! भने भैं च्याङमा ठ्याङ ठ्याम्मै नमिलेको।

नेपाली जिब्रोमा एउटा बहुप्रचलित बोली छ- बोकाले दाइँ हुँदैन। यो बोलीले पनि अब त फेल खाइसक्यो। हिजो आज त बोकाले दाइँ मात्रै होइन रोपाइँ समेत गर्न थाल्यो। नेपाईलाई पल्टार लागेन होला, अलि राम्रो निहालेर हेर्नुस् त, बोकाले हिलो आली लगाइरहेको छ, बोकाले बाउसो चलाइरहेको छ, बोकाले बीउ ओसारी रहेको छ, साँच्चै गज्जबसंग बोकाले राजनीतिको रोपाइँ गरिरहेको छ। रोपाइँ नगरी दाइँको कल्पना गर्न सकिन्न। रोपाइँ र दाइँ एक अर्काको परिपूरक भए जस्तै बोका र नेपाली राजनीति एक अर्काको पर्याय बनेका छन्। राजनीति स्वयं बोकापस्त हुँदै आएको छ अर्थात् बोका प्रिय बनेको छ राजनीति। अब बोके दारी होइन बोके राजनीति, भन्नु पर्ने स्थिति पैदा भएको छ।

राजनीतिको डोरीले दमालिएका मनुवाहरू भकाभक बोकामा रूपान्तर भइरहेका छन्। यस किसिमका बोकाहरूको ठुटे सिङ त्यसै पनि हिङ हालेको टालो हुँ भन्दै डिङ हाँक्न र हाँक दिन पछि परिरहेको छैन। ठुटे सिङको डिङ पनि कम स्वादको कहाँ हुन्छ र? बोका न हो डोरीमा दमालिए पनि पुच्छर उचालेर बुकुसी मार्नु, ताल न सुरसँग कान प्याटप्याट पार्नु, ढिकीको आखल वा जाँतोको मानी भए ठाउँ-बढ्कोला झार्नु उसको धर्म हो। हर हिसाबले यो धर्म निर्वाहमा प्रायः सबै बोकाहरू तल्लीन हुन्छन्। अनि अर्को कुरा जतिसुकै बुद्धिमान भए पनि बोकाले खाने प्रमुख कुरा घाँस नै हो। टाट्नामा टट्याएर भए पनि दुई मुठी घाँस हालिदिए पछि खुशीले बोकाको हाँडेसम्म हाँस्छ। यो पनि भनिन्छ घाँस खानेको बुद्धि हुँदैन। तर बुद्धि नहुनु, ठिक बेठिक छुट्याउने विवेक नहुनु, बोकाको मौलिक विशेषता हो। बुद्धि नहुने बोकाहरू टाट्नामा घाँस हालिदिनेहरूलाई नै आफ्नो विधाता देख्छन्, बुझ्छन् र ऊ प्रति हर्दम आभारी हुन्छन्।

अस्ति भर्खरै एक हुल बोकाहरूलाई टाट्नामा घाँस हालियो। केही समय स्वादसँग बढ्कोला बढ्काउँदै घाँस खाइरहे। लगत्तै अर्कोले घाँस हाल्यो- बोकाहरू उसैको पक्षमा कान पड्काउँदै उभिए, पंक्तिबद्ध भए। बोकाका निम्ति घाँस नै ठूलो कुरा हो, चाहे त्यो भारूमा लपेटिएको होस् या दारूमा लत्पतिएको। चाहे त्यो नीलो डलरमा होस् या पहेलो कलरमा आखिर घाँस घाँसै हो। मासको घाँस होस् या बाँसको, घाँसनै बोकाको सास र आस दुवै हो। नेपाली राजनीतिक शब्दावली अनुसार घाँसलाई एक प्रकारको घुस भन्नु अत्युक्ति हुन्न। अनुचित ढंगले भोकाएका बोकाहरूलाई टाट्नो मार्फत हालिने घाँस नै घुस हो। जुन घाँस बोकामा रूपान्तरित मनुवाहरूको पाचन प्रणालीमा पुगी पोष उत्पादन गर्छ र बोकालाई हलक्कै बढाउँछ।

बोका बिक्री हुने जात पनि हो। बिक्री हुन पाउनु उनीहरूको मौलिक अधिकार मानिन्छ। दशैं बोकाहरू बिक्री हुने सबभन्दा उपयुक्त मौसम हो। एउटा खोरबाट अर्को खोरमा पुग्नुलाई मात्रै बिक्री भनिंदैन। बोकाहरूको घाँटीमा एउटा पगाहा अर्थात डोरी हुन्छ र कित ऊ कुने किलो वा खाँवोमा बाँधिएको हुन्छ, कि भने त्यो डोरी कसैको हातमा हुन्छ अनि बोको डोऱ्याइएको हुन्छ। यो स्थिति झण्डै झण्डै मृत्युदण्ड दिन फाँसीको फन्दातिर डोऱ्याइदै गरेको मान्छे जस्तै लाग्दैन र? तर बोकाहरू यसैमा गौरव गर्दछन्। यसैलाई अपूर्व सौभाग्य ठान्छन्। बिक्री हुने जातले बिक्री हुन नपाउँदा औंधी पीर लाग्नु स्वभाविकै हो। मुलुकको राजनीति एकाएक बोका बिक्री नहुने अथवा बिक्री हुन नपाउने स्थितितर्फ एकोहोरिएको थियो। यस परिस्थितिको विपक्षमा एक हुल बोकाहरूले संयुक्त विज्ञप्ति जारी गरी आफ्नो मौलिक हक हनन प्रति खबरदारी गरे। उनीहरूको एक सूत्रीय माग थियो- बोकाहरूले बिक्री हुन पाउनै पर्छ। खरिद बिक्रीको मौसम नहुँदा बिक्री भइरहनु पर्ने बोकाहरू झोक्र्याएर बस्न विवस हुन्छन्। बोकाहरूका निम्ति यो त राम्रो कुरा हुँदै होइन। त्यसकारण पनि बिक्री हुन पाउने पर्ने बोकाहरूको मागलाई कुन मूर्खले न्यायोचित होइन भन्न सक्छ? बेमौसमका बोकाहरूको कुनै मूल्य हुन्न भन्ने कुरा सबैलाई थाहा छ।

नेपाली टाट्नामा बाँधिएर घाँस खान पल्केका नेपाली नश्लका राघेपाटे बोकाहरू एक पटक होइन पटक-पटक किनिने गरेका छन्, पटक-पटक बेचिने गरेका छन्। दुनियाँ भरिका बोका यसरी पटक-पटक बिक्रवट्टाको बजारमा जाने गरेको कमै पाइन्छ। भारतीय काला बोका हुन् या समुन्द्र पारीतिरका खैरा बोकाहरू, प्रायः जसो एक पटक मात्र किनिने वा बेचिने गरेका छन्। नेपाली बोकाहरूलाई काटेर मासु खाइहाल्ने दुस्साहस कसैले गर्दैन। किन भने काटी मारी नै गरी सकेपछि पुनः पुनः बिक्री गरी हुन सक्ने नाफाको बोटै मासिन्छ भन्ने कुरा सबै फौबन्जारहरूलाई राम्रोसंग थाहा छ। फौबन्जार पनि थरी थरीका छन्। एउटा फौबन्जारले फेरि एकपटक मूर्ख्याइँपूर्ण काम गऱ्यो। अर्थात् बोकाहरू किनबेच बिक्री बट्टाको मौसम समाप्त भएको घोषणा गऱ्यो। यो मनासिब कुरा हुनै सक्दैन। बोकाको बिक्री हुन पाउनु पर्ने मौलिक अधिकार प्रति धावा बोल्ने फौबन्जारको विरूद्धमा बोकाहरू जुलुस नारा गर्ने तयारीमा जुटेका छन्। घाँस टाट्ना टाट्नामा तयार छ, र बोकाहरू सडकमा ओर्लिने छन्। उनीहरूको एक सूत्रीय नारा भने यस्तो छ- "बोकाहरूले बिक्री हुन पाउनै पर्छ।"

मानव अधिकार शिक्षा कार्यक्रम

रेडियो नेपालमा प्रसारित

मानवअधिकार शिक्षा कार्यक्रम
हरेक शनिवार बिहान ८:३० बजे
रेडियो नेपालमा